दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

औँ ३८ विशेषाङ्क

वर्ष ३८ | अंक ९६ | बुटवल | २०८२ चैत २२ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday April 05, 2026 | पृष्ठ ३६ | मूल्य रु. ६ मात्र | Lumbini

# सडक पूर्वाधारमा छलाङ

## सडक पूर्वाधार विकासले मुलुकमा विकासको ढोका खोल्छ। सडक पूर्वाधार विकासमा मुलुकले छलाङ मारेको छ।

*बुटवल*

सामाजिक सञ्जालमा सक्रिय लेखक दिल निशानी मगरले तीन साताअघि मुलुकमा भएको विकास निर्माणको तस्विर राख्दै लेखे-‘यो मेरो एक महिने अभियान हो। सबैले साथ दिनुपर्छ। देश सक्कियो, बर्बाद भयो, भन्ने भाष्य बदल्नु पर्छ। विकास त लुकाएर राखिएको रहेछ।’

पूर्वको ताप्लेजुङको फराकिलो सडकदेखि पश्चिम महाकाली नदीमा बनेको चार लेनको फराकिलो पुलको तस्विर राख्न भ्याएका उनले भनेका छन्-‘युरोप-अमेरिकाजस्तो सडक अनि सरकारी कार्यलयहरू देख्दा म त छक्कै परेँ।’

‘देशमा देखाइनुपर्ने कुरा लुकाइएको छ । न्यू मिडियामा नकारात्मकताको बाढी आएको छ । बाटो, स्कूल, अस्पताल, बिजुलीजस्ता पूर्वाधार सन्तोषजनक छन् ।’-उनले भने । मगरले भनेझैं मुलुकको पूर्वाधार विकासले छलाङ मारेको छ। दसकयता पूर्वाधार विकासमा भएको प्रगतिले मुलुकको विकासको आधार तयार भएको छ।

कुनै बेला पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्ग थियो। राजा महेन्द्रको पालामा बनेको महेन्द्र राजमार्ग नै मुलुक जोड्ने कडी थियो। अब महेन्द्र राजमार्ग झै अरू दुईवटा पूर्व पश्चिम जोड्ने राजमार्ग तयार भएका छन्। उत्तरदक्षिण जोड्ने एक दर्जन राजमार्ग तयार हुँदैछन् । मधेसमा राणाकालीन सडक हुलाकी राजमार्गको विस्तार दसकौं हुन सकेन्। २०७४ सालमा केपी ओली प्रधानमन्त्री भएपछि मात्रै हुलाकी राजमार्ग विस्तारको कामले गति लियो। अहिले गुणस्तरीय हुलाकी राजमार्गले गर्दा देहातका गाउँ फेरिएका छन् । हुलाकी राजमार्गलाई जोड्दै मदेसको गाउँ-गाउँमा सडक पुगेको छ।



**बदलिएको मधेस**

संविधान बन्नुअघि मधेसले सधैं राज्यले उपेक्षा गरेको ठान्यो। त्यही मुद्दा उठाएर मधेस केन्द्रित दल राजनीतिमा उदाए। उनीहरूले उठाएका मागमध्ये एउटा महत्वपूर्ण माग थियो, पूर्वाधार विकास। भैरहवाबाट नजिकै रहेको मर्चवार अहिले फराकिलो सडकले जोडिएको छ। २० किमिको दूरीमा रहेको मर्चवारको मझगाँवामा अहिले चार लेनको सडक पुगेको छ। भैरहवाबाट लुम्बिनी हुँदै तौलिहवा चार लेनको सडकले मधेसका पूराना शहरले मुहार फेर्दैछन् । तौलिहवाबाट पश्चिम बहादुरगञ्ज पुग्ने सडकको दुरावस्था भोगेका स्थानीय सधैं राज्यसँग आक्रोश पोख्थे । अहिले फराकिलो सडकले विकासको ढोका खोलेको छ। ‘सडक बनेपछि स्थानीय नागरिकको जीवन फेरिएको छ, अस्पताल, स्कुल र बजार जान सुविधा भएको छ, गाउँको उत्पादनले बजार पाएको छ।’-महाराजगञ्ज, कपिलवस्तुका दयानन्द पाण्डेले भने।

बर्दियाको सदरमुकाम गुलरिया जान नेपालगञ्जबाट साँगुरो सडकले समय धेरै लाग्थ्यो । गुलरियाबाट मुलुककै अन्न भण्डार मानिने राजापुर जान झनै विकट ठानिन्थ्यो । अहिले नेपालगञ्जबाट गुलरिया हुँदै राजापुर जाने फराकिलो सडक तयार भएको छ। राजापुरको कृषि उपजको बजारीकरण गर्न सजिलो भएको छ।

नयाँ राजमार्ग बन्ने मात्र नभई भएका राजमार्ग पनि फराकिला भएका छन् । महेन्द्र राजमार्ग चार लेन बनाउने काम तीब्र छ। नारायणगढ- बुटवल सडक विस्तार अन्तिम चरणमा पुगेको छ। बुटवल-गोरूसिंगे सडक विस्तारको काम तीव्र भएको छ।

**समृद्धिको मार्ग**

मध्यपहाडलाई जोड्ने पुष्पलाल मध्यपहाडी राजमार्गको निर्माण धमाधम भइरहेको छ । कुनै बेला काठमाडौं जान होस् वा पूर्व इलाम र पश्चिमको डडेलधुरा तथा अछाम पुग्न महेन्द्र राजमार्गमा रहेका शहरबजारमा नझरी हुँदैनथ्यो । अहिले मध्यपहाडका बासिन्दा पूर्व-पश्चिम यात्रा गर्न तराई झर्नुपर्दैन। कतिपय ठाउँमा पक्की भइसकेको छ भने कतिपय ठाउँमा पक्की हुँदैछ । बाग्लुङको बुर्तिवाङबाट पश्चिम लागेपछि अधिकांश ठाउँमा यो सडक पक्की भएको छ। रूकुम पूर्व र बाग्लुङको सीमा पातीहाल्ने-पञ्चासे १३ किमि निर्माण कम्पनीको लापरवाहीले कालोपत्रे हुन सकेको छैन् । जाजरकोट खण्डमध्येको २० किमि अहिले कालोपत्रे हुँदैछ। रूकुमकोट पश्चिमको २ किमि खण्ड बाहेक अरू पक्की सडकमा यात्रा गर्न सकिन्छ। बुर्तिवाङ पूर्वतिर पनि धमाधम काम भइरहेको छ।

नेपालको पूर्व पाँचथरको चिवाभञ्याङदेखि मध्यपहाडका २६ जिल्लालाई जोड्दै सुदूरपश्चिम बैतडीको झुलाघाट पुगेर यो मार्ग टुंगिन्छ । यो राजमार्गको कुल लम्बाई १ हजार ८ सय ७९ किमि छ। सरकारले आर्थिक वर्ष २०६४/६५ मा यो आयोजना निर्माण सुरु गरेको हो।

मध्यपहाडी मार्ग समृद्धिको मार्ग हो, खलंगा बहुमुखी क्याम्पसमा प्रध्यापनगर्ने हरिविष्णु ओली भन्छन् । यो राजमार्गको निर्माणले पहाडबाट भइरहेको बसाईसराइ रोक्न व्यवसायिक कृषिको ढोका खोलेको छ। अहिले रूकुमका गाउँको कृषि उत्पादन पोखरा, काठमाडौं र बुटवल बजारमा सहज पहुँच पुगेको छ । मध्यपहाडमा फलफूल खेतीको प्रचुर संभावना छ। सरकारले मध्यपहाडी राजमार्ग लक्षित १० शहर निर्माणको योजना कार्यान्वयन गर्दैछ।

त्यसैगरी मदन भण्डारी राजमार्गको निर्माणले पहाडको तल्लो क्षेत्रलाई जोडेको छ। मध्यपहाडी राजमार्ग र महेन्द्र राजमार्गलाई यो राजमार्गले जोड्न सफल भएको छ।

**भारत–चीन जोड्ने गतिशिल पुल बन्दै**

गैंडाकोट–कोरला ४ सय ४५ किमि लामोकालीगण्डकी करिडोरको निर्माण अन्तिम अवस्थामा पुगेको छ। कालीगण्डकी नदीको तिरैतिर उत्तर- दक्षिण जोड्ने यो सडक खासमा सुनौली- कोरला सडक हो । सुनौला- कोरला ३ सय ७७ किमि यो सडक उत्तर दक्षिण जोड्ने छोटो सडक हो। भारत-चीन जोड्ने छोटो सडक भएको र भरातको ठूलो जनसंख्या भएको उत्तरप्रदेशसँग जोडिने सुनौली नाका जोडिने भएकाले अन्तरदेशीय व्यापारको ढोका खुलेको छ।

कालीगण्डकी नदी र यो आसपास रहेका मुक्तिनाथसहित दर्जन धार्मिक र सांस्कृतिक स्थल हिन्दु धर्मावलम्बीका आस्थाका धरोहर हुन्। अहिले मुक्तिनाथ जाने श्रद्धालु भक्तजनको ओइरो लागेको छ। सुनौलीबाट विहानै हिंडेको पर्यटक साँझ जोमसोम बास बस्न पुग्छ। भोलीपल्ट बिहानै मुक्तिनाथ दर्शन गर्न सक्छ।

कालीगण्डकी करिडोर झैं उत्तर- दक्षिण जोड्ने फराकिला एक दर्जनतमोर करिडोर, कोशी राजमार्ग, महाकाली राजमार्ग, कर्णाली राजमार्गको निर्माणले धेरै सम्भावनाको ढोका खोलेको छ। विकट मानिने हिमाली क्षेत्रका बासिन्दाको दैनिकी सहज भएको छ नै, उनीहरूको जीविकोपार्जनमा सुधार भएको छ। पर्यटन प्रवर्द्धनको बाटो खुलेको छ। २०४७ सालमा देशमा जम्मा ९ हजार किमी सडक थियो।

» बाँकी ११ पेजमा






# पूर्वाधारमा बुटवलको फड्को



प्रदिप आचार्य

*बुटवल*

पहाड र तराईको संगमस्थलका रूपमा चिनिँदै आएको बुटवल पछिल्लो समय पूर्वाधार विकासमा उल्लेखनीय फड्को मारेको छ । सडक, खानेपानी, विद्युत्, शहरी सौन्दर्यीकरण, शिक्षा र सार्वजनिक भवन निर्माणका क्षेत्रमा भएका कामहरूले बुटवललाई प्रदेशकै अग्रणी शहरी केन्द्रका रूपमा स्थापित गर्ने आधार तयार गरिरहेका छन् । स्थानीय तह पुनर्संरचनापछि बुटवल उप-महानगरपालिकाले विकासलाई तीव्रता दिँदै पूर्वाधारलाई प्राथमिकतामा राखेको देखिन्छ ।

उप-महानगरपालिकाको तथ्याङ्क अनुसार, हालसम्म २ हजार २ सय ४२ भन्दा बढी योजना सम्पन्न भइसकेका छन्, जसले बुटवलको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्‍याएका छन् ।२०७४-२०८२ सम्म, बुटवलले स्थानीय शासन सुदृढीकरण, सेवा प्रवाह सुधार र क्षेत्रगत विकासलाई लक्षित गर्दै १ सयभन्दा बढी ऐन, नियमावली, कार्यविधि र निर्देशिका निर्माण तथा संशोधन गरेको छ। बुटवलले योजनाहरू पारदर्शितापूर्वक, दीर्घकालीन सोचसहित र छिटो कार्यान्वयन गर्ने विशेषता प्रदर्शन गरेको छ । सडक पक्की, नाली, पुल, मन्दिर, सामुदायिक भवन, खानेपानी पाइपलाइन, तारबार र गमला निर्माण जस्ता पूर्वाधार परियोजना पूर्ण वा कार्यान्वयन चरणमा छन् । सुकुम्बासी समस्या, फोहोर व्यवस्थापन, खानेपानी र छाडा चौपायाको समस्यामा प्राथमिकता दिँदै समाधानतर्फ अग्रसर रहेको छ । बुटवलको पर्यटनलाई आर्थिक केन्द्र बनाउन, सुशासनले यस क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याएको छ । स्थानीय प्रशासनले विकास, औद्योगिक विस्तार, पूर्वाधार सुधार, सामाजिक सुरक्षा र कानुनी संरचनालाई सुदृढ बनाउँदै बुटवललाई देशकै आदर्श सहरका रूपमा अघि बढाइरहेको छ ।

**सहज आवागमनको ध्येय**

बुटवलको विकासको मेरूदण्डका रूपमा सडक पूर्वाधारलाई लिइएको छ । पछिल्लो अवधिमा करिब ७० किलोमिटर सडक पक्की गरिएको छ भने ४० किलोमिटर सडक ग्राभेल तथा नाली निर्माण सम्पन्न भएको छ । त्यसैगरी, ३० किलोमिटर नाली निर्माण, २७ किलोमिटर सडक मर्मत तथा ३ किलोमिटर क्षेत्रमा इन्टरलक टायल बिछ्याउने कामले शहरी र भित्री सडक सञ्जाललाई थप व्यवस्थित बनाएको छ । पहिले धुलाम्मे र हिलाम्मे हुने सडक अहिले कालोपत्रे र सफा बनेका छन् । यसले दैनिक जीवन मात्र सहज बनाएको छैन, व्यापार व्यवसायलाई समेत गतिशील बनाएको बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले बताउँछन् ।

**उज्यालो बुटवल**

'उज्यालो बुटवल' अभियानले शहरको स्वरूप नै परिवर्तन गरेको छ । ६८ स्थानमा हाइमास्ट लाइट जडान गरिनुका साथै ४ किलोमिटर क्षेत्रमा विद्युत् लाइन विस्तार र सौन्दर्यीकरण गरिएको नगरप्रमुख पाण्डेयको भनाइ छ । पहिले अँध्यारो रहने मुख्य चोक र सडक अहिले उज्यालो बनेका छन् । यसले सुरक्षा बढाउनुका साथै रात्रिकालीन बजार, हिँड्डुल र सामाजिक गतिविधिलाई पनि प्रोत्साहन दिएको छ । बुटवल अब केवल दिनमा मात्र होइन, रातमा पनि चलायमान शहरका रूपमा विकास हुँदैछ ।



**यी क्षेत्रमा पनि भइरहेको छ प्रगती**

पूर्वाधार विकास केवल सडकमा सीमित छैन । १८ किलोमिटर खानेपानी पाइपलाइन विस्तारले बुटवलबासीको दैनिकीमा प्रत्यक्ष प्रभाव पारेको छ । यसका साथै ८ किलोमिटर तटबन्ध तथा रिटेनिङ वाल निर्माणले बाढी नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको छ । विशेष गरी नदी किनार क्षेत्रका बस्तीहरूमा जोखिम न्यूनीकरण भएको स्थानीयले अनुभव गर्न थालेको बुटवल उप-महानगरपालिका उपप्रमुख सावित्रादेवी अर्यालले दाबी गरिन् । उनका अनुसार शिक्षा क्षेत्रको पूर्वाधार विकासलाई पनि समान प्राथमिकता दिइएको छ । नयाँगाउँ मावि, बुटवल मावि, मोतीपुर माविलगायतका विद्यालयमा आधुनिक भवन निर्माण सम्पन्न भएका छन् । त्यसैगरी वडा कार्यालय भवन, स्वास्थ्य चौकी, मदरसा, गुरुकुल तथा अन्य सार्वजनिक संरचनाको निर्माणले सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाएको छ । यी संरचनाहरूले केवल सुविधा मात्र होइन, दीर्घकालीन विकासको आधार तयार गरिरहेका छन् ।

**धार्मिक तथा सांस्कृतिक सम्पदामा लगानी**

बुटवलको पहिचानसँग जोडिएका धार्मिक तथा सांस्कृतिक संरचनाको संरक्षण र विकासमा पनि काम भएको छ । बाघभैरव मन्दिर, मुक्तिनाथ धाम, दुर्गा मन्दिरलगायतका संरचनाको निर्माण तथा पुनःनिर्माणले धार्मिक पर्यटनलाई टेवा पुर्‍याएको छ । यसले स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । बुटवलमा विकास कार्य केवल कागजमा सीमित छैन । ठेक्का प्रक्रियाबाट १४३ योजना, सेवा परामर्शमार्फत ३४ योजना, कोटेशनमार्फत् ६६ योजना र उपभोक्ता समितिमार्फत् १९९९ योजना सम्पन्न भएका छन् । विशेष गरी उपभोक्ता समितिमार्फत् गरिएको कामले स्थानीय सहभागिता बढाएको छ, जसले विकासलाई दिगो र प्रभावकारी बनाएको देखिन्छ ।

**बजेट र कार्यान्वयनः पूर्वाधारमा प्राथमिकता**

चालु आर्थिक वर्ष २०८२/०८३ को माघसम्म बुटवल उपमहानगरपालिकाको कुल आय १ अर्ब ३९ करोड ३५ लाख रुपैयाँ पुगेको छ भने ८७ करोड ४२ लाख रुपैयाँ खर्च भइसकेको छ । यस खर्चको ठूलो हिस्सा पूर्वाधार विकासमा केन्द्रित रहेको छ । यसले उप-महानगरपालिकाले विकासलाई प्राथमिकतामा राखेको स्पष्ट संकेत गर्दछ ।

हाल बुटवलको तिनाउ नदी किनारमा ६.६२ करोड लगानमा तिनाउ आरती केन्द्र निर्माणाधिन रहेको छ । नुवाकोट पदमार्ग (५ करोड), नयाँगाउँ मावि भवन (१.१० करोड) र योगहल निर्माण (१ करोड) लगायतका महत्वपूर्ण परियोजना निर्माणाधीन अवस्थामा छन् । यी परियोजनाहरू सम्पन्न भएपछि बुटवलको पर्यटन, शिक्षा र शहरी जीवनस्तरमा थप सुधार आउने अपेक्षा गरिएको छ ।

बुटवलको पूर्वाधार विकास केवल वर्तमानका लागि मात्र होइन, भविष्यका लागि पनि लक्षित देखिन्छ । उज्यालो सडक, व्यवस्थित संरचना, सुरक्षित बस्ती र आधुनिक सेवासहित बुटवललाई नमुना शहर बनाउने लक्ष्य अघि सारिएको छ । स्थानीय सरकारका अनुसार आगामी दिनमा अझै ठूला योजना ल्याई बुटवललाई आर्थिक, शैक्षिक र पर्यटकीय केन्द्रका रूपमा विकास गरिनेछ । पूर्वाधारमा भएको यो तीव्र प्रगतिले बुटवल अब केवल सम्भावनाको शहर मात्र नभई वास्तविक विकासको यात्रामा अघि बढेको शहर बनेको स्पष्ट संकेत दिएको छ ।

**यस्तो छ बुटवलमा पुर्वाधार विकासको फेहरिस्त**

माथि उल्लेखित क्षेत्रहरूका साथै अन्य विभिन्न क्षेत्रमा पनि पूर्वाधार विकासको कामहरू भइरहेको छ । बुटवल-१५ मा बन्दै गरेको आश्रममा योगाहल निर्माणका लागि १ करोड बजेटमा लागत अनुमान निर्माण चरणमा, सिरान गाउँ (टप-मजुवादेखि बुद्धनगर जाने सडक) निर्माण, बुटवल-११का लागि २ करोड बजेट परी सूचनामा प्रकाशित गरी ठेक्का प्रक्रियामा रहेको छ । बुटवल - ९ मा ६० लाखको लगानीमा बहुआयामिक वडा भवन निर्माणको ठेक्का प्रक्रियामा रहेको, बुटवल- ११ प्रगतिनगरमा रहेको प्रगति मावि कम्पाउण्ड बालसहित खेलमैदान संरक्षणका लागि २५ लाख बजेट परी सूचना प्रकाशन गर्ने चरणमा ठेक्का प्रक्रियामा, बुटवल-१९ को स्वास्थ्य केन्द्र भवन निर्माणका लागि ३० लाख लगानी रहेको र ठेक्का प्रक्रियामा रहेको बुटवल उप-महानगरपालिकाका पूर्वाधार विकास शाखा प्रमुख मोहनराज पौडेलले जानकारी दिए ।

त्यस्तैगरी बुटवल - १२ स्थित नयाँगाउँ मावि भवन निर्माणका लागि १ करोड १० लाख लागतमा सम्झौता भई कार्यान्वयनमा प्रक्रियामा, वडा नं. १९ स्थित वडा कार्यालयका भवन निर्माण कार्यका लागि ४ करोड ७१ लाख ८८ हजार लागतमा सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ । माइक्रोबस पार्किङ् स्थलमा नाली, ढकनीसहित पि.सि.सि. निर्माण कार्यका लागि २३ लाख लगानीमा सम्झौता भई कार्यान्वयन चरणमा, बुटवल-७ मा प्रशोधन केन्द्र टृष्ट निर्माणका लागि २५ लाख, बुटवल- ३ स्थित बुटवल बहुमुखी क्याम्पसको पर्खाल भत्काएर ज्योतिनगर जाने बाटो निर्माण कार्यका लागि २५ लाख लगानीमा सम्झौता भई कार्यान्वयन प्रक्रियामा रहेको, बुटवल उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयका विभिन्न महाशाखाको प्लाईबाट पार्टेशनमा २ लाख ८३ हजार ८ सय ७२ लागत रकममा कार्य सम्पन्न भैसकेको बुटवल उप-महानगरपालिकाका योजना शाखा प्रमुख ठगिश्वर पोखरेले जानकारी दिए ।

त्यस्तैगरी बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाका विभिन्न महाशाखा, शाखा एवं प्यासेजमा रहेका झ्याल एवं आल्मुनियम पार्टेसनहरू मर्मत कार्यमा ९ लाख ७६ हजार ४ सय ८९ रुपैयाँ ७२ पैसा, बुटवल-७ को वडा कार्यालयको भवन मर्मत कार्यमा ४ लाख ३२ हजार ९ सय ४७ रुपैयाँ ८७ पैसा, बस टर्मिनल भवन मर्मतमा ९ लाख ९७ हजार ८ सय ४३ रुपैयाँ १४ पैसा र बुटवलको वडा नं. ९ स्थित बुटवल बस टर्मिनल भवन रंगरोगन कार्यमा ९ लाख ८१ हजार ४ सय ४४ रुपैयाँ ३४ पैसा लगानी भएको र कार्य सम्पन्न भैसकेको छ । त्यस्तैगरी अन्य नगरस्तरीय योजनाहरूलागत स्टिमेट तैयारी र ठेक्का प्रक्रियामा रहेको, अन्य वडास्तरीय उपभोक्ताबाट सञ्चबलन हुने योजनाहरूको सम्झौता भई कार्यान्वयन चरणमा रहेको साथै १८औं नगरसभाबाट थप भएका योजना तथा कार्यक्रमहरूको लागत स्टिमेट तैयारीर कार्यान्वयन प्रक्रियामा रहेको आगामी आ.व. २०८३/८४ का लागि संघीय समपुरक र विशेष अनुदानका योजनाहर छनौट गरी योजना आयोगमा पेश गरिएको छ । साथै मुख्य प्रशासकीय भवनलगायत संरचनाको क्षती मूल्याङ्कन भैरहेको छ ।

त्यस्तैगरी पूर्वाधार विकास महाशाखाबाट विभिन्न मुख्य कार्यहरू सम्पादित भएका छन् । विद्यालय भवन निर्माणअन्तर्गत बुटवल- १२ नयाँगाउँ मा.वि., बुटवल- देवीनगरमा रहेको नवीन औद्योगिक कदरबहादुर रिता मावि, बुटवल- १० मा रहेको कालिका मानवज्ञान मावि, बुटवल-१९ स्थित श्री अमर मावि, बुटवल- १ स्थित बुटवल मिावि, बुटवल- १७ स्थित मोतीपुर मावि, बुटवल-१८ स्थित भवानी मावि, बुटवल- ७ स्थित सिद्धेश्वरी लालकुमारी मावि, बुटवल- ६ स्थित तिलोत्तमा मावि, बुटवल- ७ स्थित सन्तोषीमाता गुरुकुल विद्याङ्म भवन, बुटवल - १३ स्थित मदिना मदरसा भवन निर्माण, बुटवल - २ स्थित उजिरसिंह मावि, बुटवल - १३ स्थित जितेश्वरी मावि, बुटवल - ५ स्थित ज्ञानोदय मावि भवन निर्माण, बुटवल-११ नहरपुर मावि, बुटवल-१ सरस्वती आधारभूत विद्यालय भवन निर्माणहरू रहेका छन् । त्यस्तैगरी बुटवलका विभिन्न वडामा मन्दिर निर्माण, सडक पिच, स्वास्थ्य चौकी र वडा कार्यालयहरू समेत पूर्वाधार विकास महाशाखाबाट मुख्य कार्यहरू सम्पन्न भएका छन् ।

त्यस्तैगरी आ.व. २०७९ देखि ०८१/०८२ सम्म सञ्चालित योजनाहरूको एकीकृत उभौतिक तथा वित्तीय प्रगति पनि सकारात्मक रहेको छ । बुटवका विभिन्न स्थानमा सडक पिच तथा नाली निर्माण, सडक ग्राभ्रेल तथा नाली निर्माण, सडक इन्टरलक टायर बिछ्याउने कार्य, सडक पिच मर्मत, पुल कल्भर्ट, तटबन्ध, रिटेनिङ्ग वाल,रेलिङ्ग निर्माण, मठ मन्दिर निर्माण, सेड, ट्रस निर्माण तथा मर्मत, सामुदायिक भवन निर्माण तथा मर्मत, भवन पार्क र मन्दिरमा कम्पाउण्ड वाल निर्माण, शालिक, पार्क निर्माण, खानेपानी पाइप लाइन विस्तार, खानेपानी बोरिङ्ग जडान, जग्गा संरक्षका लागि तारबार र गमला निर्माणलगायतका विभिन्न पूर्वाधार निर्माणका कार्यहरू भएका छन् । बाआमासँग नगरप्रमुख कार्यक्रमअन्तर्गत ६० वर्षमाथिका जेष्ठ नागरिकको घरमै पुगेर स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरेको छ । अपांगता परिचयपत्र वितरण, सुत्केरी र गर्भवती महिलाको घरमै स्वास्थ्य सेवा, पशुसेवा, पोषण सेवा-सबै नागरिकका ढोकासम्म पुर्‍याउँदै आएको छ । स्थानीय सरकार जनतासम्म पुग्छ भन्ने कुरा बुटवलले व्यवहारमै प्रमाणित गरेको छ ।

लुम्बिनी राष्ट्रिय दैनिकको ३८ औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोगपश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अगिन नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत

टेकराज न्यौपाने
अध्यक्ष

पाणिनि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

लुम्बिनी राष्ट्रिय दैनिकको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र पौड्याल
अध्यक्ष

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# बुटवल 'माइस टुरिजम' हब बन्ने पूर्वाधार

## अन्तर्राष्ट्रिय सभा हल र प्रदर्शनी केन्द्र जस्ता ठूला पूर्वाधार बनेकाले बुटवलमा पर्यटन प्रवर्द्धनको बलियो सम्भावना छ ।








टिआर शर्मा

*बुटवल*





बुटवलमा एक अर्ब ११ करोड रुपैयाँ लागतमा बनेको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र करिब एक अर्ब लागतको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र (मेला महोत्सव स्थल) बुटवलको पर्यटनलाई गुल्जार बनाउने रूपान्तरणकारी पूर्वाधार हुन् । यी दुई पूर्वाधारले सिंगो बुटवललाई माइस टुरिजमको केन्द्रका रूपमा विकास गर्ने ठूलो सम्भावना बोकेका छन् ।

बुटवलस्थित यो सम्मेलन केन्द्र काठमाडौं बाहिरको पहिलो अन्तर्राष्ट्रिय स्तरको हो । बुटवल उप-महानगरपालिका-१० स्थित बुटवल मण्डपको साढे ६ बिघा क्षेत्रफलमा एक हजार जना क्षमताको मुख्य हल र अन्य १२ वटा हल छन् । सबै हलमा गरेर एक पटकमा २७ सय जना बस्न मिल्ने क्षमताको संरचनाहरू सभा हलमा रहेका आयोजनाका सुचना अधिकारी शोभाखर ज्ञवालीले बताए । आकाशबाट हेर्दा नेपालको झण्डा आकारमा तयार पारिएको सम्मेलन केन्द्रको मुख्य हल (अडिटोरियम हल) मा बाल्कोनी र भुइँतलामा गरी ८ सय ७२ वटा कुर्सी जडान गरिएको छ ।

यस्तै सम्मेलन केन्द्रमा ५० र ४२ सिट क्षमताका दुई वटा लेक्चर हल तथा ८० र ३०० जना क्षमताका सेमिनार हल छन् । यस्तै ७२ जनादेखि १२६ जना क्षमताका ६ वटा मिटिङ हल, तथा ३५० र ५८६ जना क्षमताका थप २ वटा हल छन् । सबै हलमा एक पटकमा २९ सय जना अटाउन सक्ने हल छन् । अपाङ्गमैत्री सम्मेलन केन्द्रमा चार सयवटा चारपांग्रे र ४०० मोटरसाइकल राख्न मिल्ने गरी पार्किङ् स्थल र हेलिप्याड समेत बनाइएको छ । सम्मेलन केन्द्रमा बाल उद्यान, क्यान्टिन, सर्भिस भवन, कर्मचारी आवास, वाटर फाउन्टेन, पानी पोखरी र प्रवेश हुने र बाहिरिने गरी ५ वटा वटा अलग अलग गेट बनेका छन् । जसमध्ये एउटा भीआइपी गेट छ । प्रत्येक गेटमा सुरक्षागार्ड घर र टिकट काउण्टर समेत बनाइएको छ ।

उता सम्मेलन केन्द्रसँगैको ६ बिघा जग्गामा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रसमेत निर्माणको अन्तिम चरणमा छ । यो नेपालमा सरकारीस्तरको सबभन्दा ठूलो प्रदर्शनी केन्द्र हो । प्रदर्शनी केन्द्रमा १२ हजार वर्ग मिटरको एउटा ठूलो हल छ । दुई वटा बैठक कक्ष, प्रशासनिक भवन र क्यान्टिन पनि बनाइएको छ । बैठक हल एउटा साढे तीन सय वर्गमिटरको र अर्को साढे दुई सय वर्ग मिटरको छ । हलमा एक पटकमा १० हजार जनाले प्रदर्शनी अवलोकन गर्न सक्नेछन् । एक पटकमा दुई हजार जनाले खाजा खाना सक्ने गरी फुड कोर्ट बनेको छ ।

एक लाख १० हजार वर्गफिट क्षेत्रफलमा बाल उद्यान बन्दैछ । चारसय वटा चारपांग्रे गाडी र त्यति नै मोटरसाइकल अटाउने पार्किङ् स्थल पनि छ ।

भौतिक प्रगति ९६ प्रतिशत र वित्तीय प्रगति ८० प्रतिशत भएको यो प्रदर्शनी केन्द्रमा ५ सय स्टल राख्न सकिने र एक दिनमा आलोपालो गरेर एक लाखजनाले अवलोकन गर्न सक्नेछन् । यी दुबै आयोजनाको परिकल्पना, स्रोत सुनिश्चित र योजना कार्यान्वयनमा पूर्व अर्थमन्त्री एवं एमाले उपाध्यक्ष विष्णु पौडेलको मुख्य अग्रसरता र योगदान रहेको छ ।

अन्तर्राष्ट्रिय सभा हल र सम्मेलन केन्द्र दुवैलाई मिल्ने गरी पार्किङ् स्थल र प्रवेशद्वार बनेका छन् । सम्मेलन केन्द्र र प्रदर्शनी केन्द्र बनेसँगै सानादेखि ठूला सम्मेलन र सेमिनारहरू तथा व्यापार मेला महोत्सव र औद्योगिक प्रदर्शनीहरू निरन्तर सकिने अवसर सिर्जना भएको छ । राजमार्गसँगै जोडिएको र बुटवल जस्तो ठूलो जनघनत्व भएको शहरमा बनेका यी दुई पूर्वाधारले बुटवललाई माइस टुरिजमको केन्द्र बनाउन सक्ने प्रचूर सम्भावना रहेको छ ।

लुम्बिनी बुटवल माइस टुरिजम हब बन्न अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र प्रदर्शनी स्थल मुख्य पूर्वाधार हुन् भने गौतमबुद्ध विमान स्थल, बुटवलका लुम्बिनी केबलकार र सिद्धार्थ केबलकार, मणिमुकुन्द सेन उद्यान (फूलबारी), वन बाटिका, जितगढी किल्ला, हिलपार्क, सिद्धबाबा मन्दिर सहायक पूर्वाधार हुन् ।

**के हो माइस टुरिजम ?**

माइस टुरिजम भन्नाले विभिन्न संस्था, कम्पनी वा सरकारद्वारा आयोजना गरिनेबैठक (मिटिङ), विभिन्न उद्देश्यले गरिने भ्रमण (इन्सेन्टिभ्स )सम्मेलन (कन्फेरेन्स) तथा प्रदर्शनी (एक्जिबिसन) को संक्षिप्त रूप हो । मिटिङको एम, इन्सेन्टिभ्सको आइ, कन्फेरेन्सको सी र एक्जिबिसनको ई अक्षरहरू एमआइसीइलाई जोडेर माइस शब्द बनाइएको हो । बैठक, भ्रमण, सम्मेलन तथा प्रदर्शनी जस्ता कार्यक्रमहरू नियमित हुने वातावरण बनाउने हो भने यी कार्यक्रममा सहभागी हुन देश विदेशबाट आउने व्यक्ति/ पर्यटकहरूको विशाल जमघटले बुटवललाई माइस टुरिजमको हब बनाउने प्रचूर सम्भावना रहेको नेप्लीज होटेलियर्स एशोसिएसन लुम्बिनीका उपाध्यक्ष दिलिप गौचन बताउँछन् ।

'अन्तर्राष्ट्रिय सभा हल र सम्मेलन केन्द्र जस्ता ठूला पूर्वाधार बनेकाले बुटवल माइस टुरिजमको हब बन्ने निकै राम्रो सम्भावना र अवसर छ, तर सरकारले यी दुबै संचरना नियमित चल्ने गरी सहज कार्यविधि बनाउनुपर्छ,' उपाध्यक्ष गौचनले भने-'सकभर यी संरचना प्रतिस्पर्धाको माध्यमबाट निजी क्षेत्रलाई दिएको खण्डमा दीगो सञ्चालन हुने र बुटवल पर्यटकीय हिसाबले गुल्जार हुने आशा पर्यटन व्यवसायीले गरेका छन् ।' अन्तर्राष्ट्रियस्तरका सम्मेलन, गोष्ठी, व्यापार मेला र प्रदर्शनी आयोजना गर्न सकिने भएकाले बुटवल बैठक, सम्मेलन र प्रदर्शनीको प्रमुख गन्तव्य बन्न सक्ने होटेल तथा रेष्टुरेण्ट व्यवसायी संघका अध्यक्ष माधवकुमार खनाल बताउँछन् ।

'सरकारी निकायले सभा हल र प्रदर्शनी स्थल नियमित चल्ने वातावरण बनाउने हो भने यहाँ ठूला कार्यक्रम हुन थालेपछि पर्यटक र आगन्तुकको संख्या बढ्छ, माइस टुरिस्टहरू सामान्य पर्यटकभन्दा बढी खर्च गर्ने हुन्छन्, होटल, रेस्टुरेन्ट, यातायात, मनोरञ्जन लगायत क्षेत्रमा आम्दानी बढ्छ'-अध्यक्ष खनालले भने-'पर्यटक बढेपछि नयाँ होटल, रिसोर्ट, क्याटरिङ, इभेन्ट म्यानेजमेन्ट, ट्राभल एजेन्सी जस्ता व्यवसाय थप विस्तार हुन्छन् । यसले निजी लगानी आकर्षित गर्छ ।' माइस टुरिजमको विकासले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा होटल, यातायात, टुर गाइड, प्राविधिक सेवा, सुरक्षालगायत क्षेत्रमा सयौँ-हजारौँ रोजगारी सिर्जना हुने खनालले बताए ।

बुटवललाई आधार बनाएर पर्यटकहरू लुम्बिनी, पोखरा, पाल्पा, गुल्मी जस्ता गन्तव्यमा पनि जाने भएकाले समग्र क्षेत्रको पर्यटन चलायमान हुने, प्रदर्शनी केन्द्रमा औद्योगिक मेला, व्यापार एक्स्पो आयोजना हुँदा आन्तरिक तथा अन्तर्राष्ट्रिय लगानीकर्ता आकर्षित हुने र यसले बुटवललाई व्यापारिक हबका रूपमा स्थापित गर्न मद्दत गर्ने नेपाल उद्योग व्यापार महासंघका महासचिव खिमनारायण पराजुलीले बताए ।

माइस टुरिजमले अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना हुन थालेपछि बुटवल शहरको ब्रान्डिङ र अन्तर्राष्ट्रिय पहिचान वृद्धि हुने र त्यसले दीर्घकालीन रूपमा पर्यटन र लगानी दुवै बढाउने बुटवल उप-महानगरकी उप-प्रमुख सावित्रादेवी अर्यालको ठम्याइ छ । 'मेला, सम्मेलन र भ्रमण कार्यक्रमहरू वर्षभरि भइरहने अवस्था आउँदा स्थानीय अर्थतन्त्रलाई थप बलियो बनाउँछ,' अर्यालले भनिन्-'ठूला कार्यक्रमले सडक, यातायात, सरसफाइ, सुरक्षा, डिजिटल सेवा जस्ता पूर्वाधार सुधार गर्न उप-महानगरलाई पनि दबाब सिर्जना गर्छ, जसले बुटवल शहरको समग्र विकासलाई गति दिन्छ ।'

निचोडमा यी दुई ठूला पूर्वाधार प्रभावकारी रूपमा सञ्चालन र प्रवर्द्धन गर्न सकिएमा बुटवल केवल ट्रान्जिट सहर नभई माइस टुरिजमको प्रमुख गन्तव्य बन्न सक्छ, जसले समग्र लुम्बिनी प्रदेशकै पर्यटन र अर्थतन्त्रलाई नयाँ उचाइमा पुऱ्याउने सम्भावना छ । सभा हल र प्रदर्शनी केन्द्र सञ्चालन गर्न विशेष संरचना सञ्चालन समिति बनेको छ । सभा हलको निर्माण सम्पन्न धेरै अघि सम्पन्न भई उद्घाटन समेत भएकाले विशेष संरचना सञ्चालन समितिलाई हस्तान्तरण गर्न दुई पटक पत्रचार गरिएको भए पनि हुन नसकेको सूचना अधिकारी शोभाखर ज्ञवालीले बताए ।

प्रदर्शनी केन्द्रको भने फ्लोरिङ र इलेक्ट्रिकल तथा इलेक्ट्रोनिकल (हिटिङ कुलिङ )लगायत कामहरू बाँकी रहेका र ठेक्का सम्झौता अवधि सकिएकाले अझै केही महिना काम पूरा हुन समय लाग्ने ज्ञवालीले बताए । पर्याप्त बजेट विनियोजन नहुँदा पटक-पटक म्याद थप्दा पनि काम पूरा नभएको उनले बताए । सभाहल सञ्चालनसम्बन्धी सरकारले बनाएको मापदण्डअनुसार ५०० सिट क्षमतासम्मको सभाहललाई गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने उल्लेख छ ।

त्यस्तै, उपमहानगरपालिकालाई ७०० सिट क्षमतासम्मको र महानगरपालिकालाई १ हजार सिट क्षमताको सभाहल सञ्चालन गर्न दिन सक्ने उल्लेख छ । त्योभन्दा माथिको विकास समितिमार्फत् सञ्चालन गर्न सकिने मापदण्ड छ । अर्थमन्त्रालयबाट कार्यविधि स्वीकृत भएपछि त्यसलाई मन्त्रिपरिषद्ले पारित गर्नुपर्छ । त्यसपछि विकास समिति ऐनअन्तर्गत सम्मेलन केन्द्र सञ्चालन समितिले सम्मेलन केन्द्रका हलहरू भाडामा दिन सक्ने कानुनी व्यवस्था छ ।

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र रेखदेख र सरसफाइमा मासिक १२ लाख रुपैयाँ खर्च भइरहेको छ । तीनवटा ब्लकमा निर्मित सम्मेलन केन्द्र आकाशबाट हेर्दा एकआपसमा जोडिएर राष्ट्रिय झण्डाको आकार देखिन्छ । यसमा पाँच वटा सभाहल छन् । पाँच वर्षमा पूरा गर्ने सर्तमा २०७१ साल पुसमा निर्माणकार्य सुरु भएकोमा रूख कटानमा भएको ढिलाइ र कोरोना महामारीका कारण नौ वर्षमा मात्र काम सकिएको थियो । प्रदर्शनी केन्द्र भने २०७६ साल जेठ १३ गते शिलान्यास हुँदा २७ महिनामा पूरा गर्ने भनिएको थियो । २०७८ भदौसम्ममा पूरा भएको हुनुपर्ने थियो, तर चौथोपटक थपिएको म्यादमा पनि पूरा भएको छैन ।

'क्यापासिट इन्फ्रा प्रोजेक्ट्स- गौरी पार्वती जेभी कम्पनी' ले ग्लोबल टेन्डरमार्फत् प्रदर्शनी केन्द्र निर्माणको ठेक्का पाएको थियो ।

हार्दिक अनुरोध

- लुम्बिनी प्रदेश अन्तर्गतका पर्यटकीय स्थलहरुको भ्रमण गरी आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गरी आर्थिक, सामाजिक रुपान्तरण गर्दै समृद्ध राष्ट्र निर्माण गरौं ।
- पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रवर्द्धन संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्ने कार्य समेत सम्बन्धमा आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।
- संघीय सरकार स्थानीय सरकार, सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासंग मिलेर प्रदेशको पहिचान र प्रतिष्ठान सुदृढ हुने गरी नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास गर्ने ।
- पर्यटकहरुलाई सेवा प्रदान गर्ने कार्यमा संलग्न व्यक्ति, संस्था निकायहरुको क्रियाकलापमा समन्वय कायम गर्ने ।
- विद्यमान पर्यटकीय स्थलको स्तरोन्नती तथा नयाँ पर्यटकीय स्थलहरुको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने गराउने ।

पर्यटन डिभिजन कार्यालय
भैरहवा, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

३७ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

अक्सफोर्ड माध्यमिक विद्यालय परिवार
बुटवल-८ रूपन्देही

हार्दिक बधाई तथा शुभकामना

३७ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

लोकनाथ पन्थी
अध्यक्ष (एवम्)
उद्योग व्यापार संघ परिवार
बुटवल-८ रूपन्देही

# बुटवल-गोरूसिङ्गे सडक विस्तार : नदीजन्य पदार्थ अभाव चुनौती

- बुटवल-गोरूसिङ्गे सडक विस्तारले बुटवललाई प्रदेश मुकाम भालुबाङ र कपिलवस्तुको कृष्णनगर नाकासँगको सम्पर्क सहज हुनेछ ।
- पश्चिममा चन्द्रौटासम्म र पूर्वतर्फ बर्दघाटसम्म सडक विस्तारले वृहत् बुटवल विकासको अवधारणा अघि बढाउन बल पुगेको छ ।



भोजेन्द्र नेपाली
*बुटवल*





बुटवल-गोरूसिङ्गे सडकखण्ड विस्तारको काम तीव्ररूपमा भइरहेको छ ।

चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार रुपैयाँमा काम पूरा गर्ने गरी गत असार ११ गते ठेक्का पाएका थिए ।

ठेक्का सम्झौता भएको मितिले तीन वर्षभित्र अर्थात् २०८४ कार्तिक ३ गते सडक निर्माण सक्ने सम्झौता छ । २०८१ कार्तिक १२ देखि निर्माण व्यवसायीले काम सुरु गरेको हो ।

आयोजनाकाअनुसार सडक विस्तार भएपछि शहरी क्षेत्रमा ५० मिटर, शहरोन्मुख क्षेत्रमा ३७ दशमलब ४ मिटर र जंगल क्षेत्रमा २४ मिटर चौडा कायम हुनेछ । सडकलाई बुटवल-सालझण्डी खण्डको २५ किलोमिटरलाई लट १ र कपिलवस्तुदेखि गोरूसिंगेतर्फको २५ किलोमिटरलाई लट २ मा विभाजन गरी काम भइरहेको छ । लट १ का लागि ७ अर्ब ८९ करोड ४३ लाख र लट १ का लागि ५ अर्ब ६६ करोड २२ लाखमा ठेक्का लागेको हो ।

जसअनुसार फागुन अन्तिम सातासम्म लट १ तर्फ भौतिक प्रगति २१ दशमलव ३३ प्रतिशत र वित्तीय प्रगति करिब १९ प्रतिशत भएको आयोजनाका सूचना अधिकारी अशोक पौडेलले जानकारी दिए । यस्तै लट २ तर्फ भौतिक प्रगति २३ प्रतिशत र वित्तीय प्रगति १७ दशमलव ६५ प्रतिशत भएको उनले बताए ।

सडक विस्तारकै लागि सडक किनारमा रहेका करिव सात हजार बढी रूख काटिएको थियो । अन्य आयोजनामा रूख कटानका लागि धेरै लामो समय लाग्ने गरे पनि आयोजना प्रमुख इञ्जिनियर कुशलता न्यौपानेको सक्रियतामा यो आयोजनामा रूख कटानको प्रकृया निकै छिटो पूरा गरी कटान भएको थियो । जसले गर्दा निर्माणको काम छिटो अघि बढेको हो ।

सडक क्षेत्रभित्र बनेका संरचनालाई घर धनीले आफैं भत्काएर क्षतिपूर्ति समेत लिइसकेका छन् । ५० किलोमिटर लामो दुरीको यो सडक तत्कालीन राजा महेन्द्रको पालामा २०१९ सालमा बनेको हो ।

**कुन खण्डमा कति काम ?**

लट १ तर्फ ११ किलोमिटरसम्म माटो फिलिङको काम भइरहेको छ भने २ किलोमिटरमा ग्राभेल भइरहेको छ । ६ वटा आकाशे पुलमध्ये २ वटा निर्माणको काम भइरहेको छ । यो खण्डमा ५ वटा बन्नेमध्ये जितगढी झोलुङ्गेपुल चोक, नयाँगाउँ चोक र तामनगरमा गरी तीन स्थानमा फ्लाइ ओभरको काम भइरहेको छ । यो खण्डमा सैनामैनाको बुद्धनगर र मुर्गियामा पनि फ्लाइ ओभर बन्ने छ । यो खण्डमा साना ठूला गरी २० वटा पुल र ६७ वटा कल्भर्ट बन्ने छन् । जसमध्ये १८ वटा पुल र ३७ वटा कल्भर्टको निर्माण कार्य भइरहेको छ ।

यो खण्डमा वन्यजन्तु आवतजावतका लागि सालझण्डी र कोठी नदीमा एनिमल क्रसिङ निर्माण भइरहेको छ । चालु आर्थिक वर्षमा नदीजन्य सामग्रीको समयमै सहज उपलब्धता भएमा यो खण्डमा बजार क्षेत्रबाहेकको ठाउँमा साढे ९ किलोमिटर दुरीमा २४ मिटर चौडा सडक कालोपत्रे गर्ने लक्ष्य रहेको छ । यस्तै यो खण्डमा सडक छेउमा लगाइने सिमेन्ट पर्खालको काम ८० प्रतिशत सम्पन्न भएको छ । नाली पनि तयार भएको र प्रिकास्ट ब्रेल राख्ने काम भइरहेको छ ।

लट २ तर्फ १४ किलोमिटरमा माटो फिलिङ र ६ किलोमिटरमा ग्राभेल भइरहेको छ । १० वटा पुल बनाउनुपर्नेमा ९ वटा पुल निर्माण जारी रहेको छ । यस्तै चार नम्बर जितपुरमा फ्लाइओभर निर्माण भइरहेको छ । ५ वटा आकाशे पुल बनाउनुपर्नेमा एउटा निर्माण भइरहेको छ भने ६६ वटा बक्स कल्भर्ट बनाउनुपर्नेमा ४३ वटा निर्माणको काम भइरहेको छ । १६ वटा एनिमल क्रसिङमध्ये १५ वटाको काम भइरहेको छ । ढल निकासका लागि बनाइने प्रिकास्ट तयार भएका र राख्न मात्र बाँकी रहेको छ । यो खण्डमा असार मसान्तसम्म १२ किलोमिटर पीच गर्ने लक्ष्य छ ।

बुटवल-नारायणगढ सडक खण्डमा जस्तो सवारी साधन र यात्रुहरूलाई सास्ती नहोस् भनेर बुटवल-गोरूसिङ्गे सडक विस्तार गर्दा बिचको पिच सडक नभत्काई सुरुमा दायाँ-बायाँतर्फको बनाइसकेर मात्र बिच भागको सडक भत्काउने तयारी छ ।

**वन्यजन्तुमैत्री सडक**

यो सडकमा गाडी गुडाउन मिल्ने ६ वटा ओभर फ्लाइ, पैदल यात्रुका लागि १२ वटा अण्डर पास र ११ वटा ओभरहेड ब्रिज तथा वन्यजन्तु वारपार गर्न जंगल क्षेत्रमा १८ वटा अण्डर पास बनाइने छ ।

बाक्लो बस्ती भएका शहरी क्षेत्रका चोकहरूमा सडकलाई ५० मिटरमा फराकिलो बनाइने र रणनीतिक सडकहरू जोडिने क्षेत्रमा अध्ययनपश्चात् गाडी नै वारपार गर्न मिल्नेगरी 'भेहिकल अण्डरपास' निर्माण भइरहेको आयोजनाका कार्यालय प्रमुख इञ्जिनियर कुशलता न्यौपानेले बताइन् ।

रूपन्देहीमा पर्ने जितगढी बेलबास चोक, नयाँगाउँ चोक, तामनगर चोक, सैनामैनाका मुर्गिया बजार र बुद्धनगर चोक तथा कपिलवस्तुको चार नम्बर जितपुर चोकमा 'भेहिकल अण्डरपास' बनाइँदै छ । बुटवलदेखि गोरूसिङ्गेसम्मको करिब ५० किलोमिटर खण्ड विस्तारको काम पूरा भएलगत्तै कपिलवस्तुको चन्द्रौटासम्मको सडकखण्ड विस्तारको प्रक्रिया अगाडि बढाउने गरी टेण्डर आह्वान भइसकेको छ । गोरूसिङ्गे-चन्द्रौटा सडकखण्ड १९ किलोमिटर छ । अहिले सो सडकखण्ड डिजाइनको काम भइरहेको छ । बुटवलदेखि चन्द्रौटासम्म फराकिलो र आधुनिक सडक निर्माण पूरा भएपछि बुटवल बजार थप गुल्जार हुने र नयाँ-नयाँ अवसरका ढोका खुल्ने अपेक्षा छ । पूर्वतर्फ पनि बुटवल-नारायणगढ सडक विस्तार अन्तिम चरणमा पुगेकाले अब चन्द्रौटादेखि बर्दघाटसम्मको आर्थिक केन्द्र बुटवल बन्ने निश्चित छ । बुटवलको पूर्वतर्फ बर्दघाटसम्म र पश्चिममा चन्द्रौटासम्म दुबैतर्फ सडक विस्तारले बुटवल देशकै आर्थिक केन्द्र बन्ने ढोका खुलेको बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल बताउँछन् ।

**नदीजन्य पदार्थको अभाव झेल्दै**

तर नदीजन्य पदार्थको अभावले काम प्रभावित भइरहेको छ ।

हाल लट १ तर्फ दैनिक साढे दुई सय जना बढी र लट २ तर्फ करिब २ सय जना जनशक्तिले काम गरिरहे पनि सडक निर्माणका लागि आवश्यक माटो, भस्कटलगायत नदीजन्य पदार्थको समयमा सहज उपलब्धता नहुँदा काम प्रभावित भएको गुनासो छ । चालु आर्थिक वर्षमा ३ लाख घनमिटर माटो आवश्यक परेकामा मागअनुसारको परिमाणमा उपलब्ध भएको छैन ।



कुशलता न्यौपाने, आयोजना प्रमुख

अर्को आर्थिक वर्षसम्म ८ लाख घनमिटर माटो र भस्कट आवश्यक छ । बुटवल उप-महानगरपालिकासँग एक वर्षअघिदेखि नदीजन्य पदार्थका विषयमा कुरा राखे पनि करिब १० महिनासम्म चासो नदिइएको र दुई महिनाअघि मात्र यस विषयमा ध्यान गएको आयोजनाको गुनासो छ । माटोको अभावमा काम प्रभावित भएर निर्माण कार्य ढिला भएमा ३२ करोड रुपैयाँ अतिरिक्त आर्थिक भार पर्ने भन्दै निर्माण व्यवसायीले दबाब दिइरहेका छन् ।

तर पनि स्थानीय सरकार, प्रमुख जिल्ला अधिकारीलगायत सम्बन्धित निकायले नदीजन्य पदार्थको सहज उपलब्ध गराउने विषयमा अझै ढुक्क हुने वातावरण नबनाएको गुनासो छ । निर्माण व्यवसायीले जुन पालिकाले नियमअनुसार नदीजन्य पदार्थ उपलब्ध गराउँछ, त्यो पालिकातर्फको काम मात्र अघि बढ्ने र अन्यत्र काम नहुने चेतावनी दिन थालेको आयोजना प्रमुख इञ्जिनियर कुशलता न्यौपानेले बताइन् ।

सडक निर्माणका लागि नभई नहुने नदीजन्य पदार्थ नियम कानुनअनुसार निर्माण व्यवसायीले समयमै पाउने वातावरण बनाउन सकारात्मक प्रयत्न गर्नुपर्ने सरकारी निकायको बेवास्ताले सडक निर्माण समयमै पूरा नहुने जोखिम बढाएको छ । जेन-जी आन्दोलनअघिको सरकारको पालामा सडक निर्माणको कामको प्रगति र समस्याबारे सम्बन्धित सरकारी निकाय र तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नियमितरूपमा जानकारी लिने गरे पनि जेन जी आन्दोलन यता कसैले चासो नदिएको आयोजना कार्यालयको गुनासो छ । संघीय सरकारको रूपान्तरणकारी आयोजना भएकाले प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वयस समिति र स्थानीय पालिकाहरूले आयोजना समयमै सम्पन्न गर्न सकारात्मक भूमिका खेल्नुपर्ने आयोजना प्रमुख न्यौपानेको आग्रह छ ।

**अमेरिका-इरान युद्धले अलकत्रा अभावको जोखिम**

आयोजनाले धमाधम अरू काम गरे पनि अमेरिका र इजायल मिलेर इरानविरुद्ध युद्ध गरेकाले त्यसले अलकत्रा आयातमा असर गरेको खण्डमा पनि सडक निर्माण कार्य प्रभावित हुन सक्ने जोखिम देखिएको छ । सडक कालोपत्रे गर्न नभई नहुने अलकत्रा (बिटुमिन) इरानबाट आउने गर्छ । सडक आयोजनाका प्रमुख कुशलता न्यौपानेले आफूहरू सम्झौता अवधिमै सडक निर्माण पूरा गर्ने हिसाबले आफ्नोतर्फबाट कुनै कसर बाँकी नराखी तदारूकताका साथ निरन्तर काम गरे पनि नदीजन्य पदार्थको अभाव, जेन-जी आन्दोलन, सरकार फेरबदल र पछिल्लो अमेरिका-इरानबिचको युद्धले अलकत्रा अभाव हुन सक्ने जोखिमलगायत कारणले ठेक्का सम्झौताअनुसार निर्धारित अवधिमा सडक निर्माण पूरा नहुने हो कि भन्ने आशंका उब्जिएको बताइन् ।

**गाउँवासीहरूमा हार्दिक अनुरोध**

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

अजय मिश्र
प्रमुख प्रशासकीय अधिकृत

बाल कृष्ण त्रिपाठी
अध्यक्ष

**कोटहीमाई गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही

**लुम्बिनी राष्ट्रिय दैनिकको ३८ औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना**

**गाउँवासीहरूमा हार्दिक अनुरोध**

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोगपश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

माधवप्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
अध्यक्ष

**कञ्चन गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# पूर्वाधार विकासमा कसरी अब्बल भयो तिलोत्तमा ?








**लुम्बिनी संवाददाता**

*बुटवल*

रूपन्देहीको तिलोत्तमा नगरपालिका पूर्वाधार विकासमा अब्बल पालिका बनेको छ।

तिलोत्तमा नगरपालिका यतिबेला भौतिक पूर्वाधार विकासमा उल्लेखनीय फड्को मार्दै आधुनिक, व्यवस्थित र सुविधासम्पन्न शहरको रूपमा आफूलाई रूपान्तरण गर्ने दिशामा तीव्र गतिमा अघि बढिरहेको छ। नगरपालिकाले सडक, शिक्षा, स्वास्थ्य, पर्यटन, प्रशासनिक संरचनालगायतका बहुआयामिक क्षेत्रमा अर्बौं रुपैयाँ बराबरको लगानी गर्दै विकासको स्पष्ट खाका कार्यान्वयन गरिरहेको देखिन्छ।

२०७९ सालको स्थानीय तहको निर्वाचनबाट नगर प्रमुखमा नेपाली कांग्रेसका रामकृष्ण खाँण र उप-प्रमुखमा नेकपा एमालेकी जगेश्वरदेवी चौधरी निर्वाचित भएका थिए। नगर प्रमुख खाँण नेपाली कांग्रेस रूपन्देहीको जिल्ला सभापति समेत रहेकाले उनले संघीय र प्रदेश सरकारसँग मात्र नभई अन्तर्राष्ट्रिय दातृ निकायसम्म पहुँच र सम्बन्ध विस्तार गरी नगरपालिकामा बजेट ल्याउन प्रभावकारी भूमिका निर्वाह गरेका कारण नगरले पूर्वाधार विकासमा फड्को मारेको हो।

नगर प्रमुख खाँणको अग्रसरतामा विश्व बैंक, एशियाली विकास बैंक, यूएसएआईडी पीएफएम, सिटिज फर वुमन जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गरी विकास निर्माण तथा वित्त व्यवस्थापन भएको छ।

**सुदृढ प्रशासनिक संरचना**

नगरपालिकाले स्थानीय सरकारलाई प्रभावकारी बनाउन वडा कार्यालय भवन निर्माणलाई उच्च प्राथमिकता दिएको छ। वडा नं. ६ मा २ करोड २५ लाख, वडा नं. १४ मा २ करोड र वडा नं. १७ मा २ करोड ३५ लाख रुपैयाँ लागतमा आधुनिक सुविधा सम्पन्न भवन निर्माण भएका छन्। यसले सेवा प्रवाहलाई छरितो, पारदर्शी र जनमैत्री बनाउने विश्वास गरिएको छ।

**सडक पूर्वाधार**

तिलोत्तमाको विकासमा सडक पूर्वाधार मुख्य आधारको रूपमा देखिएको छ। एक वडा, एक सडक कार्यक्रमअन्तर्गत ५ दशमलव ५ किलोमिटर सडक निर्माण तथा स्तरोन्नतिका लागि मात्रै ५२ करोड रुपैयाँ खर्च गरिएको छ।

त्यस्तै, विश्व बैंकको सहयोगमा मंगलापुर - कान्छीबजार सडक निर्माणका लागि ६५ करोड रुपैयाँको विशाल परियोजना सञ्चालनमा रहेको छ। यसले यातायात सहजता मात्र नभई आर्थिक गतिविधि विस्तारमा पनि ठूलो टेवा पुऱ्याउनेछ। चक्रपथ निर्माणमा ३ करोड ९० लाख खर्च भएको छ। विभिन्न क्षेत्रमा पार्किङ् व्यवस्थापन, सिक्स लेन सडक आसपास संरचना विकासलगायतका योजनाले सहरलाई व्यवस्थित बनाउने लक्ष्य राखेका छन्।

नगरपालिकाले पर्यटन पूर्वाधार विकासमा पनि उल्लेखनीय लगानी गरेको छ। वडा नं. २ मा निर्माणाधीन वनवाटिका परियोजना ५ करोड रुपैयाँको लागतमा बहुआयामिक पर्यटकीय केन्द्रका रूपमा विकास हुँदैछ। यहाँ स्विमिङ पुल, म्युजिकल फाउन्टेन, आकर्षक पार्क, व्यवस्थित पार्किङ् क्षेत्र तथा बाउन्ड्री वाल निर्माण भइरहेका छन्।

त्यसैगरी, कुञ्जपार्कमा १ करोड २३ लाख रुपैयाँमा म्युजिकल फाउन्टेनसहितको पूर्वाधार विकास र बीपी बाटिकामा भवन निर्माण कार्यले नगरको सौन्दर्य र आकर्षण थप बढाउने अपेक्षा गरिएको छ। यी परियोजनाहरूले आन्तरिक पर्यटन प्रवर्द्धनसँगै स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनेछन्।

**शिक्षा क्षेत्रमा उल्लेख्य लगानी**

शिक्षा पूर्वाधार सुदृढीकरणमा नगरपालिकाले विशेष जोड दिएको छ। जनज्योति मा.वि. (वडा नं. २), जनभावना मा.वि. (वडा नं. ८) र वरौलिया मा.वि. (वडा नं. १७) का लागि मात्रै ६ करोड रुपैयाँ विनियोजन गरिएको छ।

त्यसैगरी सिद्धार्थ आ.वि., गणेश प्रा.वि., जनहित मा.वि., बालविकास प्रा.वि., सरस्वती प्रा.वि. तथा दुर्गा मा.वि. लगायतका विद्यालयहरूमा ३ करोड ५० लाख रुपैयाँ खर्चेर भवन निर्माण भइरहेका छन्। यसले विद्यार्थीहरूलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्रदान गर्नेछ।

**स्वास्थ्य सेवामा पहुँच विस्तार**

नगरवासीको स्वास्थ्यलाई ध्यानमा राख्दै वडा नं. ३, ४, ८, १४ र १६ मा स्वास्थ्य चौकी पूर्वाधार निर्माणका लागि १ करोड ३० लाख रुपैयाँ विनियोजन गरिएको छ। यसले आधारभूत स्वास्थ्य सेवाको पहुँच गाउँ-गाउँसम्म विस्तार गर्ने लक्ष्य लिएको छ।

**आधुनिक उपकरण र सेवा विस्तार**

नगरपालिकाले सेवा प्रवाहलाई आधुनिक बनाउन दमकल खरिद, विद्युत् पोल व्यवस्थापन मेसिन, ट्र्याक्टर, पानी ट्यांकर र जेसीबी खरिदमा पनि लगानी गरेको छ। यसले विपद् व्यवस्थापन, सरसफाइ र पूर्वाधार निर्माण कार्यलाई प्रभावकारी बनाउनेछ।

**वातावरण, कृषि र सुरक्षामा पनि ध्यान**

फोहोरमैला प्रशोधन केन्द्रको क्षमता विस्तार (१ करोड ३० लाख), सिचाइँ नहर मर्मत (८० लाख), नदी नियन्त्रण कार्य तथा बिरूवामा पानी लगाउने ट्यांकर व्यवस्थापनले वातावरण संरक्षण र कृषि प्रणाली सुधारमा सहयोग पुऱ्याउनेछ।

त्यस्तै, विभिन्न वडाहरूमा सीसीटिभी जडान र आकासे पुलमा संरचनात्मक सुधारले सुरक्षा र यातायात व्यवस्थापनलाई सुदृढ बनाउनेछ।

**प्रशासनिक तथा सामाजिक पूर्वाधार विस्तार**

नगरपालिकाको प्रशासनिक भवन परिसरमा २५० जना अट्ने सभाहल निर्माणका लागि ३ करोड २० लाख रुपैयाँ विनियोजन गरेको छ। साथै कार्यालय परिसरमा पार्किङ् व्यवस्थापन, प्रवेशद्वार र स्वागत गेट निर्माणका लागि २ करोड ५० लाख रूपैयाँ छुट्याइएको छ।

**योजनाबद्ध विकासको स्पष्ट संकेत : नगर प्रमुख**

समग्रमा हेर्दा तिलोत्तमा नगरपालिका योजनाबद्ध, सन्तुलित र दिगो विकासको मार्गमा दृढतापूर्वक अघि बढिरहेको नगर प्रमुख रामकृष्ण खाँण बताउँछन्। भौतिक पूर्वाधारमा गरिएको यो व्यापक लगानीले नगरलाई निकट भविष्यमा आधुनिक, व्यवस्थित र आकर्षक सहरका रूपमा स्थापित गर्ने बलियो आधार तयार पारेको नगर प्रमुख खाँणले बताए।

स्थानीय सरकारको सक्रियता, योजनाबद्ध लगानी र विकासप्रतिको प्रतिबद्धताले तिलोत्तमा नगरपालिकालाई अन्य नगरहरूका लागि उदाहरणीय मोडेलका रूपमा उभ्याएको प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए।

**लगातार दोस्रो पटक उत्कृष्ट**

रूपन्देहीको तिलोत्तमा नगरपालिका लगातार दोस्रो पटक उत्कृष्ट स्थानीय तह बन्न सफल भएको छ। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिसा) मा उत्कृष्ट ६ मा छनोट भएको यो नगरपालिकाले देशभरिमा तेस्रो स्थान हासिल गऱ्यो। तिलोत्तमा नगरपालिका अघिल्लो आर्थिक वर्ष २०७९/८० मा पनि उत्कृष्ट स्थानीय तह घोषित भएको थियो।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हरेक वर्ष शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय र आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वय गरी ९ क्षेत्रको कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कृत गर्दै आएको छ।

यी सबै सूचकहरूमा तिलोत्तमा नगरपालिकाले १०० मा ९७ दशमलव २५ प्रतिशत अंक प्राप्त गरेको स्वमूल्यांकन घोषणा गरेको छ। यसमध्ये समग्र स्थिति ९८ दशमलव ८१ प्रतिशत, प्रक्रियागत स्थितिमा शतप्रतिशत र परिमाणात्मक स्थितिमा ९४ दशमलव ४४ प्रतिशत अंक स्वमूल्यांकन गरेको छ।

तिलोत्तमा अघिल्लो आर्थिक वर्ष जस्तै आर्थिक वर्ष २०८०/०८१ मा पनि उत्कृष्ट बनेको हो। नगरपालिकाले आफ्नो दीर्घकालीन योजना र मध्यकालीन खर्चको संरचना बमोजिम निर्धारित समयमै वार्षिक बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन र भुक्तानी गरेकाले स्वमूल्याङ्कनमा उत्कृष्ट बन्न सफल भएको हो। कुल सूचकमध्ये विकासका ५ वटै क्षेत्रहरू आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका क्षेत्रहरूमा समन्यायिक रूपमा बजेट विनियोजन गरी नतिजामूलक कार्यान्वयन गर्ने गरेकाले तिलोत्तमा लिसामा लगातार उत्कृष्ट बनेको नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत खुमलाल भुसाल बताउँछन्।

सबै शाखाहरूलाई सूचना प्रविधिमा जोडी सफ्टवेयरमार्फत् कार्य सम्पादन, नगरवासीलाई निःशुल्क रूपमा दुई स्थानबाट भिडियो एक्सरे सेवा प्रदान, ज्येष्ठ नागरिक उपचार तथा निःशुल्क औषधि सेवा प्रदान, विद्यार्थीको कक्षा छोड्ने दर घटाई नगरपालिकालाई शैक्षिक रूपमा राष्ट्रियस्तरमा चिनाउन वार्षिक २ करोड रुपैयाँ लगानी गरी दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको छ।

उनका अनुसार विभिन्न २६ वटा क्षेत्र/सूचकमा नगरपालिकाले अब्बल काम गरेको छ। नगरपालिकाले आफ्नै परियोजना बैंक बनाई आफ्ना योजनाहरूलाई नगरस्तरीय प्राथमिकता प्राप्त आयोजना (रु.१ करोडसम्म लागत भएका), नगर गौरवका आयोजना (रु.१ करोडभन्दा बढी ५ करोडसम्मका) र नगरस्तरीय स्वर्णिम आयोजना (रु.५ करोडभन्दा माथि) लाई प्राथमिकता क्रम तोकी आयोजना छनोट र कार्यान्वयन गरेको छ।

नगरपालिकाले निर्धारित समयमा नगर कार्यपालिकाको बैठक बसी आफ्ना पुराना निर्णयहरू कार्यान्वयन सम्बन्धमा छलफल र समीक्षा गर्ने गरेको, नगरसभा र नगर कार्यपालिकाका विषयगत समितिहरूको प्रभावकारी परिचालन गर्ने गरेको, नगरपालिका स्थापना भएयताको हालसम्मकै कम बेरूजु कायम र बढी बेरूजु फर्स्यौंट गरी आर्थिक अनुशासन कायम गर्नुले पनि लिसामा उत्कृष्ट हुन भूमिका खेलेको भुसालले बताए।

अन्तर्राष्ट्रिय संस्थाहरू सिटिनेट, मेयर फर पिस, यूसीएलजी एएसपीएसी र ओआइडीपीको सदस्यता लिई नगरपालिकाको सम्बन्ध र समन्वय अन्तर्राष्ट्रियस्तरमा समेत विस्तार गरी ओआइडीपी अवार्डमार्फत् नगरपालिकाको ख्याति विश्वभर फैलाउन मद्दत गरेको छ। नगरले आफैं धानिन सक्ने र आफ्ना विकास निर्माणका काम समेत आफ्नै आन्तरिक आयमार्फत् गर्न सक्ने गरी आन्तरिक स्रोत मजबुत पार्ने काम गरेको, स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन, विपद् स्वयंसेवक छनोट तथा क्षमता विकास, अन्तर्राष्ट्रियस्तरको नगर सूचना केन्द्र सञ्चालनमार्फत् विपद् व्यवस्थापनमा नमूना कार्य गरेको छ।

रूपन्देहीमै पहिलो पटक नगरपालिकाको लगानीबाट हाइमास्ट र मिनीमास्ट लाइट जडान गरी उज्यालो तिलोत्तमा निर्माण, आईटी पार्क निर्माण, कर्मचारी र जनप्रतिनिधिको नियमित क्षमता विकास कार्यक्रम सञ्चालनले संस्थागत क्षमता वृद्धि भएको नगर प्रमुख रामकृष्ण खाँणले बताए।

कुहिने र नकुहिने फोहोरमैलाको स्रोतमै वर्गीकरण गरी सार्वजनिक, निजी, सरकारी साझेदारी मोडलबाट फोहोरमैला व्यवस्थापन तथा अनुसन्धान केन्द्रको विकास गरेको नगर प्रमुख खाँणले बताए।

यस्तै, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबिच नतिजामूलक कार्यसम्पादन सम्झौता, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता गरी गुणस्तरीय कार्य सम्पादन, सेवाग्राहीको सहजताका लागि घुम्ती शिविर सञ्चालन, तिलोत्तमा इन्टर्नसिप कार्यक्रम, स्थानीय उत्पादनको प्रवर्द्धनका लागि मेड इन तिलोत्तमा कार्यक्रमले नगरलाई संस्थागत क्षमतामा अब्बल बनाएको नगर प्रमुख खाँणको भनाइ छ।

'सडक यातायात गुरुयोजना निर्माण तथा कार्यान्वयन, दिगो विकास लक्ष्यहरूको स्थानीयकरण गरी कार्यान्वयन, जोखिम संवेदनशील भूउपयोग योजना निर्माण र कार्यान्वयन, आयोजनाहरू छनोट गर्दा नै सम्भाव्यता अध्ययन गरी उपयुक्त देखिएका कार्यान्वयनयोग्य आयोजना मात्र छनोट र कार्यान्वयनले संस्थागत क्षमता स्वमूल्यांकनमा तिलोत्तमा निरन्तर अब्बल भएको हो।'-नगर प्रमुख खाँणले भने।

लुम्बिनी राष्ट्रिय दैनिकको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं।

जगतबहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

विद्याप्रसाद यादव
अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, धकधई, रुपन्देही

लुम्बिनी राष्ट्रिय दैनिकको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं।

तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

कल्पना हरिजन
नगर प्रमुख

लुम्बिनी सांँस्कृतिक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

### समृद्धिको मार्ग

विकास गाडी चढेर आउँछ। सडक बनेपछि नै विकासका अनेक पाटा खुल्छन्। सडकसँगै समाज शहरीकरणतिर अघि बढ्छ। कृषि उत्पादनको बजारीकरण हुन्छ। पर्यटन प्रवर्द्धनको मार्ग खुल्छ। नागरिकको जीवनशैलीमा बहुआयामिक परिवर्तन देखा पर्छ।

सडक पुगेपछि शिक्षा, स्वास्थ्य र अरू विकासका पाटोहरूमा जबर्जस्त सुधार आउँछ। सामाजिक आर्थिक विकासको पूर्व शर्त सडक हो। पूर्वाधार विकासमा नेपालले केही वर्षयता फड्को मारेको छ। पहिले भइरहेका सडकलाई फराकिलो बनाउने काम हुँदैछ भने नयाँ राजमार्गको निर्माणले मुलुकको मुहार बदल्ने मार्ग तयार भएको छ।

राणा शासनकालमै चल्तीको मार्ग हुलाकी सडकलाई दुई लेनको पक्की बनाउँदा मधेसको मुहार फेरिएको छ। राज्यबाट हेपिएको ठानेको मधेसको असन्तुष्टि एकहदसम्म मत्थर भएको छ। तसर्थ सडक पूर्वाधार नागरिकले विकासको अनुभूति गर्ने साधन पनि हो। महेन्द्र राजमार्ग राजा महेन्द्रले बनाए। मुलुक जोड्ने 'लाइफलाइन' तयार भयो। तर बदलिंदो नेपालको आकांक्षा पूर्ति गर्न चार लेनको सडक बनिरहेको छ। बुटवल-नारायणगढ सडक विस्तारको काम अन्तिम चरणमा पुगेको छ। बुटवल-गोरूसिंगे सडक धमाधम निर्माण भइरहेको छ। यो सडक निर्माण भएपछि लुम्बिनी र सौराहाबीचको दूरी छोटिने छ, जसले पर्यटन प्रवर्द्धनमा बल पुग्ने छ।

कालीगण्डकी करिडोरसहित एक दर्जन सडक उत्तर-दक्षिण जोड्ने सडकको काम कार्यान्वयन हुँदैछ। यसले हिमाली र पहाडी क्षेत्रका बासिन्दाको कष्टकर दैनिकीमा सुधार मात्रै आएको छैन्, यी मार्ग अन्तरदेशीय व्यापारिक मार्ग पनि हुन्। मध्यपहाडी पुष्पलाल राजमार्गले मध्यपहाडको मुहार बदलेको छ। पहाडमा व्यवसायिक कृषिको सम्भावना बढाएको छ। रूकुम पूर्वको कृषि उत्पादन यो सडक नबनेको भए बुटवल, पोखरा र काठमाडौंको बजारमा सहजै पुग्न सम्भव थिएन्। रूकुम पूर्वको एउटा सहकारीले अहिले ६ करोडको कृषि उत्पादनको कारोबार गरेको खबर सुन्दा विकास सडक बन्दा मात्रै हुँदोरहेछ भन्ने पुष्टि भएको छ। पहाडबाट बसाईसराई रोक्न यो सडक महत्वपूर्ण हुनसक्छ।

अहिले समाजमा निराशाको खेती फस्टाएको छ। समाजमा नकारात्मक प्रवृत्ति बढेका बेला सकारात्मक कामको चर्चाले समाजमा आशाको दियो बाल्न सक्छ। केही भएकै छैन्, यस्तो पटक्कै होइन्। अहिले जति भएको छ, योभन्दा बढी हुनुपर्छ। अझै धेरै हुनुपर्छ। सडक पूर्वाधारमा जे जति भएको छ, यसले मुलुकमा विकासको आधारशिला खडा गरेको छ। अब यी सडकबाट समृद्धिको मार्ग पहिल्याउँदै अघि बढ्नुपर्छ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

राजेश मल्लाह
प्रमुख प्रशासकीय अधिकृत

विनोदकुमार श्रीवास्तव
अध्यक्ष

सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही

# मध्यपहाडी राजमार्गले खोलेको समृद्धिको ढोका



हरिविष्णु ओली

मध्यपहाडी लोकमार्गले छोएका गाउँबस्तीमा विकासको ढोका खुल्दैछ। आर्थिक अवस्थामा सुधार आउँदैछ र नागरिकमा आशाको दियो बालेको छ। यो नेपालको मध्य पहाडी क्षेत्रमा बनेको एक ठूलो लोकमार्ग हो जसले देशको पश्चिमबाट पूर्व, तराईभन्दा माथि जाने राजमार्गलाई जोडेको छ। यो मार्गले मध्य पहाडी क्षेत्रमा रहेका गाउँहरू र नगरहरूलाई विशेष बनाएको छ। यस लोकमार्गले नेपालको ग्रामीण अर्थतन्त्रमा अनेक लाभहरू लिएर आएको जनअनुभूति रहेको छ।



व्यापार र वाणिज्यका गतिविधिहरू बढेका छन्। लोकमार्गबाट उत्पन्न हुने स्थानीय सामग्रीहरूले विभिन्न वाणिज्यका गतिविधिहरूमा वृद्धि भएको छ। मध्यपहाडी राजमार्गले यातायातमार्फत् पहाडी क्षेत्रलाई सहरसँग जोडेपछि स्थानीय उत्पादनको बिक्री सहज भएको छ। उत्पादन गरेको वस्तुले बजार र मूल्य दुवै पाउने भएपछि उत्पादनमा सुधार हुँदा बिक्रीमा पनि बढोत्तरी भएको छ। जसबाट गाउँ समाजको आर्थिक आम्दानी बढेको छ। यो मार्गले समृद्धि हुने विभिन्न क्षेत्रमा रोजगार सृष्टि गरेको छ। सडक निर्माण, रेलिङ, होटल, रेस्टुरेण्ट, ग्यारेज, आदि विभिन्न क्षेत्रमा रोजगारी श्रृजना भएको छ।

यस लोकमार्गका कारण शिक्षा र स्वास्थ्यमा पहुँच वृद्धि भएको छ। जसले गर्दा स्कूल र कलेजहरू सहज पठनपाठनका माध्यम भएका छन्। अस्पतालहरूलाई सुधार गर्ने सहारा मिलेको छ। बिरामीहरूलाई तत्काल उद्धार गर्न सकिएको छ। कृषकहरूको उत्पादन सजिलै बजारमा पुगेको छ। खेती र पशुपालनमा सुधार आएको छ।

केही वर्ष अघिसम्म रूकुम पूर्वको खाबाङ बगर दुर्गम बस्तीमा गनिन्थ्यो। त्यहाँका स्थानीयलाई सरकारी कामको लागि पुग्नैपर्ने सदरमुकाम आउन समेत हप्तादिन बढी समय खर्चिनु पर्ने बाध्यता थियो। खर्चको त कुरै नगरौं, आम्दानी नभएको ती बस्तीका नागरिकका लागि हजारौ खर्च गर्नु पर्ने विवशता थियो। आउजाउका लागि सवारी साधन त के समान बोक्ने खच्चड देख्न पनि महिनौसम्म पर्खिनु पर्थ्यो। स्थानीयलाई आवश्यक खाद्य सामाग्री बोकेर आउने खच्चड पनि पालो मिलाएर मात्रै महिनामा आक्कल झुक्कल गाउँतिर आउँथे। दुर्गम बस्तीहरू लुगुम, तकसेरा, हुकाम, मैकोट, कोल, राङसी आसपासका बासिन्दाको दैनिक साह्रै कष्टप्रद थियो।

तर पछिल्ला केही वर्षयता यहाँको अवस्था फेरिएको छ। घोडा खच्चड हिंड्ने गोरेटो बाटो पिच भएको छ। सडकमा दैनिकै सयौं सवारी साधन कुद्न थालेका छन्। हप्ता दश दिन लगाएर सदरमुकाम पुग्ने गाउँलेहरू आजकाल दुई घण्टामै रूकुम पूर्वको सदरमुकाम रूकुमकोट र चार घण्टामै रूकुम पश्चिमको सदरमुकाम मुसीकोट खलंगा बजार पुग्ने गर्दछन्। गाउँमा आउजाउ पनि बढेको छ।

स्थानीय रूपमा उत्पादन हुने जौं, कोले, आलु, कोदो, फापर बिक्री हुन थालेको छ। घरमा पालिएका दुई चार वटा गाई, भैंसी, बाख्रा,भेडा बेचेर स्थानीयले आम्दानी गर्न थालेका छन्। गाईवस्तुको दूध र घ्यू अर्गानिक ब्राण्ड भन्दै माग बढेको छ। कष्टकर दैनिकी विस्तारै सहज बन्दै गएको छ। अध्याँरा जीवन उज्याला बन्दै आएका छन्। रूकुमकोट उद्योग वाणिज्य संघका अध्यक्ष केविन्द्र गौतम भन्छन्-'मध्यपहाडी बाटोले त हाम्रो कायालपलट नै गरिदिएको छ। रूकुमकोट नमूना शहरमा परेको छ। घडेरी व्यापार ह्वात्तै वढेको छ।ठुल्ठुला होटेलहरू खुलेका छन्।'

बटाहरू पिच भएपछि गाउँ विद्यालय र स्वास्थ्य चौकीहरूमा पनि राम्रा शिक्षक र स्वास्थ्यकर्मी आउन थालेका छन्। शिक्षाको उज्यालो र स्वास्थ्य जीवन बाँच्नको फाइदा स्थानीयले थाहा पाउन थालेका छन्। पूर्वी रूकुम र बागलुङ निसीको सिमानामा रहेको उराठ पातीहाल्ने डाँडो पर्यटकीय क्षेत्र बन्दै गएको छ। त्यही डाँडोमा रहेको तिलाचन ताल हेर्न अहिले सयौं मान्छे आउन थालेका छन्। भूमे गाउँपालिकाका पूर्व प्रमुख रामसुर बुढामगर भन्छन्-'बाटोको सहज पँहुचले मात्रै पनि यति धेरै परिवर्तन हुँदो रहेछ भन्ने कुरा अहिले आएर गाउँलेले पुरै अनुभूति गरेका छन्।'

हुन पनि हो त्यहाँका ब्याँसी र भीरमा त्यसरी गाडी गुड्लान र त्यही गाडीमा आफू पनि चढ्न पाइएला भनेर त स्थानीयले कहिल्यै कल्पना गर्न सकेकै थिएनन्। अझ बाटोले सँगै लिएर आउने परिवर्तनको सपना देख्ने त परको कुरा भयो नै। अहिले त्यहाँका पिच सडकमा दैनिक कुद्ने सवारी साधनमा नै स्थानीयले आफ्नो सुन्दर भविष्य देख्न थालेका छन्। नेकपा एमाले रूकुम पूर्वका पूर्व अध्यक्ष अध्यक्ष टोपबहादुर ओली भन्छन्-"पिच सडकमा गुड्ने गाडीमा अहिले जनताले आफ्नो भविष्य खोज्न थालेका छन् र आशावादी पनि छन्।"

दुर्गमका बस्तीमा खुशी दिने र भविष्य देखाउने मध्य पहाडी पुष्पलाल लोकमार्ग अहिले सबैको भरोसाको साथी बन्दैछ। बागलुङ पश्चिमको ढोरपाटन, निसी, बोहोरागाउँ, देवीस्थान, बुर्तिवाङ, भीमगिठे, ग्वालीचौर र रिघामा 'छोरी ल्याउ, छोरी देउ' चल्न थालेको छ। रूकुम र बागलुङको बिचमा घना जंगल भएको ठूलो डाँडो थियो। जहाँ मानिसहरूको सहज आवतजावत थिएन। तर मध्यपहाडी लोकमार्ग खुलेपछि गाडी चल्न थाले। मानिसहरू बागलुङतिर आउन थाले। त्यसपछि दुईतिरका समाज आपसमा घुलमिल हुन थाले। जसले मानिसहरूलाई कुटम्बेरी सम्बन्ध बनाउन सहज बनायो। राजमार्गले ल्याएको यो परिवर्तन देख्दा अचम्म लाग्छ।

सडकले कतिपयका दुःख त हरण गरिदियो कतिपयका उस्तै छन्। रोजगारीको अभावमा वैधानिक र अवैधानिक बाटो भएर विदेश भासिनेहरू पनि रूकुम पश्चिम र रूकुम पूर्वमा उस्तै छन्। युवाहरू बैदेशिक रोजगारीतिर गएपछि महिला र वृद्धवृद्धाका काँधमा परिवार र समाजको जिम्मेवारी थपिएको छ। छोरा हुर्किएर पालो पाएका वृद्धहरू छोराहरू विदेश गएपछि फेरि हलोको अनौ समाउन विवश दृष्यहरू यी क्षेत्रमा देखिन्छ। मलामी र जन्तीमा युवा थोरै वृद्ध र महिलाको संख्या उल्लेख्य देखिन्छ। हामीलाई आशा छ, मध्यपहाडी लोकमार्गले ल्याउने समृद्धिले हाम्रो रूकुमको यो सामाजिक चित्र बदलिदिनेछ। हामी आशा गर्छौं यो लोकमार्गले यहाँका गाउँ रित्याउने गरी युवाहरूलाई शहर, मधेस र विदेश मात्र नओसारोस्, यहाँको उत्पादन, यहाँको सीप, यहाँको पर्यटनको पनि निर्यात गरोस्। जहाँबाट गाउँलेहरू गाउँमा आर्थिक समृद्धि हासिल गरून्।

बागलुङ र रूकुमपूर्वका मानिसहरूलाई यही मार्गले व्यवसायमा पनि पार्टनर बनाइदिएको छ। बागलुङको निशीखोला र भूमे गाउँपालिकाका किसान र रूकुम पूर्वका केही पशुपालक किसान मिलेर भेडापालनका साझा खर्क निर्माण गर्न थालेका छन्। मध्यपहाडी राजमार्गमा गाडी चलेपछि भेडाको उन र मासु बिक्री गर्न समस्या रहेन। पूर्वी रूकुमको सबै र पश्चिम रूकुमको कनेक्टिभिटी मध्यपहाडी राजमार्गले कताबाट कता पुऱ्याइदियो। पहिला यहाँका बासिन्दा बजार भर्न दाङतिर झर्थे। सुविधाको खोजीमा बसाई सर्नेहरू नेपालगञ्ज, कोहलपुरतिर सर्थे। तर मध्यपहाडी पछि यी क्षेत्रको गन्तव्य स्थल नै बदलिएको छ। यहाँका मानिसको बजार अहिले बुटवल भइदियो। मध्यपहाड हुँदै गुल्मी, पाल्पा भएर बुटवल र भैरहवाका सामान गाउँगाउँ पुग्न थाले। मानिसहरू बिरामी हुँदा पोखरा झर्न थाले। बागलुङको बुर्तिवाङलाई दैनिक किनबेचको बजारको रूपमा मानिसहरूले विकास गरिरहेका छन्।

गुल्मी, भैरहवा, पाल्पा, आदि ठाउँबाट आउन थाल्यो। रूकुमपूर्वका मानिस पहिला दाङ, नेपालगञ्ज, अब पोखरा, बुटवल, बुर्तिवाङ जान थाले। मुख्य बजार बुर्तिवाङलाई बनाउन थाले। अछामको मानिस बाजुरा, डोटी भएर धनगढी झर्थे। अछामका मानिसको सुर्खेत र राकम कर्णाली हुनथाल्यो।

रूकुम पश्चिमको चौरजहारीबाट एउटा रात्रि बस दैनिक रूकुम पूर्व, बाग्लुङ, पोखरा हुँदै काठमाडौ चल्न थालेको छ। मध्यपहाडी आसपासका गाउँहरू पनि सडक विस्तारसँगै आम्दानीमा जोडिन थालेका छन्। यी गाउँबस्तीमा विकासको ढोका खुल्दैछ। आर्थिक अवस्थामा सुधार आउँदैछ र नागरिकमा आशाको दियो बलेको छ।

हुन पनि पूर्वको पाँचथर चिवाभञ्ज्याङदेखि पश्चिमको बैतडीसम्मका नेपालीले पहाडी लोकमार्गको यात्रा गर्दा सिस्ने गाउँपालिकाको रूकुमकोटमा रहेको सुन्दर कमल ताल, मुसीकोटमा रहेको मुसी दरबार, रूकुम पश्चिम र जाजरकोटको सिमानामा पर्ने सानीभेरी र ठुलीभेरीको संगमस्थल रिम्ना दोभानको दृष्यावलोकन गर्न पाइन्छ। सिस्ने गाउँपालिकाका उप-प्रमुख एवं नेकपा एमाले रूकुम पूर्वका सचिव गोपाल रेउले भन्छन्-'रूकुमकोटमा रहेको असाध्यै सुन्दर कमलतालका कारण एक छाक खाना खाने, बास बस्ने र फोटो खिच्ने अवस्था सिर्जना भएको छ। यसले आर्थिक उपार्जन पनि भएको छ। भविष्यमा पर्यटन विकास गर्ने अवसर सिर्जना भई यहाँको समृद्धिको ढोका खोल्ने ठुलो सम्भावना देखाएको छ।' बाउन्न पोखरी र त्रिपन्न टाकुरीको जिल्ला भनेर चिनिएको रूकुम जिल्लामा अग्ला टाकुरा मात्रै होइन टप्पा र सिङारूको मौलिक साँस्कृतिक सम्पति पनि प्रसिद्ध रहेको छ।

मध्य पहाडी पुष्पलाल लोकमार्गले जिल्लाको मात्रै होइन, कर्णाली प्रदेशको समृद्धिको यात्रालाई पनि सँगै उजिल्याएको छ। यो प्रदेश देउडा संस्कृतिका साथै पर्यटकीय र आर्थिक विकासको सम्भावना बोकेको क्षेत्र हो। यस लोकमार्गले रूकुम पूर्व, रूकुम पश्चिम, जाजरकोट र दैलेखलाई नागबेलीमा चिरेर हिंडेको छ। मध्यपहाडी लोकमार्गबाट प्रशस्त फाइदा लिन सकिने आधार रहेको अधिवक्ता रचना मल्ल भन्छिन्-'मध्यपहाडी लोकमार्गले कर्णाली प्रदेशका लागि समृद्धिको ढोका खोलेर आएको छ। यसको भरपूर उपयोग गर्न सकियो भने कर्णाली प्रदेशलाई सुनको डल्लो बनाउन सकिन्छ।' मुख्य मुख्य ठाउँ पहिचान गरेर अवलोकन स्थल निर्माण गरेर यात्री अडिने मार्गको रूपमा यसलाई विकास गरेर लैजाने छलफल भैरहेको दैलेखका समाजसेवी रूद्र शाहीले बताए। उनी भन्छन्-'मध्य पहाडी लोकमार्गले सबै क्षेत्रमा सम्भावना बोकेर आएको छ। हामी यसलाई उच्चतम उपयोग गरेर समृद्धिको यात्रामा लामबद्ध भएका छौं। अछामको सिमानामा पर्ने दैलेखको राकम नयाँ शहर बन्दैछ। जुन साविक कर्णालीको प्रवेशद्धार हो। यो बजारबाट भारतीय मालसामान चीनतर्फ र चीनियाँ मालसामान भारततर्फ आयात निर्यात हुनेछ।'

*(लेखक खलंगा बहुमुखी क्याम्पस पश्चिम रूकुममा प्राध्यापन गर्छन्।)*

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

युवराज क्षेत्री खत्री
अध्यक्ष

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# मधेश विकासको मेरुदण्ड : हुलाकी राजमार्ग

## हुलाकी राजमार्गको निर्माणले तराई-मधेशका करिब ८० लाख प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

## यो आयोजनाको कूल भौतिक प्रगति ७४ दशमलव ३५ प्रतिशत र वित्तीय प्रगति ७० दशमलव ४८ प्रतिशत भएको छ।




**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्व-पश्चिम महेन्द्र राजमार्गको समानान्तर करिब २० देखि ३० किमी दक्षिणतर्फ पूर्व- पश्चिम भएर फैलिएको सडक नै हुलाकी राजमार्ग हो। राणा प्रधानमन्त्री पद्म शमशेरले हुलाकीहरूलाई चिठ्ठी आदानप्रदान गर्न सहज हुने अभिप्रायले सुरु गरेकोले यस राजमार्गको नाम हुलाकी राजमार्ग रहन गएको हो। यो तराई मधेशका जिल्लाहरू जोड्ने पहुँचमार्ग पनि हो।

धेरैलाई हुलाकी राजमार्ग पूर्व-पश्चिम मात्र फैलिएको भन्ने छ, तर महेन्द्र राजमार्गबाट तराईका सदरमुकाम, पुराना शहर र बजार केन्द्रहरू जोडने ३२ वटा उत्तर दक्षिण सहायक मार्गहरूलाई पनि हुलाकी राजमार्ग भनिन्छ। यो राजमार्ग पूर्वबाट पश्चिमतर्फ लगातार नभएर सुनसरीको लौकीदेखि सप्तरीको भारदह, चितवको भरतपुरदेखि नवलपरासीको दुम्कीबास, कपिलवस्तुको खरिन्दापुरदेखि दाङको भालुवाङका साथै दाङ, बाँके र ब र्दियाका केही जंगल/निकुञ्ज क्षेत्रहरूमा महेन्द्र राजमार्गसँग ओभरल्याप भएको छ।

धनुषाको जनकपुरबाट यदुकुवा जोड्ने १७ किमी सडक त पूर्व पश्चिम हुलाकी राजमार्गकै समानान्तर समेत रहेको छ। पूर्व-पश्चिम र उत्तर दक्षिण सहायक मार्ग गरेर हुलाकी राजमार्गको कुल लम्बाई १७९२ दशमलव ४२ किमि रहेको छ। हुलाकी राजमार्गको निर्माणले करिब ८० लाख तराईवासीहरू प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

**हुलाकी राजमार्गको सुखद प्रभाव**

वर्षौंदेखि तराईका जनताले केन्द्र सत्ताले आफूहरूलाई विकास निर्माणमा पछि पारेको, हेपेको र तराई मधेशको विकासप्रति राज्य उदासिन र गैरजिम्मेवार रहेको आरोप लगाउँदै आएका थिए। महेन्द्र राजमार्गको निर्माणले उनीहरूले पालेको यो सोंचलाई अझ बढी दृढ बनायो र राज्यप्रति असन्तुष्टिलाई समेत मलजल गर्ने काम गऱ्यो। तर हुलाकी राजमार्गको पक्की सडक आफ्नो घरआँगन र टोलसम्म आइपुग्न थालेपछि राज्य र केन्द्र सत्ताप्रति तराईका जनताहरूको सोंचमा क्रमशः परिवर्तन आउन थालेको छ।

हुलाकी सडकको पहुँचसँगै दैनिक जनजीविकामा परेको सकारात्मम प्रभावले राज्यप्रतिको अपनत्व बोध समेत देखिएको छ। हुलाकी राजमार्गले तराईवासीमा ल्याएको सकारात्मक सोंच र उर्जा एउटा सुखद परिणाम हो।

ढिला भए पनि हुलाकी राजमार्गको निर्माणले गति लिएको छ। निर्माण सम्पन्न भएका खण्डहरूमा यसको सामाजिक आर्थिक प्रभाव देखा पर्न थालिसकेको छ। महेन्द्र राजमार्गको निर्माणपश्चात् सुनसान भएका सीमावर्ती तराईका बजार र शहरहरूमा आर्थिक चहलपहल सुरु भएको छ भने स्थानीय जीवनस्तरमा समेत स्तरोन्नति भएको छ।

केही वर्ष अगाडिसम्म लामो धुले र ग्राभेल सडक हिंडेर जानुपर्ने ठाउँहरू अब पक्की सडकले जोडिएका छन्। हुलाकी राजमार्गको अभावले एक जिल्लाबाट अर्को जिल्ला जाँदा या आफ्नै जिल्लाको सदरमुकाम र मुख्य शहर/बजार जानुपर्दा महेन्द्र राजमार्ग भएर लामो र घुमाउँरो बाटो तय गर्नुपर्ने सास्ती र झन्झटबाट तराईवासीहरू क्रमशः मुक्त हुन थालेका छन्।

आफ्नो खेतबारीमा उत्पादन भएका कृषि उपजहरूले सहज रूपमा बजारसम्म पहुँच पाउन थालेका छन्। सडक र यातायातको सहज पहुँच नहुँदा भारतीय सीमा नजिक पर्ने हुलाकी राजमार्गको दक्षिणी भेगका किसानहरू आफ्नो उत्पादन बेच्नबाट वञ्चित थिए। नजिकैको हाटबजार भारतमा पर्ने भएकाले कडा सुरक्षा निगरानीका कारण दूध, दही, घ्यूलगायत कृषिका अन्य उत्पादन ती हाटबजारमा बेच्न लान निक्कै झन्झट व्यहोर्नु अवस्था थियो।

तर हुलाकी राजमार्गको निर्माणसँगै अब ग्रामीण भेगका किसानहरूको तराईका बजार केन्द्र र ठूला शहरहरूसम्म सहज पहुँच स्थापित भएको छ। राजमार्गको पहुँचसँगै हुलाकी कोरिडोरका ग्रामीण भेगमा घरेलु तथा साना उद्योगहरूको संख्या क्रमशः बढ्न थालेको छ। स्वास्थ्य र शिक्षा जस्ता सेवाहरूमा ग्रामीण भेगका बासिन्दाको सहज पहुँच स्थापित हुँदै गैरहेको छ।

तराई मधेशका ५५ प्रतिशत खेतीयोग्य उर्वर भूमी, वनजंगल, ऐतिहासिक साँस्कृतिक धरोधरहरूका साथै ६० प्रतिशतभन्दा बढी उद्योग कलकारखानाहरू हुलाकी राजमार्ग कोरिडोरमै रहकोले यसको निर्माणले तराई मधेशको मात्र नभएर समग्र देशकै आर्थिक उन्नति र समृद्धिमा महत्वपूर्ण योगदान दिएको हुलाकी सडक आयोजना कपिलवस्तुका प्रमुख होम एसी बताउँछन्।

**राणा शासनदेखि गणतन्त्रसम्मको राजनैतिक परिदृश्य**

राणा प्रधानमन्त्रीहरूमध्ये पद्म शमशेर उदार तथा सुधारका पक्षधर थिए। वि.स. २००२ देखि २००४ सम्म सत्तामा रहेका यिनले आफूलाई 'म राष्ट्रको नोकर हु' भनि घोषणा समेत गरेका थिए। यिनै पद्म शमशेरले हुलाकीहरूलाई चिठ्ठी आदान प्रदान गर्न छिटो र सजिलो होस् भनेर तराईमा पूर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्न लगाए जुन राजमार्ग आजसम्म पनि हुलाकी राजमार्गको नामले परिचित छ।

यस सडकको निर्माण पद्म शमशेरले सुरु गरेकोले यसलाई पद्म रोड पनि भनिन्थ्यो। पद्म शमशेरको कार्यकालबाट सुरु भएको हुलाकी राजमार्गको इतिहास हेर्ने हो भने यसले राणा शासन, वि.स. २००७ देखि २०१५ को राजनैतिक संक्रमणकाल, ३० वर्षे निरंकुश पञ्चायत शासन, वि.स. २०४६ पछिको संवैधानिक राजतन्त्र, ज्ञानेन्द्रको प्रत्यक्ष शासन, लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा करिब ७५ वर्ष पार गरिसकेको छ, तर विडम्बना राष्ट्रिय गौरवको यो आयोजना अहिले पनि निर्माणाधिन छ भने पछिल्लो पटक तोकिएको मितिमा (आव २०७९/०८०) समेत यसको निर्माण सम्पन्न हुने सम्भावना क्षीण हुँदै गैरहेको छ। राणा शासनकै समयमा तराईमा भद्रपुर, गौरीगञ्ज, रंगेली, बिराटनगर, मटिहानी, मलंगवा, गौर, वीरगञ्ज र नेपालगञ्ज जस्ता शहरहरूको विकास भैसकेको थियो भने नेपाल-भारत सीमाबाट नजिकै रहेका यी शहरहरू देशको राजस्व संकलनका पनि प्रमुख स्रोतहरू थिए। यिनै शहरहरूमा रहेका जमिन्दार, व्यापारी र बिर्तावालहरूमार्फत् राणाहरूले तराईवासीबाट कुत उठाउने गर्दथे।

हुलाकी राजमार्गको निर्माणले यिनै शहरहरूको व्यापारलाई जोड्न र शहरीवासीहरूको आवतजावतलाई सहज पार्नुको साथै तराईका विशाल कृषियोग्य फाँटहरू र दुर-दराजका ग्रामीण बस्तीहरूसम्म सडकको सहज पहुँच समेत स्थापित हुने थियो। पद्म शमशेरको कार्यकाल छोटो रहेकोले राणा शासनमा हुलाकी राजमार्गको खासै विकास हुन सकेन। राणा शासनको पतनसँगै वि.स. २००७ सालमा देशमा प्रजातन्त्र स्थापना भएता पनि तराईवासीको विडम्बना नै भन्नु पर्छ किनभने वि.स. २००७ देखि २०१५ सम्म बनेका कुनै पनि सरकारले हुलाकी राजमार्ग निर्माणमा चासो र महत्व दिएनन्।

राणा शासनको अन्त्य भैसक्दा तराईको १७ प्रतिशत भू-भागमा देशको कुल जनसंख्याको ३५ दशमलव २ प्रतिशत (स्रोतःराष्ट्रिय जनगणना १९५२-५४) मानिसहरू बसोबास गर्दथे भने देशका १० प्रमुख शहरहरूमध्ये ५ वटा शहरहरू (भद्रपुर, विराटनगर, मटिहानी, मलंगवा, वीरगञ्ज) तराई मधेशमै अवस्थित थिए। तीमध्ये भद्रपुर, बिराटनगर र वीरगञ्ज त वि.स. २००९ सालमै नगरपालिकाको रूपमा स्थापित भैसकेका थिए।

त्यस बखतसम्म तराई मधेश बाहेक मुलुकमा काठमाडौं, भक्तपुर, ललितपुर र पाल्पाको तानसेन मात्र नगरपालिकाको रूपमा दर्ज थिए भने हालको गण्डकी प्रदेशको राजधानी पोखरा सामान्य बजारको रूपमा रहेको थियो। देशको सबैभन्दा पुरानो बैंक 'नेपाल बैंक लिमिटेड' का पहिलो चरणमा खुलेका शाखाहरू तराईका यीनै शहरहरूमा स्थापना हुनुले पनि सन् ५० र ६० को दशकमा यी शहरहरूको व्यापारिक र आर्थिक महत्व कति थियो भन्ने प्रष्ट हुने गर्दछ। त्यसै पक्षलाई मनन गर्दै वि.स. २०१५ को आमनिर्वाचनपछि बनेको बीपी कोइराला नेतृत्वको सरकारले हुलाकी सडक निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्दै शिलान्यास समेत गरेको थियो। त्यसबेलाका तराईका व्यापारी र बुद्धिजीविहरूले हुलाकी राजमार्गको निर्माण गर्न भनेर बीपी सरकारलाई निवेदन र बिन्तीपत्र समेत चढाएका थिए। तर बीपीको सरकारले स्थायित्व पाउन सकेन र २०१७ सालमा राजा महेन्द्रको राजनैतिक कू सँगै बीपीको हुलाकी राजमार्ग निर्माण गर्ने योजना तुहिन पुग्यो।

पञ्चायतको शासनको सुरुतिर हुलाकी राजमार्ग र यसको कोरिडोर आसपासमा भद्रपुर, गौरीगञ्ज, रंगेली, बिराटनगर, राजविराज, जनकपुर, मटिहानी, जलेश्वर, मलंगवा, गौर, कलैया, वीरगञ्ज, बुटवल र नेपालगञ्ज जस्ता शहरूहरूको उदय भैसकेको थियो। राजविराज र बुटवलले वि.स. २०१६ सालमा नगरपालिकाको मान्यता पाइसकेका थिए भने वि.स. २०१९ मा आइपुग्दा जनकपुर र नेपालगञ्जसमेत नगरपालिकाको रूपमा स्थापित हुन पुगे।

वि.स. २०१८ सालको राष्ट्रिय जनगणनाकाअनुसार देशका रहेका कुल १६ वटा नगरपालिकाहरूमध्ये तराईमा मात्र ८ वटा नगरपालिकाहरू रहेका थिए, जसको कुल जनसंख्या १,०१,८९३ थियो। बिराटनगर, वीरगञ्ज र नेपालगञ्ज जस्ता नगरपालिकाहरूको जनसंख्या त क्रमशः ३५३५५, १०७६९ र १५८१७ सम्म थियो। बिराटनगरमा जुट मिलसँगै अन्य उद्योगहरूको सुरुवात भैसकेको थियो भने भद्रपुर, गौरीगञ्ज, रंगेली, मलंगवा, वीरगञ्ज र नेपालगञ्ज जस्ता शहरहरूमा निजी क्षेत्रबाट आधुनिक धान मिलहरूको सञ्चालन हुन थालेको थियो।

तराईका अन्य स-सना बजार केन्द्रहरूमा समेत कुटानी पिसानी मिलहरू सञ्चालन हुने क्रम बढेको थियो। तर पनि व्यवस्थित सडक नहुँदा तराईका पुराना शहर र बजार केन्द्रहरूले विकासमा तीव्रता लिन सकिरहेका थिएनन्। हुलाकी राजमार्गको स्तरोउन्नतिले मधेशका ग्रामीण भेगसम्म सडक सञ्जाल विस्तार गरी कृषिउपजको बजारीकरण गर्न सघाउ पुग्थ्यो, शिक्षा र स्वास्थ्यमा सहज पहुँच हुने थियो, कृषि, व्यापार, उद्योग र पर्यटनको विकास भई रोजगारी सिर्जना हुने प्रचुर सम्भावना थियो। हुलाकी राजमार्ग र तिनीहरूलाई जोड्ने सहायक मार्गले मधेशको आर्थिक समृद्धि, समुन्नति, विकास कार्य र स्थानीय जनताको जीवनमा ठूलो परिवर्तन आउन सक्थ्यो।

तर तत्कालिन पञ्चायत सरकारबाट यसतर्फ ठोस पहल नभै राणा कालमै ट्र्याक खुलिसकेको, आम तराईवासीहरूको जीवनसँग घुलमिल भैसकेको, मुआब्जाको खासै झन्झट नरहेको र सबैभन्दा महत्वपूर्ण राष्ट्रिय वनको फँडानी समेत खासै गर्ने नपर्ने हुलाकी सडकलाई स्तरोउन्नति गरी तराईका उदाउँदा शहरहरूबिचको व्यापार व्यवसायलाई जोड्न र समग्र तराईवासीको आवगमनलाई सहज बनाउन राज्यको बेजोड पहल हुनुपर्ने बेला राजा महेन्द्रबाट वि.स. २०१८ मंसिर ३ गते महेन्द्र राजमार्ग निर्माण गर्ने घोषणा भयो।

पञ्चायती सरकार महेन्द्र राजमार्ग निर्माणमा जोडतोडका साथ लाग्यो र घोषणा भएको ५ महिनापछि वि.स. २०१९ बैशाख १ गते राजा महेन्द्रबाट नवलपरासीको गैंडाकोटमा महेन्द्र राजमार्गको शिल्यान्यास भयो। त्यसबखत नेपाल सरकारसँग त्यति ठूलो सडक आयोजना निर्माण गर्ने बजेट, प्रविधि र दक्ष जनशक्ति नभएता पनि राजाको घोषणालाई कार्यान्वयन गर्ने सरकार सम्पूर्ण जोडबलका साथ लाग्यो। भारत, रूस, बेलायत सरकारका साथै एशियाली विकास बैंकको सहयोगमा महेन्द्र राजमार्गले क्रमशः आकार लिन थाल्यो भने तराईका पुराना शहर, नगर र ग्रामीण बस्तीहरूलाई जोड्ने हुलाकी राजमार्गको कालो युग सुरु भयो र पुरै पञ्चायत शासनभरी यस राजमार्गको कुनै भौतिक प्रगति हुन सकेन।

महेन्द्र राजमार्गको निर्माणसँगै हुलाकी राजमार्ग निर्माणको मुद्दा क्रमशः सेलाउँदै गयो र तराईका बासिन्दाहरू लामो कालखण्डसम्म विकास निर्माणबाट वञ्चित मात्र भएनन् पञ्चायती सत्ताले तराईवासीलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने अवसर समेत गुमायो। महेन्द्र राजमार्गको निर्माणले आधुनिक नेपालको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेकोका कुनै दुई मत छैन, तर तराईको घना वन मासेर महेन्द्र राजमार्ग निर्माण गर्नु साटो, राणा कालमै रेखाङ्कन भैसकेको हुलाकी राजमार्गको निर्माण भैदिएको भए तराईको सामाजिक, आर्थिक र भौतिक विकासमा अभूतपूर्व योगदान मात्र हुने थिएन विद्यमान समग्र तराईको राजनैतिक परिदृश्य र भू-उपयोगको स्थिति नै अलग हुने सक्थ्यो।

वि.स. २०४६ को राजनैतिक परिवर्तनपछि हुलाकी राजमार्ग निर्माणले राजनैतिक मुद्दाको रूपमा पुनः चर्चा पाउन थाल्यो। जसको फलस्वरूप २०४७ सालमा भारतीय प्रधानमन्त्रीको नेपाल भ्रमणको समयमा देशकै सबैभन्दा पुरानो हुलाकी राजमार्गको निर्माण भारतीय सहयोगबाट गर्ने प्रतिबद्धता व्यक्त भयो, तर त्यसको २५ वर्ष बितिसक्दा पनि निर्माणकार्य दुई देशीय सम्झौताको जालोमा घेरिएर अगाडि बढ्न सकेन यद्यपि हुलाकी राजमार्ग निर्माणको भारतीय सहयोगको सैद्धान्तिक सहमति चाँहि वि. स. २०६१ सालमा नै भएको थियो।

२०६२/०६३ सालको राजनैतिक परिवर्तनपछि भारत सरकारले नेपाल सरकारबाट छनौट भएका १४४० किलोमिटर सडकहरूको डिजाइन सुपरीवेक्षण र निर्माण तीन चरणमा सम्पन्न गर्ने, सो बापत लाग्ने सम्पूर्ण खर्च भारत सरकारले व्यहोर्ने र जग्गा अधिग्रहण, बिजुलीका पोल तथा रूखहरू हटाउने, हुलाकी राजमार्गमा पर्ने सम्पूर्ण पुलहरूको निर्माण नेपालले गर्ने प्रावधानसहितको समझदारी भएको थियो।

वि. स. २०६६ मा पहिलो चरणमा २ वटा हुलाकी र १७ वटा सहायक मार्गहरू गरी ६०७ किलोमिटरका १९ वटा सडक निर्माण गर्ने विस्तृत सम्झौता भयो र तीन चरणमा गर्ने भनिएका सडकहरू दुई चरणमा सम्पन्न गर्ने सहमति भएको थियो। यसरी राजनैतिक रूपमा चर्चा परिचर्चा भएको लामो कालखण्डपछि हुलाकी राजमार्गको वास्तविक प्रगति ०६२/०६३ को दोस्रो जनआन्दोलनपश्चात् गठन भएका सरकारहरूले सुरु गरे। आव २०६५/०६६ बाट निर्माण सुरु भएको हुलाकी राजमार्गको हालसम्म करिब ७५ प्रतिशत निर्माण सम्पन्न भैसकेको छ।

दोस्रो जनआन्दोलनपछि बनेका सरकारहरूले मुख्य हुलाकी राजमार्गभन्दा हुलाकी राजमार्गका उत्तर दक्षिण फिडर सडकहरूलाई निर्माणमा प्राथमिकता दिए भने भारतीय सरकार तेस्रो देशका ठेकेदार र दातृ निकायहरूलाई खुल्ला सिमाना नजिक निर्माण आयोजनाहरूको नाममा सहज पहुँच दिने पक्षमा थिएन।

हुलाकी राजमार्गको रणनैतिक अवस्थितिलाई राजनैतिक पार्टी र सरकारहरूले समेत भू-राजनैतिक तरलतासँग जोडेर हेर्दा आयोजना निर्माण सुस्त हुन पुग्यो। सुरुमा भारत सरकारको बजेटबाट सञ्चालित आयोजनामा भारतबाटै निर्माण व्यवसायी र परामर्शदाता आएर काम गरेका थिए। तर भारतीय निर्माण व्यवसायीले काम अलपत्र पारेर हिंडेपछि यसको निर्माण मोडेल परिवर्तन गरियो जसले गर्दा आयोजनाले थप राजनैतिक र प्रशासनिक झमेला व्यहोर्नु पऱ्यो।

गणतन्त्रको स्थापनासँगै नयाँ निर्वाचित सरकार गठनपश्चात् समेत हुलाकी राजमार्गको निर्माणमा अपेक्षाकृत प्रगति हुन नसकेपछि संसदको विकास समितिका तत्कालिन सभापतिको नेतृत्वमा सांसदहरूको टोलीले हुलाकी राजमार्ग निर्माण हुन नसक्नुको सत्य तथ्य पत्ता लगाउन २०७३ बैशाख ५ देखि ७ गतेसम्म झापादेखि जनकपुरसम्मको स्थलगत अवलोकन गरी सरकार समक्ष हुलाकी राजमार्गको प्रगति प्रतिवेदन पेश गरेको थियो।

उक्त प्रतिवेदनले हुलाकी राजमार्गको विकास र विस्तारले मधेशमा पुराना बजारहरूको उत्थान हुनेछ र पूर्व-पशचिम राजमार्गको वरपरको विकासले गति लिन सक्नेछ भन्ने सुझाव प्रस्तुत गरेको थियो। हुलाकी राजमार्गको निर्माणले मात्र पूर्व-पशचिम राजमार्गको गतिशिलता बढाउने, करिब ८० लाख जनसंख्या प्रत्यक्ष लाभान्वित हुने, मधेशका जनतालाई मध्य-तराई हुँदै काठमाडौसँग जोड्ने र साक्षरता एवं शिक्षाका हिसाबले धेरै नै पछाडि परेको मधेशी समुदायको सामाजिक र आर्थिक उत्थान समेत हुलाकी राजमार्गले गर्नेछ भनेर सरकारलाई सुझावहरू दिएको पाइन्छ। तर पनि विभिन्न कारणहरूले गर्दा हालसम्म हुलाकी राजमार्गले निर्माणको अपेक्षाकृत गति लिन सकेको छैन। हुलाकी राजमार्गको रेखाङ्कन, यस्को कभरेज, तथ्याङ्क र हालसम्मको प्रगतिसम्बन्धी चर्चा तलको खण्डमा गरिएको छ।

**हुलाकी राजमार्गको रेखाङ्कन, पहुँच र तथ्यगत विवरण**

हुलाकी राजमार्ग पूर्वमा झापा जिल्लाको सदरमुकाम भद्रपुरबाट सुरु भै पश्चिममा कञ्चनपुर जिल्लाको भारतीय सीमासम्म फैलिएको छ। यसले तराईका २० वटै जिल्लाहरू र पूर्व-पश्चिम महेन्द्र राजमार्गबाट दक्षिणमा अवस्थित १८ वटा जिल्ला सदरमुकाम, ३७ वटा नगरपालिका, पुराना शहर र बजार केन्द्रहरूलाई पनि जोडेको छ। झापामा उत्तर दक्षिण चारआली-चन्द्रगढी- केचना सडकलाई हुलाकी राजमार्ग भनिन्छ भने मोरङमा कानेपोखरी- रंगेली सडकलाई पनि हुलाकी राजमार्ग भनिन्छ।

त्यस्तै सप्तरीको बर्साइन- सूवर्णपट्टी, धनुषाको यदुकुवा- महिनाथुर र जनकपुर-यदुकुवा हुलाकी राजमार्गअन्तरगत पर्दछ। जनकपुर-जटही- भिट्टामोठ सडक पनि यसैअन्तरगत पर्दछ। महोत्तरीको जलेश्वरदेखि हर्दिनगरसम्मको बाटो पनि उत्तर दक्षिण हुलाकी सडकअन्तरगत पर्छ। महोत्तरीको गौशाला बजारदेखि सम्सी, सर्लाहीको बरहथवा-मधुवनी, बाराको तामागढीदेखि सिम्रौनगढ र कलैयादेखि मूर्तियावासम्म हुलाकी राजमार्गअन्तरगत पर्दछ। त्यस्तै बाँकेको नेपालगञ्ज-बगौडा र बर्दियाको गुलरिया-मूर्तियाको बाटोलाई उत्तर दक्षिण हुलाकी राजमार्गका रूपमा नै चिनिन्छ। कैलालीको लम्की-टीकापुर- खकुराउला एवं सती- भजनी-धनगढी मार्ग पनि हुलाकी राजमार्गअन्तरगत पर्दछन्।

दाङको लमहीदेखि कोइलाबास र पर्साको वीरगञ्जदेखि ठोरीसम्मको बाटोलाई पनि हुलाकी राजामार्गका नामले चिनिन्छ। पूर्व-पर्शचिम महेन्द्र राजमार्गबाट तराईका जिल्ला सदरमुकाम र हुलाकी राजमार्गमा अवस्थित बजार केन्द्र र बस्तीहरूलाई जोड्ने ३२ वटा हुलाकी राजमार्गमा सहायक मार्गहरू रहेका छन्, जसको कुल लम्बाइ ८१७ दशमलव ४२ किमी रहेको छ। हुलाकी राजमार्गको २२ वटा खण्डहरू रहेका छन्, उत्तर-दक्षिण र पूर्व-पश्चिम गरेर हुलाकी राजमार्गको कुल लम्बाइ १८५७ किमी रहेको छ। यस्तै ३ सय पुल रहेका छन्।

राष्ट्रिय गौरवको हुलाकी सडक आयोजनाले यी दुवै किसिमका पूर्व-पश्चिम हुलाकी मार्ग र उत्तर तिर महेन्द्र राजमार्गसँग जोड्ने सहायक मार्गलाई हुलाकी सडकको रूपमा अगाडि बढाउँदै आएको छ।

**हुलाकी राजमार्ग निर्माणका चुनौतीहरू**

हुलाकी राजमार्गको सबैभन्दा ठूलो चुनौती भनेको पछिल्लो पटक तोकिएको म्यादभित्र निर्माण सम्पन्न गर्नु नै हो। मुलुककै सबैभन्दा जेठो यस राजमार्गले राणा शासनदेखि गणतन्त्रसम्म आइपुग्दा विभिन्न कालखण्ड पार गर्दै ८० वर्ष पार गरिसकेको छ भने यति लामो समयसम्म समेत यस्तो रणनैतिक र दिर्घकालिन महत्व राख्ने र सम्पूर्ण तराई मधेशकै कायापलट गर्न सक्ने सडक आयोजना सम्पन्न हुन नसक्नु भनेको तराईवासीको मात्र नभएर सम्पूर्ण देशकै लागि ठूलो विडम्बना हो।

हुलाकी राजमार्गलाई तराईका सीमावर्ती पुराना जिल्ला सदरमुकाम, नगरपालिका, बजार केन्द्रहरू र ग्रामीण बस्तीहरूलाई जोड्दै पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म विनाअवरोध चल्न सक्ने तराई मधेशको वैकल्पिक राजमार्ग र लाइफलाइन रूपमा हेरिए पनि कहीं स्थानहरूमा यो राजमार्ग टुक्रिने सम्भावना रहेको देखिन्छ। चितवन निकुञ्जको अमुवा पोष्टदेखि रिउ खोलासम्मको सेक्सनमा डिटेल सर्भे गर्ने अनुमति हालसम्म प्राप्त हुन सकेको छैन।

नेपाल र भारतका दुई देशीय सम्झौताको झमेला, राजनैतिक खिचातानी, ठेकेदारहरूको लापरबाही र ढिलासुस्ती, मापलोत तथा नापी कार्यालयहरूबाट सहयोग प्राप्त नहुँदा मुआब्जा वितरणमा हुने ढिलाइ, बेला-बेलामा हुने निर्माण सामग्रीको अभाव, राजनैतिक बन्द हड्ताल, नाकाबन्दी तथा अन्य प्रशासनिक कमजोरी समेतले हुलाकी राजमार्ग समयमै सम्पन्न गर्न चुनौतीहरू खडा गरेका छन्।

**हालसम्मको प्रगति**

राजनैतिक रूपमा चर्चा परिचर्चा भएको करिब ७५ वर्ष भए पनि हुलाकी राजमार्गको वास्तविक प्रगति ०६२/०६३ सालको दोस्रो जनआन्दोलनपश्चात् भयो। हुलाकी राजमार्गको निर्माण आव २०६५/०६६ बाट सुरु गरियो। ४७ अर्ब २७ करोड लगानी हुने यो आयोजना आव २०७४/७५ मा सम्पन्न हुनुपर्ने थियो। यस हिसाबले हेर्दा निर्माण सुरु भएको २२ वर्ष बितिसक्दा बल्ल आयोजनाको समग्र भौतिक र वित्तीय प्रगति करिब ७५ प्रतिशत पुगेको छ। दोस्रो जनआन्दोलनपछि बनेका सरकारहरूले मुख्य हुलाकी राजमार्गभन्दा हुलाकी राजमार्गका उत्तर दक्षिण फिडर सडकहरूलाई निर्माणमा प्राथमिकता दिए। खुल्ला सिमाना नजिक निर्माण आयोजनाहरूमा भारतीय सरकार तेस्रो देशका ठेकेदार र दातृ निकायहरूलाई सहज रूपमा प्रवेश गर्ने दिने पक्षमा थिएन भने हुलाकी राजमार्गको भौगोलिक अवस्थालाई राजनैतिक पार्टी र विभिन्न कालखण्डका सरकारहरूले भू-राजनैतिक तरलतासँग गासेर समेत आयोजनालाई जटिल बनाए।

फागुन अन्तिम सातासम्मको विवरणअनुसार कूल १८५७ किलोमिटर सडकमध्ये १३८० किलोमिटर र ३ सय पुलमध्ये १५३ पुल निर्माण सम्पन्न भएका छन्। हुलाकी सडक आयोजनाको कूल भौतिक प्रगति ७४ दशमलव ३५ प्रतिशत र वित्तीय प्रगति ७० दशमलव ४८ प्रतिशत भएको हुलाकी राजमार्ग निर्देशनालयका सूचना अधिकारी विष्णुबाबु पाण्डेले जानकारी दिए।

प्रारम्भिक लागत अनुमान ४७ अर्ब २४ करोड रुपैयाँ रहेकामा वृद्धि भएर कूल एक खर्ब एक अर्ब लागत पुगेको यो आयोजनामा हालसम्म करिब ७१ अर्ब खर्च भएको पाण्डेले बताए। सुरुमा भारत सरकारको बजेटबाट सञ्चालित आयोजनामा भारतबाटै निर्माण व्यवसायी र परामर्शदाता आएर काम गरेका थिए। तर भारतीय निर्माण व्यवसायीले काम अलपत्र पारेर हिंडेपछि यसको निर्माण मोडेल परिवर्तन गरियो। दुई देशकाबिच यस्ता राजनैतिक र प्रशासनिक झमेलाले गर्दा आयोजना ढिला हुन पुग्यो।

यसैबिच २०७२ सालको भारतीय नाकाबन्दी, विभिन्न समयमा भएको निर्माण सामग्रीको अभाव र हड्ताल, ठेकेदारको चरम लापरबाही र ढिलासुस्ती, मुआब्जा विवाद र यस वर्षको कोभिड-१९ को संक्रमणको कारणले पनि निर्माणमा ढिलाइ हुन पुग्यो। हुलाकी राजमार्गमा काम गर्ने केही नेपाली ठेकेदारहरू त समयमै काम नसक्नेमा राष्ट्रिय रूपमै बदनाम छन्।

निर्माणमा विलम्ब हुँदा लक्षित जनताले समयमै लाभ नपाउने मात्र होइन, लागत खर्च पनि बढ्न गई राज्यलाई अतिरिक्त आर्थिक भार समेत थपिन्छ।

## नवलपरासी- रूपन्देही- कपिलवस्तुमा कस्तो छ प्रगति ?



कपिलवस्तु। लुम्बिनी प्रदेशमा हुलाकी सडक आयोजनाका अधिकांश सडक स्तरोन्नति तथा पुल निर्माण कार्यहरू राम्रो गतिमा अघि बढिरहेका छन्।

हुलाकी सडक प्रदेश कार्यालयले उपलब्ध गराएको पछिल्लो विवरणअनुसार, कपिलवस्तु जिल्लाको कोठी- तौलिहवा- बहादुरजंग सडकको स्तरोन्नति कार्य सबैभन्दा उच्च प्रगतिमा पुगेको छ। यो आयोजनाको भौतिक तथा वित्तीय प्रगति ९९ दशमलव ३० प्रतिशत पुगिसकेको छ, जसले गर्दा छिट्टै नै यो खण्ड यातायातका लागि पूर्णरूपमा खुल्ने अपेक्षा गरिएको छ।

यसैगरी, कपिलवस्तुको खरेन्द्रपुर- सीतालापुर -विल्मी सडकको स्तरोन्नतिमा ९७ प्रतिशत भौतिक प्रगति भएको छ भने वित्तीय प्रगति ९६ प्रतिशत रहेको छ। सम्झौता रकमभन्दा बढी मूल्य वृद्धि भुक्तानी भए पनि निर्माण व्यवसायी स्वच्छन्द/सिरूवा/वर्ल्डवाइड जेभीले कामलाई तीव्रता दिएको देखिन्छ। नवलपरासीको कठाहवा- त्रिवेणी सडकमा ९५ प्रतिशत र गोपीजंग- नारायणचोक- परासी सडकमा ९० प्रतिशत भौतिक प्रगति भएको कार्यालय प्रमुख होम एसीले जानकारी दिए।

पुल निर्माणतर्फ सुरई खोलामाथिको प्रेस्ट्रेस्ड आरसीसी पुल (बहादुरजंग- रामनगर खोला खण्ड) मा ९७ प्रतिशत प्रगति भएको छ भने कञ्चनिया खोलामाथिको पुलमा ६७ प्रतिशत र तिनाउ खोलामाथिको पुल (भैरहवा- लुम्बिनी सडक खण्ड) मा ७५ प्रतिशत प्रगति पुगेको छ। यी पुलहरू निर्माण सम्पन्न भएपछि तराई क्षेत्रको यातायातलाई थप सहज बनाउने अपेक्षा छ।

यद्यपि नवलपरासीको नारायणचोक- त्रिवेणी सडकको प्रगति भने तुलनात्मक रूपमा कमजोर छ। यो आयोजनाको भौतिक प्रगति ४८ प्रतिशत मात्र रहेको छ भने वित्तीय प्रगति ४६ प्रतिशत छ। बाँकी दायित्व तथा बजेट व्यवस्थापनमा थप ध्यान दिनुपर्ने देखिन्छ।

समग्रमा, लुम्बिनी प्रदेशमा हुलाकी सडकका यी आयोजनाहरूले मूल्य वृद्धि तथा म्याद थपका बाबजुद उच्च प्रगति हासिल गरेको तथ्याङ्कले देखाएको छ। प्रदेश कार्यालयले यी कार्यहरूलाई निरन्तर अनुगमन गरी समयमै सम्पन्न गर्ने प्रयास जारी राखेको जनाएको छ।

# पूर्वाधार विकासमा लम्कदै चन्द्रकोट









**शिव सुवेदी**

*गुल्मी*

गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिकाले पछिल्ला वर्षहरूमा प्रशासनिक संरचना र आधारभूत पूर्वाधार विकासलाई तीव्रता दिएको छ। स्थानीय तह पुनर्संरचनापश्चात् आफ्नै संरचनामा सेवा प्रवाह गर्ने लक्ष्य लिएको पालिकाले अहिले प्रशासनिक भवन निर्माणदेखि वडा कार्यालय, अस्पताल सञ्चालन र विद्युतीकरणसम्मका कामलाई प्राथमिकतामा राखेको छ।

गाउँपालिका अध्यक्ष युवराज खत्री क्षेत्री भने- "हामी आइसकेपछि वडा नम्बर १ को भवन निर्माण गर्यौं। यसै वर्ष वडा नम्बर २ र ५ का भवन निर्माण सम्पन्न भइसकेका छन्। अब यही वर्ष र आगामी वर्षभित्र वडा नम्बर ३ र ४ का कार्यालय पनि सम्पन्न गर्ने तयारीमा छौं।"

स्थानीय सरकार सञ्चालन ऐनले वडा तहलाई नै सेवा प्रवाहको आधार बनाएको छ। तर धेरै पालिकाहरू अझै भाडाका घर वा अस्थायी संरचनाबाट सेवा दिइरहेका छन्। चन्द्रकोटले भने आफ्नै स्थायी संरचनाबाट सेवा दिने लक्ष्य लिएको छ। अध्यक्ष क्षेत्री भन्छन्-"वडा कार्यालयहरू सम्पन्न भएपछि हाम्रा सबै प्रशासनिक र वडासम्बन्धी कार्यहरू आफ्नै भवनबाट सञ्चालन हुनेछन्। यसले सेवा प्रवाह छिटो, व्यवस्थित र प्रभावकारी हुन्छ।"

पालिकाको मुख्य प्रशासनिक भवन पनि निर्माणको अन्तिम चरणमा पुगेको छ। अघिल्लो कार्यपालिकाको अन्तिम वर्षमा ठेक्का टेन्डर भएको यो आयोजना अहिले सम्पन्न हुने चरणमा रहेको छ। सम्भवतः चालु आर्थिक वर्षभित्रै गाउँपालिका आफ्नै प्रशासनिक भवनबाट सञ्चालनमा आउने अपेक्षा गरिएको छ। यसले भाडा खर्च घटाउने मात्र होइन, स्थानीय सरकारको संस्थागत पहिचान र स्थायित्वलाई पनि मजबुत बनाउने विश्वास गरिएको छ।

**आधारभूत अस्पताल: सेवा विस्तारको अर्को पाइला**

नेपाल सरकारले सुरु गरेका १५ आधारभूत अस्पतालमध्ये समयमै सम्पन्न हुनेमध्ये चन्द्रकोटको अस्पताल पनि एक रहेको अध्यक्ष क्षेत्री बताउँछन्। "हामीले अस्पतालको भित्री र बाहिरी व्यवस्थापनमा करिब एक वर्ष समय खर्च गर्यौं," उनी भन्छन्-"गत असोज २९ गतेदेखि अस्पताललाई करिब पूर्णरूपमा सञ्चालनमा ल्याएका छौं।"

अस्पताल सञ्चालनमा आएसँगै स्थानीयवासीलाई सामान्य उपचारका लागि जिल्ला सदरमुकाम वा अन्य सहर धाउनुपर्ने बाध्यता घटेको छ। आधारभूत स्वास्थ्य सेवा, सुरक्षित प्रसूति, ल्याब सेवा र नियमित उपचार अब स्थानीयस्तरमै उपलब्ध हुन थालेका छन्। स्थानीयका अनुसार, अस्पताल सञ्चालनले समय, खर्च र जोखिम तीनै पक्षमा राहत दिएको छ।

**'उज्यालो पालिका' घोषणा गर्ने तयारी**

चन्द्रकोटले विद्युत् पहुँच विस्तारमा पनि उल्लेखनीय प्रगति गरेको दाबी गरेको छ। अध्यक्ष क्षेत्रीका अनुसार गाउँपालिका 'उज्यालो पालिका' घोषणा गर्ने अन्तिम चरणमा पुगेको छ। "नागरिकलाई प्रत्यक्ष राहत दिने हिसाबले हामीले विपन्न नागरिकका लागि विद्युत् मिटर निःशुल्क बनाएका छौं।"- उनी भन्छन्। सामुदायिक विद्युतीकरण उपभोक्ता समूहसँगको साझेदारीमा गाउँपालिकाले सबै घरधुरीमा विद्युत् पहुँच पुर्याउने अभियान सञ्चालन गरेको छ। यसले ग्रामीण जीवनशैलीमा परिवर्तन ल्याएको छ-शिक्षा, साना उद्योग, कृषि प्रशोधन र घरायसी काममा सहजता बढेको छ।

विद्युतीकरणलाई स्थानीय सरकारले सामाजिक न्यायसँग जोडेर हेरेको देखिन्छ। विपन्न परिवारलाई लक्षित गर्दै निःशुल्क मिटर वितरण गरिएको छ, जसले ऊर्जा पहुँचलाई आधारभूत अधिकारका रूपमा स्थापित गर्ने प्रयास गरेको छ।

**घट्दो विद्यार्थी संख्या र सामुदायिक क्याम्पसको चुनौती**

पूर्वाधार विकाससँगै शिक्षा क्षेत्र पनि चन्द्रकोटको प्राथमिकतामा परेको छ। तर विद्यार्थी संख्या घट्दै जानु र स्रोत सीमित हुनु चुनौती बनेको अध्यक्ष क्षेत्री स्वीकार गर्छन्। "संघ सरकारसँग समन्वय गरेर साझेदारी नीति ल्याउनुपर्ने आवश्यकता छ," उनी भन्छन्-"सामुदायिक क्याम्पसमा गरिएको लगानीलाई महालेखाले पटक-पटक बेरूजु देखाउँदा हामीलाई अप्ठ्यारो भइरहेको छ।"

स्थानीय तहले शिक्षा क्षेत्रमा लगानी गर्दा कानुनी स्पष्टता र नीति समन्वय आवश्यक रहेको उनको धारणा छ। विद्यार्थी संख्या घट्दै जाँदा विद्यालय समायोजन, स्रोत व्यवस्थापन र गुणस्तरीय शिक्षाको सुनिश्चितता चुनौतीका रूपमा देखिएको छ।

**संस्थागत सुदृढीकरणतर्फ अघि बढ्दै**

समग्रमा चन्द्रकोट गाउँपालिका प्रशासनिक संरचना, स्वास्थ्य सेवा, ऊर्जा पहुँच र शिक्षा क्षेत्रमा संस्थागत सुदृढीकरणतर्फ अघि बढिरहेको देखिन्छ।

आफ्नै भवनबाट सेवा सञ्चालन, समयमै अस्पताल सम्पन्न, 'उज्यालो पालिका' घोषणा र शिक्षा नीतिमा समन्वयको माग-यी सबै प्रयासले स्थानीय सरकारको दीर्घकालीन सोंच झल्काउँछन्।

अब चुनौती भनेको निर्माण सम्पन्न परियोजनालाई दिगो र प्रभावकारी रूपमा सञ्चालन गर्नु, सेवा गुणस्तर कायम राख्नु र सीमित स्रोतको सदुपयोग गर्नु हो। अध्यक्ष युवराज खत्री क्षेत्रीको दाबीअनुसार, "हामी संरचना मात्र बनाइरहेका छैनौं, हामी सेवा प्रणाली बलियो बनाइरहेका छौं।" चन्द्रकोटको विकास यात्रा अब संरचनाबाट सेवा प्रभावकारितातर्फ मोडिएको छ।

# भौतिक पूर्वाधार विकासमा तानसेन










**कृष्ण पोखरेल**

*पाल्पा*

तानसेन नगरपालिका पाल्पा जिल्लाको सदरमुकाम रहेको नगरपालिका हो। संघीयता आइसकेपछि तानसेन नगरपालिकाभित्र विभिन्न विषयमा प्रशस्त मात्रामा भौतिक पूर्वाधारका क्षेत्रमा विकास भएका छन्।

**सडक पूर्वाधार**

तानसेन नगरपालिकाभित्र बजार क्षेत्रका वडा नं. १ गैरागाउँ, मिशन अस्पताल क्षेत्र, वडा नं. २ को मेहलधारा, नारायणस्थान, अशनटोल, वडा नं. ३ को टक्सार, भगवतीटोल, वसन्तपुर क्षेत्र, वडा नं. ४ को मखनटोल, विशालबजार, सिल्खानटोल क्षेत्र, वडा नं. ५ को कैलाशनगर बतासे क्षेत्र, वडा नं. ६ को भिमसेनटोल बसपार्क बर्तुङ क्षेत्र, वडा नं. ७ को काजिपौवा क्षेत्रका मुख्य सडकदेखि भित्री सडकहरु पिच, कालेपत्रे तथा ढलाइ भएका छन्। तानसेन नगरपालिकाले एक वडा एक किलोमिटर पिच कार्यक्रम सञ्चालन गरी १४ वटा वडाहरूमध्ये २, ३, ४ बाहेक ११ वटा वडाहरूमा पिचको काम गरेको छ। एक वडा एक किलोमिटर सडक कालोपत्रेले नगर ग्रामीण वडाहरुका पनि नगरपालिकाको महशुस गराएको छ। पछिल्लो समय नगरपालिकाभित्र गुफाचौर, डुम्रे, सुनडाँडा र तेल्घा सडक खण्डमा गरी करिब १० किलोमिटर सडक कालोपत्रे भएको तानसेन नगरपालिकानगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए। विश्व बैंकको सहयोगमा संघीय सरकारमार्फत् प्राप्त अनुदानमा डुम्रे, सुनडाँडा, तेल्घा गुफाचौर, बडहरे र हुलाङ्दी सडकअन्तर्गत ६.७० किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। अवस्थाअनुसार आरसीसी ढलान, कभर्ट पुल, कजवेहरु निर्माण भएका छन्। तानसेन नगरपालिकाभित्रका धेरै सडकहरूको सुधार तथा स्तरउन्नतिका कामहरु भएका छन्।

**प्रमुख प्रशासकीय तथा वडा कार्यालय पूर्वाधार**

तानसेन नगरपालिकाको टुँडिखेल क्षेत्रमा रहेको प्रमुख प्रशासकीय भवनलाई स्तरउन्नति गरी तला थप्ने, ट्रस निर्माण, योजना तथा प्राविधिकहरुको लागि छुट्टै भवन निर्माण गरी कार्य सञ्चालन भएको छ। वडा नं. १, २, ३, ४, ५, ९, ११ र १२ का वडा कार्यालय भवनहरू निर्माण भई सेवा सञ्चालनमा रहेका छन्। वडा नं. ९ दमकडामा वडा कार्यालय निर्माणाधीन अवस्थामा रहेको छ। वडा नं. ७ मा रहेको शीतभण्डार २०६४ सालदेखि निर्माणाधीन रहेकोमा हाल अन्तिम चरणमा पुगेको छ। वडा नं. ५ वनदेवी क्षेत्रमा आधुनिक सेवा सुविधासहितको नयाँ हरित बसपार्क निर्माणाधीन रहेको छ। यो बसपार्क यसै आर्थिक वर्षमा सम्पन्न हुने गरी विभिन्न पूर्वाधारका कामहरु भइरहेको नगर उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले बताइन्।

**खेलमैदान पूर्वाधार**

तानसेन नगरपालिको आगनको रुपमा रहेको महत्वपूर्ण स्थान टुँडिखेल मैदानलाई स्तरउन्नति भएको छ। टुँडिखेलको वरिपरि नियमित रुपमा घुमफिरको लागि सडक निर्माण गरिएको छ। टुँडिखेलको पश्चिमतर्फ विभिन्न किसिमका कार्यक्रमहरुको लागि मञ्च निर्माण भएको छ। खेल खेल्नको लागि टुँडिखेलभित्र बरमुण्डा दुवो रोपण गरिएको छ। उत्तर पश्चिम क्षेत्रमा विभिन्न किसिमका प्रतिक्षालयहरु निर्माण भएका छन्। वडा नं. ६ को बाघ खोरमा खेल मैदानको डीपीआर तयार गरी पहिलो चरणको काम भएको छ। ग्रामीण क्षेत्रका अन्य वडामा वडास्तरीय खेलमैदानहरु निर्माण भएका छन्।

**ढलका पूर्वाधार**

तानसेन पहाडी शहर भएकोले खुला ढललाइलाई व्यवस्थित गरिएको छ। परम्परागत खोल्साखोल्सीबाट बग्दै आएका ढलहरूलाई आरसीसी ढलान गरी व्यवस्थित गरिएको छ।

नारायणस्थानदेखि तिनधाराको परम्परागत ढल, हुलाङ्दीदेखि बागबानीको परम्परागत ढल र वडा नं. ४ को पोडे खोल्साको ढललाई व्यवस्थित आरसीसी ढलान गरी सुरक्षित प्रदूषणमुक्त बनाइएको तानसेन नगरका प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरीले बताए। वसन्तपुर क्षेत्र, मिसन क्षेत्र, बारुदखान क्षेत्रमा व्यवस्थित ढलान निर्माण भएका छन्।

**शिक्षा पूर्वाधार**

तानसेन नगरपालिकाभित्रका अधिकांश विद्यालयहरु आरसीसी भवनमा कक्षाकोठा सञ्चालनमा रहेका छन्। विद्यालयको मागअनुसार आवश्यकताको आधारमा कक्षाकोठा थप्न पालिकाले रकम विनियोजन गर्दै आएको छ।

**स्वास्थ्य पूर्वाधार**

तानसेन नगरपालिकाले बजार क्षेत्रका वडा नं. ६ मा भवन निर्माण गरी सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएको छ। वडा नं. ८, ९, १०, ११, १२, १३ र १४ मा पुनः समायोजन भएका वडाहरु भएकोले उक्त वडामा स्वास्थ्यचौकी भवनहरु निर्माण गरी स्वास्थ्य सेवा सञ्चालनमा आएका छन्।

**खानेपानी र सिँचाइ पूर्वाधार**

अर्गली, छेरलुङ, माडी फाँट, प्रभास, बाँसटारी क्षेत्रमा सिँचाइको लागि पक्की कुलो निर्माण भएका छन्। उपभोक्त समितिमार्फत् खानेपानीका ट्याङ्कीहरु निर्माण भएका छन्। वडा नं. ७ को कुनसेरेमा औद्योगिक ग्रामको डीपीआर तयार भइ पहिलो चरणको काम सकिएको छ। थप कामको लागि थप बजेट संघीय मन्त्रालयमा माग गरिएको छ।

# सडकदेखि पर्यटन पूर्वाधारले बदल्दै मदाने





*गुल्मी*

गुल्मी जिल्लाको मदाने गाउँपालिका भौगोलिक रूपमा विकट मानिन्छ । सालभ्कण्डी- ढोरपाटन क्षेत्र हुँदै बाटोले चिरेर गएको यस गाउँपालिकामा विकास निर्माणका कामहरू सहज छैनन् । तर कठिन भूगोललाई चुनौती दिँदै अहिले यहाँ पूर्वाधार विकासले गति लिइरहेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमार्जुन भुसालका अनुसार, मदाने अहिले सडक, स्वास्थ्य, प्रशासनिक भवन तथा पर्यटन पूर्वाधार निर्माणका क्षेत्रमा उल्लेखनीय पहल गरिरहेको छ ।

**सडक पूर्वाधारमा प्राथमिकता**

मदाने गाउँपालिकाको विकासको मूल आधार नै सडक सञ्जाल भएको भुसाल बताउँछन् । दुर्गम भौगोलिक अवस्थाका कारण धेरै क्षेत्रहरू अझै पनि सहज आवतजावतबाट टाढा छन् । “हाम्रो क्षेत्रको विकासको मुख्य चुनौती नै सडक हो,” भुसाल भन्छन्-“सडक सञ्जाल विस्तार र स्तरोन्नतिले नै अन्य विकासका ढोका खोल्छ ।”

सडक पहुँच विस्तार भएसँगै कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहज हुने, स्वास्थ्य र शिक्षामा पहुँच बढ्ने तथा स्थानीय आर्थिक गतिविधिमा गति आउने विश्वास गाउँपालिकाले लिएको छ ।

**स्वास्थ्य सेवामा नयाँ आयाम**

ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्यसहित गाउँपालिकाले नयाँ स्वास्थ्य चौकी निर्माणको प्रक्रिया अघि बढाएको छ । हाल शिलान्यासको चरणमा रहेको स्वास्थ्य चौकीले स्थानीयवासीलाई आधारभूत स्वास्थ्य सेवा आफ्नै गाउँमा उपलब्ध गराउनेछ। भुसालका अनुसार, “स्वास्थ्य चौकी सञ्चालनमा आएपछि ग्रामीणस्तरको स्वास्थ्य सेवा अर्को स्तरमा पुग्नेछ।”अहिलेसानोतिनो उपचारका लागि पनि टाढा जानुपर्ने बाध्यता हट्दै जाने अपेक्षा गरिएको छ ।

**प्रशासनिक पूर्वाधारमा अब्बल**

गाउँपालिकाका सबै वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालनमा आइसकेका छन् । यसले सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाएको छ। साथै, पालिकाको केन्द्रीय भवन पनि छिट्टै नयाँ भवनमा सर्ने प्रक्रियामा रहेको छ । नयाँ प्रशासनिक भवन निर्माण सम्पन्न भएपछि सेवाग्राहीलाई सहज वातावरणमा सेवा प्रदान गर्न सकिने गाउँपालिकाको लक्ष्य छ । भौतिक पूर्वाधार सुदृढ भएसँगै प्रशासनिक पारदर्शिता र कार्यक्षमता पनि बढ्ने विश्वास गरिएको छ ।



**देउरालीमा अतिथि गृह : पर्यटन प्रवर्द्धनको आधार**

मदाने-४ देउराली क्षेत्रमा निर्माण हुन लागेको अतिथि गृह (अतिथि कक्ष/अतिथि गृह) गाउँपालिकाको अर्को महत्वाकांक्षी योजना हो । उक्त क्षेत्र आन्तरिक तथा धार्मिक पर्यटनको सम्भावना बोकेको स्थान मानिन्छ । त्यहाँ ‘जीप लाइन’ जस्ता आकर्षणहरू पनि छन्, जसले साहसिक पर्यटनलाई टेवा पुऱ्याइरहेको छ ।

अतिथि गृह निर्माणको काम माघ महिनाबाट सुरु हुने तयारी छ । डीपीआर (विस्तृत परियोजना प्रतिवेदन) तयार भइसकेको छ भने हाल माटो परीक्षण (सोइल टेस्ट) भइरहेको छ । सोइल टेस्टको प्रतिवेदनका आधारमा आवश्यक परिमार्जन गरेर ठेक्का प्रक्रियामा जाने योजना रहेको भुसालले जानकारी दिए ।

यस परियोजनाले बाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्नुका साथै आगन्तुकका लागि गुणस्तरीय बसोबासको व्यवस्था गर्ने लक्ष्य राखेको छ । “अतिथि संस्कारलाई बलियो बनाउँदै पर्यटनलाई आर्थिक आधार बनाउने हाम्रो योजना हो ।”- भुसालले भने ।

**धार्मिक र आन्तरिक पर्यटनको सम्भावना**

देउराली क्षेत्र धार्मिक आस्थाको केन्द्र पनि हो । उचित पूर्वाधार निर्माणसँगै धार्मिक पर्यटनको प्रवर्द्धन हुने र स्थानीय रोजगारीका अवसर सिर्जना हुने अपेक्षा गरिएको छ। सडक, आवास र साहसिक पर्यटन गतिविधि मिलेर मदानेलाई पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य गाउँपालिकाले लिएको छ ।

**समग्र विकासतर्फ अग्रसर मदाने**

मदाने गाउँपालिका अहिले चरणबद्ध रूपमा पूर्वाधार विकासको यात्रामा अघि बढिरहेको छ । सडक सञ्जाल विस्तार, स्वास्थ्य चौकी निर्माण, प्रशासनिक भवन सुदृढीकरण तथा पर्यटन पूर्वाधार निर्माण जस्ता योजनाले गाउँपालिकाको समग्र विकासलाई नयाँ दिशा दिएको छ । भौगोलिक कठिनाइका बाबजुद योजनाबद्ध ढंगले अघि बढ्दा दुर्गम क्षेत्र पनि विकासको मूलधारमा समेटिन सक्ने उदाहरण मदाने गाउँपालिका बन्ने विश्वास स्थानीय नेतृत्वले लिएको छ । आगामी दिनमा यी योजनाहरू सफलतापूर्वक सम्पन्न भएमा मदाने केवल प्रशासनिक इकाइ मात्र नभई पूर्वाधार र पर्यटनका दृष्टिले पनि सम्भावनायुक्त गन्तव्यका रूपमा स्थापित हुने संकेत देखिएको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधैं सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

देवेन्द्र वर्मा
उप प्रमुख

विष्णुबहादुर योगी
नगर प्रमुख

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

जगतबहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

विद्याप्रसाद यादव
अध्यक्ष

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# सडक सञ्जालले बदल्दै माण्डवी







राधिका भुसाल

*प्यूठान*

ग्रामीण विकासको मूल आधार नै भौतिक पूर्वाधार भएको उल्लेख गर्दै प्यूठानको माण्डवी गाउँपालिकाले पछिल्ला वर्षहरूमा विकास निर्माणका कामलाई तीव्रता दिएको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भिमकान्त भण्डारीका अनुसार पूर्वाधार निर्माण विना सामाजिक रूपान्तरण र आर्थिक समृद्धि सम्भव हुँदैन। त्यसैले हामीले योजनाबद्ध रूपमा भौतिक संरचना विस्तारलाई पहिलो प्राथमिकतामा राखेका छौँ।

सीमित आन्तरिक स्रोतसाधनका बाबजुद गाउँपालिकाले संघीय र प्रदेश सरकारसँग सहकार्य गर्दै विभिन्न बहुवर्षीय तथा वार्षिक योजनाहरू कार्यान्वयन गरिरहेको छ। स्थानीय आवश्यकतालाई केन्द्रमा राखी शिक्षा, स्वास्थ्य, सडक, खानेपानी तथा सञ्चार क्षेत्रमा उल्लेखनीय प्रगति गरिएको गाउँपालिकाले जनाएको छ। सडक पूर्वाधार विकास माण्डवीको प्राथमिकतामा रहेका छ। वडा नम्बर १, ३ र ५ मा पक्की सडक विस्तार भइसकेको छ। ती वडामा बाह्रै महिना सहज यातायात सम्भव भएको छ, जसले कृषि उत्पादन ढुवानी, बजार पहुँच र आपतकालीन सेवामा सहजता ल्याएको छ। वडा नम्बर ४ मा पक्की सडक निर्माणका लागि संघीय र प्रदेश सरकारको अनुदानमा ठेक्का प्रक्रिया अघि बढिसकेको छ। वडा नम्बर २ को कार्यालयसम्म पुग्ने सडक स्तरोन्नतिका लागि गाउँपालिकाको बहुवर्षीय योजनाअन्तर्गत ठेक्का प्रक्रिया सुरु गरिएको छ।

यसका साथै वडाभित्रका सहायक सडकहरू गाउँपालिकाकै जेसीबी र ग्रेडर प्रयोग गरी बर्खा सकिएपछि नियमित मर्मत गर्रिंदै आएका छन्। यसले ग्रामीण बस्तीहरूलाई मुख्य सडक सञ्जालसँग जोड्ने काम गरेको छ।



**झोलुङ्गे पुल र खानेपानीः आधारभूत आवश्यकता पूरा गर्ने प्रयास**

भौगोलिक विकटता कम गर्न बहुवर्षीय झोलुङ्गे पुल निर्माण कार्य जारी छ। तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण भइरहेको उक्त पुलले स्थानीय बासिन्दालाई वर्षायाममा आवतजावतमा हुने कठिनाइ हटाउने अपेक्षा गरिएको छ।

खानेपानी क्षेत्रमा गत वर्ष सबै वडामा योजना सञ्चालन गरिएका थिए। विशेषगरी वडा नम्बर २ मा देखिएको चरम खानेपानी अभाव अहिले समाधान भइसकेको गाउँपालिकाले जनाएको छ। स्वच्छ खानेपानीको पहुँच विस्तारले स्वास्थ्य जोखिम घटाउने विश्वास गरिएको छ।

**शैक्षिक पूर्वाधारमा नमूना**

शिक्षा क्षेत्रमा संरचनात्मक सुधारलाई विशेष प्राथमिकतामा राखिएको छ। गत आर्थिक वर्षमा तीनवटा माध्यमिक विद्यालयका भवन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन्। यसले विद्यार्थीलाई सुरक्षित र व्यवस्थित सिकाइ वातावरण उपलब्ध गराएको छ।

माण्डवी माध्यमिक विद्यालयलाई 'नमूना विद्यालय'को रूपमा विकास गर्ने लक्ष्यसहित पूर्वाधार विस्तार गरिएको छ। अघिल्लो वर्ष नै विद्यालयको एउटा आधुनिक भवन निर्माण सम्पन्न भएको थियो। आवश्यक शैक्षिक पूर्वाधार, प्रयोगशाला, पुस्तकालय र प्रविधिमैत्री कक्षाकोठाको विकासमार्फत् गुणस्तरीय शिक्षाको आधार तयार पार्ने योजना रहेको अधिकृत भण्डारीले बताए।

विद्यार्थी संख्याका आधारमा अधिकांश माध्यमिक विद्यालयमा ठूलो कक्षाकोठा अभाव नरहेको भए पनि उदयपुरकोटस्थित कामाक्षी माध्यमिक विद्यालयमा कक्षा कोठाको अभाव देखिएको छ। यस समस्यालाई आगामी बजेट तथा कार्यक्रममा प्राथमिकतासाथ सम्बोधन गरिने गाउँपालिकाको प्रतिबद्धता छ।

**स्वास्थ्यमा छलाङ : स्वास्थ्य चौकीदेखि अस्पतालसम्म**

स्वास्थ्य क्षेत्रमा पनि माण्डवी गाउँपालिकाले आधारभूत संरचना विस्तारमा उल्लेखनीय प्रगति गरेको छ। पाँचवटै वडामा स्वास्थ्य चौकी भवनहरू निर्माण भई पर्याप्त भौतिक सुविधा उपलब्ध गराइएको छ। यसले प्राथमिक स्वास्थ्य सेवामा नागरिकको पहुँच सहज बनाएको छ।

देवीस्थानमा १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न भइसकेको छ। हाल दरबन्दी स्वीकृति प्रक्रिया अगाडि बढाइएको छ र आवश्यक जनशक्ति व्यवस्थापनपछि अस्पताल सञ्चालनमा ल्याइने तयारी छ। अस्पताल सञ्चालनमा आएपछि गाउँपालिकाभित्रै आधारभूत उपचार सेवा उपलब्ध हुने र जिल्ला बाहिर धाउनुपर्ने अवस्था घट्ने अपेक्षा गरिएको छ।

यद्यपि तीनवटा सामुदायिक स्वास्थ्य एकाइमा भवन अभाव अझै रहेको छ। अस्थायी संरचनाबाट सेवा दिइँदै आएको ती एकाइका लागि क्रमशः स्थायी भवन निर्माणको योजना बनाइएको छ।

**वडा कार्यालयको पूर्वाधारमा लगानी गर्ने योजना**

वडा कार्यालयहरू अझै पनि साविक गाविसकालीन भवनमै सञ्चालन भइरहेका छन्। ती भवनहरू जीर्ण अवस्थामा पुगेका छन्-कतै छाना चुहिने, कतै पर्खाल फुट्ने समस्या देखिएको छ। सेवाग्राहीको सुविधाका लागि सुरक्षित र व्यवस्थित भवन आवश्यक रहेको गाउँपालिकाले स्वीकार गरेको छ। आगामी योजनामा वडा कार्यालय भवन निर्माणलाई पनि प्राथमिकतामा राख्ने तयारी भइरहेको जनाइएको छ।

**सञ्चार पहुँचः पाँचै वडामा फोरजी सेवा**

सञ्चार प्रविधिको पहुँच ग्रामीण विकासको अर्को सूचक हो। माण्डवी गाउँपालिकाका पाँचवटै वडाका सबै बस्तीमा नेपाल टेलिकमको फोरजी सेवा विस्तार भइसकेको छ। यसले विद्यार्थी, व्यापारी, सेवाग्राही र सर्वसाधारणलाई डिजिटल माध्यमसँग जोडेको छ। अनलाइन शिक्षा, बैंकिङ सेवा, सरकारी सूचना आदिमा सहज पहुँच बढेको छ।

समग्रमा माण्डवी गाउँपालिका भौतिक पूर्वाधार विकासको मार्गमा स्पष्ट योजना र प्राथमिकतासहित अघि बढिरहेको देखिन्छ। अझै केही क्षेत्रमा संरचना अभाव र सुधारको आवश्यकता रहे पनि शिक्षा, स्वास्थ्य, सडक, खानेपानी र सञ्चार क्षेत्रमा भएका उपलब्धिले गाउँपालिकालाई क्रमशः सुदृढ र आत्मनिर्भर दिशातर्फ उन्मुख गरिरहेको छ।

प्रमुख प्रशासकीय अधिकृत भिमकान्त भण्डारीका शब्दमा-"हामी चरणबद्ध रूपमा आवश्यक पूर्वाधार पूरा गर्दैछौँ। स्थानीय आवश्यकता र दीर्घकालीन विकासलाई ध्यानमा राखेर काम अघि बढाएका छौँ। अबको लक्ष्य गुणस्तरीय सेवा प्रवाहसँगै आर्थिक क्रियाकलापलाई थप गतिशील बनाउनु हो।" माण्डवी गाउँपालिकाको यो पूर्वाधार केन्द्रित अभियानले आगामी वर्षहरूमा सामाजिक र आर्थिक रूपान्तरणको थप आधार तयार पार्ने अपेक्षा गरिएको छ।

# भौतिक पूर्वाधारमा फड्को मार्दै निस्दी








*पाल्पा*

निस्दी गाउँपालिकामा संघीयतापछि नै भौतिक पूर्वाधार विकासले फड्को मारेको छ। संघीयता अघिसम्म विद्युत् सेवा निस्दीवासीको लागि उपलब्ध थिएन। साविकको अर्चले गाविस, त्यसपछि गएर गल्धा गाविस, मित्याल, झिरूवास र ज्यामिरे गाविसको साविकको तीनवटा वडामा सामुदायिक विद्युत्बाट बत्ती बल्न थालेको संघीयता पछि हो। सामुदायिक विद्युत्बाट छुटेको तीनवटा वडा बाँकामलाङ, सहलकोट र ज्यामिरेको केही वडामा पालिकाबाटै बजेट विनियोजन गरेर राष्ट्रिय प्रसारणको विद्युत् बाल्न सफल भएको हो।

**वडा भवन पूर्वाधार**

वडा नम्बर १ मा नयाँ वडा कार्यालय भवन निर्माण भएको छ। वडा नम्बर २ मा पनि नयाँ भवन सम्पन्न भइसकेको छ। वडा नम्बर ३, वडा नम्बर ६ र वडा नम्बर ७ गरी पाँचवटा वडामा नयाँ भवन बाटै वडा कार्यालय सञ्चालनमा रहेका छन्। प्रमुख प्रशासकीय भवन अहिले निर्माणाधीन अवस्थामा छ। वडाका टोलबस्तीमा आमा समूहका भवनहरू, महिला समूहका भवनहरू, युवा क्लबका भवनहरू, विभिन्न स्मृतिका भवनहरू निर्माण भएको उपाध्यक्ष तिरणकुमारी श्रेष्ठले बताइन्।

**पक्की पुल तथा कल्भर्ट पूर्वाधार**

अर्चलेको निस्दी खोला, रेचेघाटमा पक्की पुल बनेका छन्। पूर्वखोला गाउँपालिका र निस्दी गाउँपालिकाको वडा नम्बर ७ को जमलेघाट पक्की पुल निर्माण भएको छ। वडा नम्बर ५ ढुंखानाबेसीदेखि वडा नम्बर ३ झिरूवास जानेको ककर खोलामा पनी पक्की पुल निर्माण संघीयतापछि नै भएको हो।

**स्वास्थ्य पूर्वाधार**

पालिकाको १५ बेडको हस्पिटल करिब-करिब सम्पन्न हुने अवस्थामा छ। वडा नम्बर ६ अर्चलेको स्वास्थ्य चौकी संघीयतापीपी निर्माण कार्य सम्पन्न भएर सेवा प्रारम्भ भएको छ। वडा नम्बर ७ ज्यामिरेमा पनि नयाँ स्वास्थ्य चौकी भवन निर्माण भएको छ। अहिले सहलकोट स्वास्थ्य चौकी भवनको निर्माण कार्य भइरहेको छ। यसैगरी वडा नम्बर ५ गल्धाको स्वास्थ्य चौकी भवन नयाँ बनेको छ।

**सडक पूर्वाधार**

निस्दी गाउँपालिकाभित्र करिब ४७० किलोमिटर सडकहरू निर्माण भएका छन्। वडाको महत्वपूर्ण बाटो र वडाभित्रका शाखा बाटाहरू संघीयता पछि नै निर्माण भएका हुन्। निर्माण भएका सडकहरूको स्तरउन्नतिको काममा निस्दी गाउँपालिका लागेको प्रवक्ता मेखबहादुर सुनारीले बताए।

पहिला संघीयताभन्दा अगाडि निस्दीमा लिफ्ट खानेपानीहरू थिएनन्। पालिकाको सबै स्थानमा विद्युतीकरण भएपछि नै निस्दी गाउँपालिकाभित्र लिफ्ट खानेपानीको योजनाहरूका काम भएका छन्। प्रत्येक वडमा लिफ्ट खानेपानीको योजना सञ्चालनमा रहेका छन्।

**खेल पूर्वाधार**

पालिकास्तर खेल मैदान निर्माणसँगै वडाका टोल बस्तीमा कम्तीमा एक एक वटा खेलमैदानहरू निर्माण भएका छन्। निस्दी गाउँपालिका भलिबल खेलमा आफ्नो पहिचान कायम गर्दै आएको छ।

**शिक्षा पूर्वाधार**

पालिकाका अधिकांश विद्यालयहरूमा तीन-चार कोठे आरसीसी भवनहरू बनेका छन्। अहिले निस्दी गाउँपालिकामा विद्यालयका भवन, कक्षा कोठाहरू, पुरानो जीर्ण, कच्ची छैनन्। सबै ठाउँमा भौतिक पूर्वाधारका हिसाबले सबै विद्यालयहरू राम्रा छन्।

**सडक पूर्वाधार**

निस्दीको वडा नं. १ बाँकामलाङको खुटेदेखि वडा नं. ७ को ज्यामिरेको हुङ्सी चोकसम्म ४४ किलोमिटर सडक पालिकाको ठूलो गौरवको योजना हो। सडक निर्माणको काम द्रुत गतिमा भएको छ। यो सडक पूर्व -पश्चिम रूपमा पालिकाको सबै वडामा पुग्ने सडक हो। अहिले बाँकामलाङमा नालीहरू बनाउने, ग्राभेलिङ गर्ने, ग्याबिन, सपोट वालहरू उठाउने काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत पूर्णबहादुर चितौरेले बताए।

यो सडकको वडा नं. ३ र ४ मा कटिङको काम भइरहेको छ। यो ४४ किलोमिटर बाटोलाई पालिकाले आफ्नै आन्तरिक श्रोतबाट ग्राभेलसहित कालोपत्रे गर्ने गरी काम गर्दै आएको छ। वडा जोड्ने मुख्य बाटा स्तरउन्नतिको काम भएका छन्। वडाभित्रका सबै टोल-टोलमा सडक पुगेको छ। बेल्डाँडा- मित्याल - अरूणखोलासम्मको तराई पहाड जोड्ने अरूणखोलाको जलुके घाटमा पक्की पुल निर्माण भएको छ। अरूणखोला क्षेत्रबाट मिल्यालतर्फ कालोपत्रे हुँदै आएको छ। निस्दी गाउँपालिकाको पनि बेल्डाँडा मित्यालदेखि तल जलुके घाटसम्मको बाटोमा आफ्नो श्रोतमा विभिन्न किसिमका कामहरू गर्दै आएको छ। यो सडकमा संघीय सरकारबाट साढे ६ करोड रुपैयाँमा काम भइरहेको छ, बेल्डाँडादेखि मित्यालको सडक खण्डमा काम भइरहेको छ। निस्दी ५ ढुङ्गाबेसीको बजार क्षेत्रमा चाहिँ कालोपत्रे भएको छ। वडा नम्बर ६ अर्चलेको मुख्य सडका आरसीसी ढलान भएको छ। निस्दी गाउँपालिका कालीगण्डकी करिडोर, रामपुर कपुरकोटसँग प्रत्यक्ष जोडिएको, महेन्द्र राजमार्गसँग दुरी नजिक रहेकोले ३ वटा मुख्य सडक, पालिकाको केम खाम्चा मार्ग, पालिका केन्द्रदेखि वडा कार्यालयलाई केन्द्र विन्दु बनाएर सडक पूर्वाधारका कामहरू पालिकाले गर्दै आएको पालिका अध्यक्ष मुक्तबहादुर सारूले बताए। निस्दी गाउँपालिकाले पालिका केन्द्रदेखि २० मिनेटदेखि ४५ मिनेटसम्म पुग्ने गरी सडक पूर्वाधारको विकास गरेको छ।

**पर्यटकीय पूर्वाधार**

मगरी कला संस्कृति, तराई र हिमालका दृश्यहरू हेर्न सकिने निस्दी गाउँपालिका एक पर्यटकीय गाउँपालिका हो। वडा नम्बर ३ मा भएको कबुलियती वन काउले डाँडा नेपालमै चर्चित पर्यटकीय स्थल हो। जहाँ पुग्न पालिकाले सडकको स्तरउन्नति गरेको छ। काउले डाँडामा बस्ने विश्राम स्थल, खानेपानी, शौचालयको सुविधा, पूजाआजा गर्नको लागि मन्दिर, मगरी संग्रहालय जस्ता भौतिक पूर्वाधारहरू पालिकाले निर्माण गरेको छ। वडा नम्बर ६ को र ७ को आसपासमा पर्ने लेक डाँडामा सडक पूर्वाधार पालिकाले पुऱ्याएको छ। लेकडाँडामा जाने बाटोमा ठाउँ ठाउँमा ७ वटा प्रतिक्षालय पालिकाले निर्माण गरेको छ। निस्दी २ सहलकोटको जुरे गुफामा पुग्न सडक निर्माण पालिकाले गरेको छ। वडा नम्बर ५ को सुर्गा, वडा नं. ४ को बल्डेंखदेवी मन्दिर जस्ता मन्दिरमा खानेपानी, शौचालय र सडक पूर्वाधारको विकास पालिकाले गरेको छ।

# भिमरूकको समृद्धिको आधार तयार हुँदै







*प्यूठान*

प्यूठानको भिमरूक गाउँपालिका यतिबेला भौतिक पूर्वाधार विकासको तीव्र गतिमा अघि बढिरहेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजवालका अनुसार, स्थापनाकालदेखि नै भिमरूकले सडक, स्वास्थ्य, प्रशासनिक संरचना र आधारभूत सेवामा दीर्घकालीन प्रभाव पार्ने योजनामा विशेष प्राथमिकता दिएको छ । विकासका बहुआयामिक कामहरूले गाउँपालिकालाई ग्रामीण क्षेत्रबाट व्यवस्थित र पहुँचयुक्त स्थानीय तहको नमूनातर्फ उन्मुख गरिरहेका छन् ।

**सडक पूर्वाधारमा ऐतिहासिक लगानी**

भिमरूकले सुरुवातदेखि नै सडक सञ्जाललाई विकासको मेरूदण्ड मानेर काम गरेको छ । मुख्य प्राथमिकतामा रहेको बागदुला- भिमगिठे मार्गलाई गाउँपालिकाको केन्द्रसम्म पक्की बनाउने लक्ष्यसहित काम अघि बढाइएको छ ।

गत वर्ष बागदुला-बतासी डाँडा-जिम्मुरखरा खण्डको ५ दसमलव ३३ किलोमिटर सडक स्तर उन्नति गरिएको थियो । यसले यातायातलाई सहज बनाउनुका साथै स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन सहयोग पुगेको छ । हाल सोही खण्डको १ दशमलव ८ किलोमिटर सडक कालोपत्रे गर्न टेन्डर प्रक्रिया अगाडि बढाइएको छ ।

यससँगै सबै वडा कार्यालयसम्म पुग्ने ग्राभेल सडक निर्माण सम्पन्न भइसकेको छ। यसले प्रशासनिक सेवा लिन नागरिकलाई भोग्नुपरेको सास्ती घटाएको छ । थप रूपमा, सबै वडालाई छुने गरी भिमरूक रिङरोड निर्माणको काम पनि अघि बढिरहेको छ, जसले भविष्यमा यातायात सञ्जाललाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

**स्वास्थ्य पूर्वाधारमा गुणात्मक फड्को**

स्वास्थ्य सेवा पहुँच विस्तार गर्न गाउँपालिकाले उल्लेखनीय पहल गरेको छ । ढाँडा क्षेत्रमा १५ शैयाको आधारभूत अस्पताल निर्माणाधीन अवस्थामा छ । यसै वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको प्रमुख प्रशासकीय अधिकृत सेजवालले जानकारी दिए । अस्पताल सञ्चालनमा आएपछि सामान्यदेखि मध्यमस्तरका उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता घट्ने विश्वास गरिएको छ ।

यसैबिच, ५० शैयाको प्रशासनिक भवन निर्माण सम्पन्न भइसकेको छ। सुविधासम्पन्न भवनले सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाएको छ ।

वडा कार्यालय र प्रशासनिक सुदृढीकरण

भिमरूकमा वडा संरचना सुदृढीकरण पनि प्राथमिकतामा परेको छ। वडा नम्बर ८ को कार्यालय भवन निर्माण बाँकी रहे पनि वडा नम्बर २ को कार्यालय यसै वर्ष निर्माण सम्पन्न हुने क्रममा छ । वडा नम्बर २ को भवन बनेपछि सबै वडामा आफ्नै कार्यालय रहनेछन्, जसले स्थानीय तहको प्रशासनलाई स्थायी र व्यवस्थित बनाउनेछ ।

**कृषि, खेलकुद र खानेपानीमा समानान्तर प्रगति**

गाउँपालिकाले कृषि उत्पादनको संरक्षण र बजारीकरणलाई समेत ध्यानमा राखेको छ। मच्छी बजारमा चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माण भइसकेको छ, जसलाई यसै वर्ष सञ्चालनमा ल्याइने तयारी छ । कोल्ड स्टोर सञ्चालनमा आएपछि किसानहरूले तरकारी तथा फलफूल सुरक्षित राख्न सक्नेछन् र बजार मूल्य अनुकूल हुँदा बिक्री गर्न सक्ने वातावरण बन्नेछ ।

खेलकुद पूर्वाधारतर्फ महिनाकै खेलमैदान निर्माणका लागि सरकारी जग्गा संरक्षण गरी तीव्र गतिमा काम अघि बढाइएको छ । यसले युवा पुस्तालाई खेलकुदमार्फत् स्वस्थ र सक्रिय जीवनशैलीतर्फ उन्मुख गराउने अपेक्षा गरिएको छ ।

साझेदारी संस्थाहरूको सहयोगमा लगभग सबै वडामा खानेपानी सेवा विस्तार भइसकेको छ । सुरक्षित र स्वच्छ पानीको पहुँचले स्वास्थ्य र जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याएको स्थानीयको अनुभव छ ।

**दीगो विकासको जग**

समग्रमा हेर्दा भिमरूक गाउँपालिका भौतिक पूर्वाधार निर्माणमार्फत् दीर्घकालीन विकासको जग बसाल्ने दिशामा अघि बढिरहेको छ। सडक सञ्जाल विस्तार, स्वास्थ्य संस्थाको स्तरोन्नति, प्रशासनिक भवन निर्माण, कृषि पूर्वाधार विकास र खानेपानी सेवा विस्तारले गाउँपालिकालाई व्यवस्थित र आत्मनिर्भर बनाउने आधार तयार भइरहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत अमरराज सेजवालका अनुसार "हामीले पूर्वाधारलाई विकासको मूल आधार मानेर दीर्घकालीन सोचका साथ योजना अघि बढाएका छौं । नागरिकले प्रत्यक्ष लाभ पाउने खालका कार्यक्रमलाई प्राथमिकता दिएका छौं ।"

भिमरूकको यो पूर्वाधार अभियानले निकट भविष्यमा स्थानीय अर्थतन्त्र, सेवा प्रवाह र जनजीवनमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

**पूर्वाधारमा...**

२०८१ सालमा यो एक लाख १० हजार किमी पुगेको छ । अर्थात् ती दशकमा १२ गुणाभन्दा बढीले सडक विस्तार भएको छ । त्यतिखेर २५ सय नागरिकमा १ किमी सडक पर्दथ्यो । अहिले ३ सय नागरिकमा १ किमी सडक पर्दछ। त्यसबेला जनसंख्या २ करोड थियो अहिले ३ करोड हाराहारी छ। अहिले सबै जिल्ला सदरमुकाममा सडक पुगेको छ । अधिकांश पालिका सडकबाट जोडिएका छन् । २०५२ सालसम्म २५ प्रतिशत नागरिकले आधा घण्टाको दुरीमा पक्की सडक भेट्थे । २०८० सालमा ८० प्रतिशत नागरिकले त्यो सुविधा पाएका छन् । सडक पूर्वाधारमा टनेल तथा अग्ला पुलका नयाँ प्रविधि र संरचनाहरू प्रवेश गरेका छन् भने पूर्व पश्चिम जोड्ने चारवटा राजमार्ग सञ्चालनमा आएका छन् ।

**योजनाबद्ध विकासको सात दसक**

२००७ सालमा प्रजातन्त्रको स्थापना हुँदा तराईका केही जिल्ला र काठमाडौं उपत्यकामा गरी सडकको कुल लम्बाइ ३ सय ७६ किलोमिटर मात्र थियो । दुई वटा रेल्वेमध्ये एउटा रक्सौल- अमलेखगन्ज ३९ किमि र अर्को जयनगर- जनकपुर ५२ किमिमा चल्थे । त्यसबेलासम्म देशमा कुनै हवाई मैदान थिएनन् । यस्तो दयनीय अवस्थाबाट सुरु भएको यातायात पूर्वाधारमा अहिले देशले उल्लेखनीय फड्को मारेको भौतिक पूर्वाधार विकास मन्त्रालयका पूर्व सचिव अर्जुनजंग थापा बताउँछन् ।

नेपालले सन् १९५६ बाट आवधिक योजना बनाएर योजनाबद्ध विकासको अवधारणा कार्यान्वयन गर्न सुरु गरे पनि विकास आयोजनाहरूको कार्यान्वयनमा स्रोत जुट्न नसकेर नै पञ्चायतकालको अन्तिमसम्मका आठ वटा आवधिक योजनाले लक्ष्यअनुसार प्रगति हासिल गर्न सकेनन् । हालसम्म कार्यान्वयन गरिएका आवधिक योजनाहरूले गरिबी न्यूनीकरण र समतामूलक विकासको अवधारणा राखे ता पनि यातायात पूर्वाधारको विकासलाई नै उच्च प्राथमिकता दिएका थिए ।

नेपालले सन् १९५६ मा पहिलो पञ्चवर्षीय योजना तर्जुमा गरी योजनाबद्ध विकास सुरू गरेको थियो । अमेरिका र भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा क्षेत्रीय यातायात संगठन सञ्चालनका लागि २ जनवरी १९५८ मा हस्ताक्षर गरी कार्यान्वयनमा ल्याइयो । यसको लक्ष्य नेपालमा ९ सय माइल सडक निर्माण गर्नु थियो, तर २८ प्रतिशत मात्र प्रगति भएपछि यसको कामलाई तोड्ने निर्णय गरियो र सन् १९६२ मा नेपाल सरकारलाई जिम्मा दिइयो । यसले सुनौली- पोखरा, काठमाडौं- जनकपुर, कृष्णनगर- प्यूठान, नेपालगञ्ज- सुर्खेत र धनगढी- डडेलधुरा जोड्ने राजमार्गहरूको योजना बनाइएको थियो र केहीको आंशिक निर्माण पनि सुरू गरिएको थियो ।

सन् १९६५ मा नेपालको ३० वर्षे यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइयो । यस गुरुयोजनाले तराईमा एउटा पूर्व-पश्चिम राजमार्ग र सात वटा उत्तर- दक्षिण कोरिडरहरूको परिकल्पना गऱ्यो । त्यसैलाई निरन्तरता दिँदै अहिले आएर ११ वटा उत्तर-दक्षिण सडकहरू कार्यान्वयनमा छन् ।

त्यसपछि सन् २००२ मा सरकारले २० वर्षे सडक गुरुयोजना बनाई कार्यान्वयनमा ल्याएको थियो, जुन सफलतापूर्वक तोकिएकै समयसीमाभित्र तोकिएका लक्ष्यहरू पूरा भएका थिए । त्यसपछि सन् २०२३ मा अर्को १० वर्षे सडक गुरूयोजना र प्राथमिकता प्राप्त लगानी योजना पनि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

सन् १९८८ सम्म राजमार्गको लम्बाइ ३ हजार ९ सय ३३ किमि र स्थानीय सडकहरूको लम्बाइ २ हजार ७ सय ४८ किमि भएको थियो ।

सडक विभाग, स्थानीय पूर्वाधार विभाग, सहरी विकास तथा भवन निर्माण विभाग र स्थानीय निकायहरूले समेतले स्थानीय सडकहरू निर्माणमा गरिरहेका कारण स्थानीय सडकको लम्बाइ ६७ हजार २ सय ४६ किमिभन्दा बढी भएको छ। राजमार्गहरू र रणनीतिक सडकहरूको लम्बाइ १८ हजार १ सय ७ किमि (२ हजार ९ सय ८८ किमि योजनामा सीमित) गरी कुल सडकहरूको लम्बाइ ८५ हजार ३ सय ५३ किमि पुगेको छ। सोमध्ये ८२ हजार ३ सय ६४ किमि निर्माण भइसकेको छ।






# विकासले बदलिँदै लुंग्री







*रोल्पा*

रोल्पाको लुङ्ग्री गाउँपालिका पछिल्ला केही वर्षमा उल्लेखनीय परिवर्तनको मार्गमा अघि बढेको छ । गाउँवासीका लागि पहुँच, शिक्षा, स्वास्थ्य र प्रशासनिक सेवामा आएको सुधारले यहाँको जीवनशैलीमा ठुलो प्रभाव पारेको छ । प्रमुख प्रशासकीय अधिकृत अनिल रिजालका अनुसार, “पूर्वाधार विकासले मात्र होइन, समग्र सेवामा सुधार ल्याउने योजनाले हाम्रो गाउँलाई आधुनिक बनाइरहेको छ । हामी गाउँवासीको दैनिक जीवनलाई सहज बनाउने दिशामा निरन्तर काम गरिरहेका छौं ।”

**पहुँच मार्गको नयाँ अनुभव**

लुङ्ग्रीको सडक पूर्वाधार विकासले गाउँलाई मुख्य बजार र जिल्ला केन्द्रसँग जोड्ने एक सशक्त मार्ग तयार पारेको छ । गाउँपालिकाको केन्द्रसम्म पुग्ने बाटो पूर्णरूपमा पक्की भएको छ भने सात वडामध्ये चार वडाका केन्द्रसम्मको बाटो दुई वर्षअघि नै पक्की भइसकेको थियो ।

गाउँवासीका लागि मोटरबाटोले दिनप्रतिदिनको यात्रा सहज बनाएको छ । वर्षायाममा खोलो आएर बाटो अवरूद्ध हुने समस्यालाई सम्बोधन गर्न वडा नम्बर १ मा बेली ब्रिज निर्माणको काम सुरु गरिएको छ । गाउँवासी सरला घर्ती भन्छिन्- “पहिले वर्षामा खोलो कटेर विद्यालय जान वा बजार जान मुस्किल हुन्थ्यो । अब बेली ब्रिज बन्ने भएपछि हिंडाइ सजिलो हुन्छ, बालबालिकाहरू सुरक्षित विद्यालय जान पाउँछन् ।”

गाउँपालिका अध्यक्ष भरत कुमार थापा भन्छन्- “सडक र पहुँच विस्तारको काम हाम्रो प्राथमिकता हो । विकास परियोजनाले गाउँवासीको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पारिरहेको छ । हामी सबै वडामा समुचित यातायात सुविधा सुनिश्चित गर्न प्रयासरत छौं ।”

**प्रशासनिक भवन बन्दा सेवाप्रवाह सहज**

पूर्वाधार विकासमा प्रशासनिक भवनको योगदान पनि उल्लेखनीय छ । गाउँपालिकाको प्रशासकीय भवन वडा नम्बर ५, किलाचोरमा अवस्थित छ । तीन तला र २७ वटा कोठा भएको भवन २०७९ सालमा निर्माण सुरु भई २०८२ सालमा सम्पन्न भएको हो ।

यस भवनमा सबै शाखा र कर्मचारीको कार्यक्षेत्र सुनिश्चित भएको छ । वडा नम्बर ४ को भवन निर्माणका लागि जग्गा व्यवस्थापन र बजेटको व्यवस्था भइसकेको छ र आगामी आर्थिक वर्षमा भवन निर्माण हुने योजना छ । उपाध्यक्ष दिलकुमारी गुरूङ भन्छिन्-“हामीले प्रशासनिक सुविधा मात्रै होइन, कर्मचारी र सेवाग्राही दुवैका लागि कामकाज सजिलो बनाउने वातावरण निर्माण गरेका छौं । यसले गाउँपालिका सेवा अधिक प्रभावकारी बनाउँछ ।”

**शिक्षामा आशालाग्दो प्रयास**

गाउँपालिकाभित्र २२ वटा सामुदायिक विद्यालय र एउटा आवासीय विद्यालय सञ्चालनमा छन् । यसमध्ये १३ माध्यमिक र १७ आधारभूत विद्यालय रहेका छन् । भवनको कमी भए पनि निरन्तर निर्माण कार्य भइरहेको छ । यस वर्ष संघीय र गाउँपालिका बजेटबाट न्यूनतम आवश्यकता पूरा गर्ने गरी भवन निर्माण भइरहेको छ ।

विद्यालयमा पढाइ मात्र नभई खेलकुद र सांस्कृतिक गतिविधिलाई पनि प्राथमिकता दिइएको गाउँपालिका अध्यक्ष भरतकुमार थापा बताउँछन् । उनी भन्छन्-“हामीले भवन निर्माणसँगै शिक्षण सामग्री र प्रयोगशालामा पनि सुधार गरेका छौं । बालबालिकाले गुणस्तरीय शिक्षा पाउने वातावरण तयार भएको छ ।”

**स्वास्थ्यः सबैका लागि पहुँच**

स्वास्थ्य क्षेत्रमा पनि लुङ्ग्री गाउँपालिकाले उल्लेखनीय काम गरेको छ । यहाँ २० वटा स्वास्थ्य संस्था सञ्चालनमा छन्, जसमा स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र र ११ सामुदायिक स्वास्थ्य इकाइहरू रहेका छन् ।

गाउँवासीले स्वास्थ्य संस्था पुग्न बढीमा आधा घण्टा हिँड्नु पर्ने गरी पहुँच विस्तार गरिएको छ । कर्मचारीको अभावलाई पूर्ति गर्न आन्तरिक दरबन्दी सिर्जना गरी स्वीकृतिका लागि मुख्यमन्त्री कार्यालयमा पठाइएको छ । अध्यक्ष थापा भन्छन्- “हाम्रो प्रयासले गाउँवासीलाई घर नजिकै स्वास्थ्य सेवा पुर्‍याउने अवसर दिएको छ । बालबालिका र वृद्धवृद्धा सबै लाभान्वित भएका छन् ।”

**बडाचौर विमानस्थलः सम्भावित पुनःजीवन**

लुङ्ग्री गाउँपालिकाको वडा नम्बर ५ मा अवस्थित बडाचौर विमानस्थल पनि पूर्वाधार विकासको केन्द्रबिन्दु हुनसक्छ । यो विमानस्थल २०३८-२०४६ सालसम्म सञ्चालनमा रह्यो । अहिले यसको वरिपरि तारबार गरेर सुरक्षित राखिएको छ ।

मुख्य चुनौती भनेको रनवे निर्माणको आवश्यकता हो । यसका लागि संघीय र प्रदेश सरकारको सहयोग आवश्यक रहेको छ । स्थानीय व्यवसायी हरि खत्री भन्छन्-“यदि विमानस्थल पुनः सञ्चालनमा आयो भने गाउँको पर्यटन र व्यापारमा ठूलो सम्भावना देखिन्छ । यसले रोजगार र आय दुवै बढाउँछ ।”

**जीवनमा आएको परिवर्तन**

पूर्वाधार विकासले लुङ्ग्री गाउँपालिकालाई केवल पहुँचयोग्य मात्र नभई सामाजिक र आर्थिक दृष्टिले पनि उन्नत बनाउने बाटोमा अघि बढाएको छ । सडक, शिक्षा, स्वास्थ्य र प्रशासनिक सुविधा सुधारले गाउँवासीलाई आधुनिक जीवनशैलीको अनुभव दिलाइरहेको छ ।

गाउँवासी सरला घर्ती थप्छिन्-“पहिले सानो समस्या पनि ठूलो चुनौती हुन्थ्यो, अहिले सडक, विद्यालय र स्वास्थ्य सुविधा सबै सहज भएको छ । हाम्रो गाउँ बिस्तारै परिवर्तनको बाटोमा छ ।”

अध्यक्ष भरतकुमार थापा र उपाध्यक्ष दिलकुमारी गुरूङ दुवैको सक्रिय नेतृत्वमा लुङ्ग्री गाउँपालिकामा भएका यी सुधारहरूले गाउँवासीलाई जीवन सहज, सुरक्षित र समृद्ध बनाउने दिशामा ठोस कदम चालिरहेको छ ।

दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा
हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

चेतनाथ गिरि
प्रमुख प्रशासकीय अधिकृत

सन्तोषलाल श्रेष्ठ
नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

छविलाल पौडेल
नगर प्रमुख

शीतगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# रोल्पाको सुनछहरी : दुर्गम गाउँको अद्भूत विकास यात्रा



रोल्पा





रोल्पा जिल्लाको सबैभन्दा दुर्गम र विशाल गाउँपालिका, सुनछहरी गाउँपालिका, पछिल्ला सात वर्षमा अभूतपूर्व पूर्वाधार र सामाजिक विकासको यात्रा तय गर्दैछ । गाउँपालिका अध्यक्ष धनबहादुर पुनमगरका अनुसार, प्रारम्भमा पोवाङको केन्द्रसम्म कुनै वडाको पहुँच थिएन, तर अहिले सबै १० वटै वडा कार्यालयहरू कच्ची सडकमार्फत् गाउँपालिका कार्यालयसँग जोडिएका छन् । यो यात्राले दुर्गम भौगोलिक परिस्थितिमा पनि विकास सम्भव रहेको उदाहरण प्रस्तुत गरेको छ ।

**प्रशासनिक संरचना र भवन निर्माणमा प्रगति**

सुनछहरी गाउँपालिकाले सुरुमा निजी घर भाडामा कार्यालय सञ्चालन गर्नुपरेको थियो, तर अहिले आफ्नै प्रशासकीय भवन, बहुउद्देश्यीय सभाहल र कर्मचारी आवास निर्माण भइसकेको छ । पाँच शैयाको अस्पताल फिनिसिङको चरणमा पुगिसकेको छ । यसैगरी दुई वडा कार्यालय भवन, दुई स्वास्थ्य चौकी भवन र दर्जनभन्दा बढी आरसीसी विद्यालय भवनहरू सम्पन्न भइसकेका छन् । अध्यक्ष पुन मगर भन्छन्- "भवन निर्माण हाम्रो प्राथमिकता हो । आगामी समयमा वडा नं. २ र ४ को कार्यालय भवन र वडा नं. १ को स्वास्थ्य चौकी भवन निर्माणमा विशेष ध्यान केन्द्रित हुनेछ ।"

**शिक्षा क्षेत्रमा सुधार र नयाँ पहल**

सुनछहरी गाउँपालिकाले शिक्षा सुधारमा पनि ठुलो ध्यान दिएको छ । कक्षा ५ र ८ को परीक्षा पालिकास्तरमासञ्चालन गरिएको छ, जसले विद्यार्थीहरूको शैक्षिक मूल्याङ्कनमा सुधार ल्याउने अपेक्षा गरिएको छ । साथै, शैक्षिक गुरुयोजना तयार पारेर योजना आयोगमा पठाइएर विशेष माग प्रस्तुत गरिएको छ । यसले स्थानीय विद्यार्थीहरूको गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रयासलाई बलियो बनाएको छ ।

**स्वास्थ्य, सिँचाइ र पूर्वाधार: ग्रामीण जीवन सुधार**

स्वास्थ्य क्षेत्रमा गत वर्ष १ करोड ६५ लाखको काम सम्पन्न भएको थियो भने अर्को वर्ष ३ करोड बराबरको काम गर्ने लक्ष्य राखिएको छ । बेलायत सरकारको सहयोगमा सञ्चालन भएको लिस्प कार्यक्रमअन्तर्गत सिँचाइ, खानेपानी, वन संरक्षण र ग्रामीण सडकको स्तरोन्नति भइरहेको छ ।

तर चुनौती अझै बाँकी छ । गाउँपालिकामा १३ वटा मोटर पुल आवश्यक भए पनि हाल एक मात्र निर्माण भएको छ । वर्षायाममा खोला पारिकाका चार वटा वडाहरूको सम्पर्क गाउँपालिकासँग टुट्ने समस्या अझै कायम छ । यसलाई समाधान गर्न अगाडि पनि विशेष ध्यान दिइनेछ ।

**बजेट चुनौती र कृषि विकास**

गत वर्ष राजनीतिक कारण र बजेट अभावले गर्दा पुल, बाटो र झोलुङ्गे पुल निर्माणका लागि विनियोजित ११ करोड ५७ लाख रकम फिर्ता भएको थियो । यद्यपि, गाउँपालिकाले अर्गानिक कृषिलाई प्राथमिकता दिँदै 'सुनछहरी कृषि परियोजना' अन्तर्गत वार्षिक १ करोडको बजेटमा काम गरिरहेको छ ।

यस परियोजनाअन्तर्गत महिलामुखी ५३ वटा स्वावलम्बन समूहहरू गठन गरी कृषिलाई आत्मनिर्भर बनाउने दिशा तय गरिएको छ । अध्यक्ष पुनमगरले भने-"महिला स्वावलम्बन र कृषिको संयोजनले हाम्रो गाउँलाई समृद्ध बनाउन ठूलो योगदान दिनेछ । हामीले स्थानीय स्तरमै रोजगारी सिर्जना गर्दै आर्थिक आत्मनिर्भरता सुनिश्चित गर्ने लक्ष्य राखेका छौं ।"

**समृद्धिको यात्रा: चुनौती र अवसर**

सुनछहरी गाउँपालिकाको यो विकास यात्रा केवल सडक र भवन निर्माणमा सीमित छैन । शिक्षा, स्वास्थ्य, महिला सशक्तिकरण र कृषिलाई प्राथमिकतामा राखेर गाउँलेहरूलाई समग्र विकासको अनुभव दिलाइरहेको छ । दुर्गम भौगोलिक अवस्था, सीमित बजेट र प्रशासनिक चुनौतीका बाबजुद, गाउँपालिकाले आफ्नो प्रतिबद्धता देखाउँदै सामाजिक र आर्थिक विकासको मार्ग तयार गरेको छ ।

अध्यक्ष पुन मगरका अनुसार, हाम्रो लक्ष्य केवल भवन र सडक निर्माणमा सीमित छैन, हामी गाउँका प्रत्येक नागरिकको जीवनस्तर सुधार्न प्रतिबद्ध छौं । धैर्य, सही योजना र सहकार्यको माध्यमबाट सुनछहरीलाई समृद्ध र आत्मनिर्भर बनाउने हाम्रो यात्रा निरन्तर जारी रहनेछ । सुनछहरी गाउँपालिकाको यो विकास यात्रा अन्य दुर्गम गाउँपालिकाहरूका लागि उदाहरण बन्न सक्छ, जसले देखाउँछ कि सही योजना, समुदायको सहभागिता र समर्पित नेतृत्वले कठिन भौगोलिक चुनौतीहरूलाई पनि पार गर्न सक्छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

## गाउँवासीहरुमा हार्दिक अनुरोध

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्नें गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

भिमार्जुन भुसाल
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्रबहादुर कुँवर
अध्यक्ष

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# नमूना पालिका बन्दै निसीखोला







*बाग्लुङ*

बाग्लुङको निसीखोला गाउँपालिका पछिल्ला केही वर्षमा पूर्वाधार विकासको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुनमगरका अनुसार, पूर्वाधार र सडक सञ्जाल निसीखोलाको समग्र विकासको मेरूदण्ड हो । यसले गाउँपालिका भित्रका बासिन्दाको दैनिक जीवनमा सकारात्मक प्रभाव पारेको छ ।

**सडक विकास: गाउँपालिकालाई जोड्ने मेरूदण्ड**

गाउँपालिकामा सडक विकासलाई सबैभन्दा ठूलो प्राथमिकताका रूपमा लिइएको छ । मध्यपहाडी लोकमार्गले गाउँपालिकाका सातवटै वडामध्ये छवटालाई जोडेको छ र पाखुरेदेखि पातीहाल्नासम्म करिब ३२ किलोमिटर सडक खण्ड ओगटेको छ । यो सडकले बासिन्दालाई विद्यालय, स्वास्थ्य संस्था, बजार र अन्य आवश्यक सेवासम्म सहज पहुँच दिएको छ ।

सडक निर्माणको क्षेत्रमा संघीय र स्थानीय सरकारको संयुक्त लगानीमा पाखुटी- झिम्का -निसी सडकको अवधारणाले नयाँ अवसर खोलेको छ । यसले वैकल्पिक राजमार्गको रूपमा कार्य गर्दै ट्राफिक सहज बनाउने मात्र नभई, आर्थिक गतिविधिलाई पनि उत्प्रेरित गरेको छ ।

वडा नम्बर ५ को निसेल ढोर सडकलाई ओझेलमा नपार्न प्रदेश सरकार र गाउँपालिकाले संयुक्त लगानी गर्दै काम गरिरहेका छन् । यसैगरी, ढोरपाटन नगरपालिका र निसीखोलाको संयुक्त प्रयासमा ढोरपाटन- निसेल ढोरदेखि पुर्गासम्मको सडक निर्माण भइरहेको छ । यसले नजिकका बजार, स्वास्थ्य सेवा र शैक्षिक संस्थासम्मको पहुँचलाई थप सुनिश्चित बनाएको छ।

वडा नम्बर ७ मा रहेको सालझण्डी- ढोरपाटन सडक र बागदुल्ला- भिम गिठे सडकले पनि स्थानीय विकासमा महत्वपूर्ण योगदान पुर्याइरहेका छन् । यी सडक परियोजनाहरूले उत्पादनशील खेती, स्थानीय व्यवसाय र पर्यटन प्रवर्द्धनमा सहजता ल्याएका छन् ।

**शिक्षा र स्वास्थ्यमा विशेष ध्यान**

शिक्षा क्षेत्रमा चारवटा विद्यालयका आफ्नै भौतिक संरचना निर्माण भइसकेको छ । यसमा भारत ट्रस्ट र गोर्खा वेलफेयर संस्थाले करिब ८० प्रतिशत साझेदारीमा सुविधा सम्पन्न भवन निर्माणमा सहयोग गरेका छन्। यसले विद्यार्थीलाई गुणस्तरीय शैक्षिक वातावरण उपलब्ध गराएको छ।

स्वास्थ्य क्षेत्रमा पनि विकास तीव्र छ । संघीय सरकारको अवधारणाअनुसार, यहाँ १० शैयाको आधारभूत अस्पताल निर्माण भइरहेको छ, र यसको ८० प्रतिशत प्रगति पूरा भइसकेको छ । यस अस्पतालले गाउँपालिकाभित्रका बासिन्दालाई आधारभूत स्वास्थ्य सेवा नजिकै उपलब्ध गराउने लक्ष्य राखेको छ।

**खानेपानी र विद्युत्: जीवनस्तर सुधारका आधार**

गाउँपालिकाले खानेपानी र सरसफाइको सुधारका लागि सरसफाइ गुरुयोजना (वास प्लान) लागू गरेको छ । यस योजनाअन्तर्गत प्रदेश सरकार र नेवा जस्ता संस्थासँग लागत साझेदारी गरेर नयाँ खानेपानी सुविधा र सरसफाइ संरचना निर्माण भइरहेको छ।

विद्युत क्षेत्रमा निसीखोला गाउँपालिका पहिल्यै लघु जलविद्युत् परियोजनामा आत्मनिर्भर थियो । यहाँ लोकु निसी १, २, ३ लगायत करिब सात-आठ साना जलविद्युत् आयोजनाहरू सञ्चालनमा छन् । हाल यी आयोजनाहरूलाई केन्द्रीय प्रसारण लाइनमा जोड्ने काम पनि अघि बढेको छ, जसले स्थिर र पर्याप्त विद्युत् आपूर्ति सुनिश्चित गर्नेछ।

**समग्र विकास: समृद्धितर्फको बाटो**

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी र विद्युत्को विकासलाई प्राथमिकतामा राख्दै समग्र जीवनस्तर सुधार गर्ने लक्ष्य अगाडि सारेको छ। प्रमुख प्रशासकीय अधिकृत पुनमगरका अनुसार, यी सबै परियोजनाले निसीखोलालाई समृद्धि र आत्मनिर्भरतातर्फ अघि बढाउनेछन् । विकास केवल निर्माणमा मात्र होइन, यहाँका वासिन्दाको जीवनस्तर सुधारमा पनि प्रत्यक्ष प्रभाव पार्नेछ।

निसीखोलाको उदाहरणले देखाउँछ कि स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्य, साथै गैरसरकारी संस्थाको समर्थन, ग्रामीण विकासमा कति महत्वपूर्ण छ । यो गाउँपालिका अब केवल पूर्वाधारको क्षेत्रमा नभई शिक्षा, स्वास्थ्य र ऊर्जा क्षेत्रमा पनि उदाहरणीय बन्ने लक्ष्यमा अग्रसर छ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधैं सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं ।

राजन पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद पाण्डेय
अध्यक्ष

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं ।

भिमकान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

नवराज अधिकारी(रोशन)
अध्यक्ष

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# विकासको बाटोमा अघि बढ्दै ताराखोला





*बागलुङ*

पहाडी भौगोलिक कठिनाइकाबिच अवस्थित ताराखोला गाउँपालिका पछिल्ला वर्षहरूमा विकासका विभिन्न क्षेत्रमा उल्लेखनीय परिवर्तनतर्फ अघि बढिरहेको छ। गाउँपालिकाका अध्यक्ष धनबहादुर विश्वकर्माका अनुसार, केही वर्षअघिसम्म यातायात, पूर्वाधार र सेवा सुविधाको पहुँच निकै सीमित रहेको यो क्षेत्र अहिले सडक सञ्जाल विस्तार, कृषि उत्पादन वृद्धि, जलविद्युत् विकास तथा ढुंगा उद्योगका कारण नयाँ सम्भावनाको दिशामा अगाडि बढिरहेको छ।

अध्यक्ष विश्वकर्मा भन्छन्- '२०६४ सालअघि ताराखोला क्षेत्रमा व्यवस्थित सडकको पहुँच लगभग थिएन । त्यस समयमा सदरमुकाम पुग्न स्थानीय बासिन्दाले एक दिनभन्दा बढी पैदल यात्रा गर्नुपर्ने अवस्था थियो । स्थानीय समुदायको सक्रियता र विभिन्न क्षेत्रबाट प्राप्त सहयोगले प्रारम्भिक रूपमा ट्र्याक खोल्ने काम सुरु गरिएको थियो।'

त्यसपछि ६० लाख रुपैयाँ विनियोजन गरी 'सहिद मार्ग' निर्माणको सुरुवात गरिएको थियो, जसले ताराखोला क्षेत्रलाई बाहिरी संसारसँग जोड्ने महत्वपूर्ण आधार तयार गऱ्यो।

२०७४ सालको स्थानीय निर्वाचनपछि सडक विस्तारलाई थप प्राथमिकता दिइयो । माओवादी नेता प्रकाश घर्तीको पहलमा गाउँपालिकाले एक्साभेटर खरिद गरेर विभिन्न स्थानमा ट्र्याक खोल्ने कामलाई तीव्रता दिएको अध्यक्ष विश्वकर्माले बताए।

संघीय र प्रदेश सरकारबाट बजेट आउन थालेपछि स्थानीय जनसहभागितामा सडक विस्तार अझै व्यापक बन्यो । बहुवर्षीय आयोजनाअन्तर्गत २१ करोड रुपैयाँ स्रोत सुनिश्चित भएपछि १७ करोड रुपैयाँमा सडक निर्माणको ठेक्का समेत लगाइएको छ।

यसै क्रममा गल्भेट- रूम- म्याग्दी जोड्ने ११ किलोमिटर लामो कृषि सडक निर्माण गरिएको छ, जसले स्थानीय कृषि उत्पादन ढुवानी र जनजीवनलाई सहज बनाएको छ । अहिले संघीय सरकारको सहयोगमा नाली निर्माण र ग्राभेल गर्ने कामहरू पनि भइरहेका छन्।

७४ किलोमिटर लम्बाइको सहिद मार्गका लागि करिब ७४ करोड रुपैयाँ लागत अनुमानसहित डीपीआर तयार भएको छ । वार्षिक रूपमा ३-४ करोड रुपैयाँ बराबरका काम हुँदै आएका छन् । यद्यपि सडक पूर्णरूपमा सम्पन्न नभए पनि यसले स्थानीय आर्थिक गतिविधिमा महत्वपूर्ण प्रभाव पार्ने विश्वास गाउँपालिकाले लिएको छ।

साथै अमरभूमि वडा नम्बर १ बाट गल्कोट जोड्ने शाखा सडक विस्तारको काम पनि जारी रहेको छ । सहिद मार्ग र कृषि सडक विस्तारपछि काठेखोला गाउँपालिका, अमरभूमि, अर्गला, ताराखोला तथा रूम- म्याग्दी क्षेत्रबिच यातायात सम्पर्क अझ मजबुत हुने अपेक्षा गरिएको छ।



**शिक्षा र प्रशासनिक पूर्वाधारमा सुधार**

ताराखोला गाउँपालिकामा शिक्षा पूर्वाधार पनि क्रमशः सुदृढ हुँदै गएको छ। गाउँपालिकामा हाल २१ वटा विद्यालय सञ्चालनमा रहेका छन्। तीमध्ये ६ वटा माध्यमिक विद्यालय, ३ वटा आधारभूत विद्यालय र १२ वटा प्राथमिक विद्यालय रहेका छन्।

निजी विद्यालय नहुँदा पनि सरकारी विद्यालयहरूमा अंग्रेजी माध्यमबाट अध्यापन सञ्चालन गरिएको अध्यक्ष विश्वकर्माले जानकारी दिए । विद्यालय भवन निर्माण तथा शैक्षिक पूर्वाधार विकासका कारण शिक्षाको वातावरण सुधार हुँदै गएको स्थानीय सरकारको भनाइ छ।

प्रशासनिक व्यवस्थापनका लागि गाउँपालिकाको चारतले आधुनिक प्रशासनिक भवन निर्माण सम्पन्न भइसकेको छ । वडा नम्बर १, २ र ४ का वडा कार्यालय भवनहरू पनि तयार भएका छन् भने वडा नम्बर ५ को भवन निर्माण अन्तिम चरणमा पुगेको छ। वडा नम्बर ३ मा भने जग्गा अभावका कारण भवन निर्माण कार्य अझै बाँकी रहेको छ।

**'एक घर एक धारा' कार्यक्रमबाट खानेपानी पहुँच**

खानेपानी सुविधा विस्तारका लागि गाउँपालिकाले 'एक घर एक धारा' कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ । प्रदेश सरकारको कार्यक्रमलाई गाउँपालिकाले समन्वय गर्दै अधिकांश घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याइएको छ।

साथै सिँचाइ सुविधाको विस्तार पनि भइरहेको छ । अध्यक्ष विश्वकर्माका अनुसार, अहिले करिब ५० प्रतिशत कृषि क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ, जसले कृषि उत्पादनमा सकारात्मक प्रभाव पारेको छ।

**अर्गानिक कृषिमा ताराखोलाको पहिचान**

कृषि क्षेत्र ताराखोला गाउँपालिकाको प्रमुख आर्थिक आधारमध्ये एक हो । यहाँको आलु उत्पादन विशेष रूपमा चर्चित मानिन्छ । स्थानीय किसानहरूले विषादी तथा रासायनिक मल प्रयोग नगरी अर्गानिक तरिकाले खेती गर्दै आएका छन्।

आलु, भाङ्गो र अलैंची यहाँका प्रमुख कृषि उत्पादन हुन् । गाउँपालिकाका अनुसार, आलु बिक्रीबाट मात्र वार्षिक करिब १० देखि ११ करोड रुपैयाँसम्मको कारोबार हुने गरेको छ । भाङ्गो र अलैंचीबाट पनि वार्षिक करिब ३ करोड रुपैयाँ बराबरको आम्दानी हुने गरेको बताइएको छ।

**१ सय ५० वर्ष पुरानो ढुङ्गा उद्योग**

ताराखोलाको अर्को महत्वपूर्ण आर्थिक आधार भनेको ढुङ्गा उद्योग हो । यहाँको छाउने ढुंगा करिब १ सय ५० वर्षदेखि विभिन्न स्थानमा निर्यात हुँदै आएको छ । गाउँपालिकाका अनुसार, वार्षिक करिब ४० करोड रुपैयाँ बराबरको ढुंगा निकासी हुने गरेको अनुमान छ।

हाल गाउँपालिकामा १३ वटा उद्योग दर्ता भएर ढुंगा खानी सञ्चालनमा छन् । यद्यपि खानी तथा भूगर्भ विभागमा भने एउटा मात्रै उद्योग औपचारिक रूपमा दर्ता भएको अवस्था रहेको अध्यक्ष विश्वकर्माले बताए।

ढुंगा खानीको काम विशेषगरी मगर समुदायले बढी गर्दै आएको पनि उनले जानकारी दिए। पहाडी भू-भागका कारण ढुंगा खानी धेरै स्थानमा पाइने भएकाले आफ्नै बारीमा खनेर बिक्री गर्ने स्थानीयलाई कडाइ नगरेको उनले बताए।

**ऊर्जा विकास र सामाजिक कार्यक्रम**

ऊर्जा क्षेत्रको विकासका लागि गाउँपालिकाले लघु जलविद्युत् आयोजनाहरू सञ्चालनमा ल्याएको छ । अहिले ८ वटा लघु जलविद्युत् आयोजना सञ्चालनमा रहेका छन्। ती आयोजनाहरूको क्षमता १७ किलोवाटदेखि ४ दसमलव २ मेगावाटसम्म रहेको छ। सामाजिक क्षेत्रमा पनि गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। विभिन्न वडामा सुत्केरी महिलालाई वडा अध्यक्षको सेवा सुविधाबाट भाले उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिएको छ।

बसाइँसराइ रोक्ने प्रयास पनि गाउँपालिकाले गरिरहेको छ । अध्यक्ष विश्वकर्माका अनुसार, मगर समुदायमा बसाइँसराइ निकै कम रहेको छ भने ब्राह्मण, क्षेत्रीलगायतका केही परिवार अन्य स्थानमा सरेका छन्। समग्रमा बसाइँसराइ दर भने न्यून रहेको बताइएको छ।

**परिवर्तनको आशा**

अध्यक्ष विश्वकर्माले गाउँपालिकामा भइरहेका विकास निर्माणका कामहरूले आगामी वर्षहरूमा अझ ठूलो परिवर्तन ल्याउने विश्वास व्यक्त गरे। विशेषगरी सडक सञ्जाल विस्तार, कृषि आधुनिकीकरण र स्थानीय उद्योग प्रवर्द्धनमार्फत् ताराखोलालाई आर्थिक रूपमा सशक्त बनाउने लक्ष्य रहेको उनले बताए।

"हामीले अहिले गरिरहेका कामहरू पूर्णरूपमा देखिन केही समय लाग्न सक्छ, तर यसले भविष्यमा ठूलो प्रभाव पार्नेछ," अध्यक्ष विश्वकर्माले भने-"सडक सञ्जाल विस्तार र स्थानीय स्रोतको सदुपयोगमार्फत् ताराखोलालाई विकासको नयाँ चरणमा पुऱ्याउने हाम्रो लक्ष्य छ।"

भौगोलिक कठिनाइका बाबजुद स्थानीय जनसहभागिता, सरकारी लगानी र प्राकृतिक स्रोतको उपयोगले ताराखोला गाउँपालिका विकासको नयाँ यात्रातर्फ अघि बढिरहेको देखिन्छ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

गोपालबहादुर थापा मगर
अध्यक्ष

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधैं सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं।

प्रेमबहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

धनबहादुर पुनमगर
अध्यक्ष

सुनछहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

# विकासको रोलमोडल रेसुङ्गा









प्रेम सुनार
*गुल्मी*

गुल्मीको रेसुङ्गा नगरपालिकामा पछिल्ला वर्षहरूमा विभिन्न विकास र निर्माण कार्यक्रमहरूले नगरको रूप र नागरिकको जीवनस्तरमा नयाँ चमक ल्याएका छन् । सडक, स्वास्थ्य, ऊर्जा, सांस्कृतिक र रोजगार परियोजनाहरूले नगरवासीलाई सहजता, अवसर र आधुनिक सुविधा प्रदान गर्दैछन् ।

देउराली-कमेरपानी सडक खण्डको निर्माणले यातायातको पहुँच र व्यवसायिक गतिविधिमा सुधार ल्याउने अपेक्षा गरिएको छ। नगरप्रमुख खिलध्वज पन्थीका अनुसार, नगरपालिकाले सडक निर्माणलाई प्राथमिकता दिएको छ, जसले नगरका बासिन्दा र आसपासका बजारसँगको सम्पर्क सहज बनाउनेछ।

नगरपालिकामा निर्माण भइरहेको बहुउद्देश्यीय सभा हलको निरीक्षण गर्दा उप-प्रमुख अमृतादेवी कुँवरले यसको सामाजिक र सांस्कृतिक महत्वमा जोड दिएकी छिन् । यो भवन निर्माण भएपछि कार्यशाला, सभा र सांस्कृतिक कार्यक्रमका लागि प्रयोग गरिनेछ, जसले सामुदायिक जीवनमा उत्साह थप्नेछ । ऊर्जा र विद्युत् क्षेत्रमा, तम्घास- बुर्तिबाङ १३२ प्रसारण लाइन परियोजना नगरपालिकामा स्थायी र भरपर्दो विद्युत् सेवा सुनिश्चित गर्ने योजना हो। प्रमुख प्रशासकीय अधिकृत बाबुराम पल्लीले परियोजनाको नियमित अनुगमन गर्दै नगरका घर, विद्यालय र स्वास्थ्य केन्द्रमा स्थायी विद्युत् आपूर्ति सुनिश्चित गरिरहेका छन् ।

नगरपालिकामा सुरु भएको 'मिसन रोजगारी' कार्यक्रमले स्थानीय युवाहरूलाई नयाँ रोजगारी अवसर प्रदान गरिरहेको छ। उप-प्रमुख अमृतादेवी कुँवरले यस कार्यक्रमका माध्यमबाट युवाहरूमा आर्थिक सक्रियता र सामुदायिक सहभागिता बढाउने उद्देश्य स्पष्ट पारेकी छिन् ।

स्वास्थ्य सेवामा, गुल्मी अस्पतालको नयाँ भवन निर्माणले नगरवासीलाई सुविधाजनक र आधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउनेछ । प्रमुख प्रशासकीय अधिकृत बाबुराम पल्लीको व्यवस्थापनमा अस्पतालको स्तरीय सेवा र सुविधा वृद्धि हुँदैछ, जसले स्वास्थ्य पहुँच अझ सुलभ बनाउनेछ।

नवनिर्मित पुल, वडा कार्यालय भवन र अन्य पूर्वाधार परियोजनाहरूले नगरको दैनिक जीवनमा सहजता थपेका छन्। नगर प्रमुख खिलध्वज पन्थी र उप-प्रमुख अमृतादेवी कुँवरका पहलले यी परियोजनाहरूलाई समयमै अघि बढाइएको छ।

रेसुङ्गा नगरपालिकामा थालिएका यी विकास र निर्माणका परियोजनाहरूले नगरलाई आधुनिक, सुविधा सम्पन्न र अवसरपूर्ण बनाउने दिशातर्फ अघि बढाएका छन् । आगामी वर्षहरूमा यी परियोजनाहरू पूरा भएपछि नगरवासीले आधुनिक पूर्वाधार, रोजगारी अवसर र जीवनस्तर सुधारको प्रत्यक्ष अनुभव गर्नेछन् ।

यस नगरपालिकाको नाम प्रसिद्ध धार्मिक स्थल र प्राकृतिक सम्पदाको नामबाट राखिएको हो, जुन ऐतिहासिक र पर्यटकीय महत्व बोकेको ठाउँको रूपमा परिचित छ । विभिन्न गाउँ विकास समितिहरू मिलेर स्थापना भएको यो नगरपालिका ८३.७४ वर्ग किलोमिटरमा फैलिएको छ र १४ वटा वार्ड समेटेको छ । यहाँका पहाडी भू-भाग, रेसुङ्गा पहाड, अर्जुन, बडीघाट, छल्दी र पनाहजस्ता स्थलहरूले नगरको प्राकृतिक र सांस्कृतिक महत्व अझ उजागर गरेका छन् । शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि र अन्य सामाजिक-आर्थिक क्षेत्रहरूमा निरन्तर विकास गर्दै आएको रेसुङ्गा नगरपालिका आज आफ्नो समृद्ध भविष्यको दिशामा अग्रसर छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

रजत प्रताप शाह
नगर प्रमुख

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

अजय थापा
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चन्द्रौटा
लुम्बिनी प्रदेश, नेपाल

# सडक पूर्वाधारले समृद्धिको ढोका खोल्दै ढोरपाटन







महेश रिजाल

*बागलुङ*

बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका पछिल्ला वर्षहरूमा पूर्वाधार विकासका दृष्टिले उल्लेखनीय परिवर्तनको यात्रामा अघि बढिरहेको छ । एक समय यातायात, स्वास्थ्य र प्रशासनिक सेवामा निकै कठिनाइ भोगेको यो क्षेत्र अहिले सडक, स्वास्थ्य संस्था, प्रशासनिक भवन र अन्य आधारभूत संरचनाको विस्तारसँगै क्रमशः विकासको नयाँ चरणमा प्रवेश गर्दैछ ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी घिमिरेका अनुसार, पालिकाको कुल बजेट ६१ करोड रुपैयाँको हाराहारीमा रहेको छ । यसमध्ये करिब १० करोड रुपैयाँ पूर्वाधार विकासका लागि छुट्याइएको छ । यही बजेट र विभिन्न साझेदारी कार्यक्रममार्फत् पालिकाले प्रशासनिक भवन, स्वास्थ्य संस्था, सडक सञ्जाल र अन्य संरचनात्मक विकासका कामहरू अघि बढाइरहेको छ ।

पूर्वाधार विकासको दृष्टिले पालिकाको महत्वपूर्ण उपलब्धिमध्ये एक हो नयाँ पालिका भवन निर्माण । करिब ७ करोड रुपैयाँ लागतमा निर्माण गरिएको यो भवन ५ तले र १४ कोठे सुविधा सम्पन्न संरचना हो । यस भवनमा कार्यपालिका बैठक सञ्चालन गर्ने कक्ष, सभाहल तथा प्रशासनिक सेवा सञ्चालनका लागि आवश्यक कार्यालयहरू व्यवस्था गरिएको छ । यसअघि कार्यालय सञ्चालनका लागि पर्याप्त संरचना नहुँदा सेवा प्रवाहमा समस्या हुने गरेको थियो । अहिले भने एकीकृत प्रशासनिक भवनले सेवा प्रवाहलाई व्यवस्थित बनाएको छ ।



स्वास्थ्य सेवाको क्षेत्रमा पनि ढोरपाटनले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । पालिकाभित्र रहेको बुर्तिबाङ प्रादेशिक अस्पताल हाल प्रादेशिक अस्पतालको रूपमा स्तरोन्नति भइसकेको छ । यहाँ ५० शैयाभन्दा बढी क्षमताको अस्पताल भवन निर्माण सम्पन्न भइसकेको छ । यसले ढोरपाटन मात्र नभई आसपासका क्षेत्रका नागरिकलाई पनि स्वास्थ्य सेवा उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

यसका अतिरिक्त नगरपालिकाभित्र रहेका ९ वटा वडामा १० स्वास्थ्य संस्थाहरू सञ्चालनमा छन् । प्राथमिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न १५ शैयाको अर्को अस्पताल भवन निर्माणाधीन अवस्था छ । स्थानीय तहले स्वास्थ्य सेवाको पहुँच बढाउने लक्ष्यका साथ विभिन्न संरचना निर्माण र व्यवस्थापनलाई प्राथमिकता दिएको छ ।

यातायात पूर्वाधारको विस्तार पनि यहाँको विकास यात्राको अर्को महत्वपूर्ण पक्ष बनेको छ । नगरपालिकाका सबै वडा कार्यालयहरू अहिले सडक सञ्जालसँग जोडिएका छन् । विगतमा दुर्गम भूगोलका कारण धेरै ठाउँमा पुग्न घण्टौं पैदल हिँड्नुपर्ने अवस्था थियो । अहिले भने सडक विस्तारसँगै जनजीवन सहज बन्दै गएको छ ।

क्षेत्रीय कनेक्टिभिटीलाई थप मजबुत बनाउन सालझण्डी-ढोरपाटन सडक निर्माण प्रक्रिया अघि बढिरहेको छ । यसको टेण्डर प्रक्रिया अर्घाखाँचीमा सम्पन्न भइसकेको छ र ढोरपाटनसम्म सडक विस्तार गर्ने काम भइरहेको छ । यस सडकले भविष्यमा ढोरपाटनलाई प्रदेशका अन्य प्रमुख सहरहरूसँग जोड्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी राष्ट्रियस्तरको महत्वपूर्ण परियोजनामध्ये पहाडी लोकमार्ग पनि यस क्षेत्रको विकाससँग जोडिएको छ । लोकमार्गले यहाँका बस्तीहरू हुँदै जाने भएकाले स्थानीय आर्थिक गतिविधि विस्तार हुने विश्वास गरिएको छ । लोकमार्गअन्तर्गत देउरालीसम्मको २९ किलोमिटर सडकखण्डका लागि आवश्यक सहजीकरणको काम भइरहेको नगरपालिकाले जनाएको छ ।

ढोरपाटन क्षेत्र लामो समयदेखि झोलुङ्गे पुलको जिल्ला भनेर चिनिँदै आएको छ । यहाँ आधा मिटरदेखि करिब एक किलोमिटरसम्म लम्बाइका झोलुङ्गे पुलहरू निर्माण भएका छन् । विशेषगरी बर्खाको समयमा नदी तथा खोला पार गर्न यी पुलहरूले स्थानीय नागरिकको आवतजावतलाई सहज बनाएका छन् । पहाडी भूगोलका कारण सडक पहुँच पुग्न कठिन भएका स्थानहरूमा झोलुङ्गे पुलहरू अझै पनि महत्वपूर्ण पूर्वाधारका रूपमा रहेका छन् ।

नगरपालिकाका सबै वडा कार्यालय भवन भने अझै पूर्णरूपमा निर्माण भइसकेका छैनन् । विशेषगरी वडा नम्बर ५ र ६ का कार्यालय भवन निर्माण हुन बाँकी रहेकाले अहिले अस्थायी टहराबाट सेवा प्रदान गरिँदै आएको छ । आगामी योजनामा ती भवन निर्माणलाई प्राथमिकतामा राखिएको छ ।

शिक्षा क्षेत्र सुधारका लागि पनि पालिकाले विभिन्न पहलहरू थालेको छ । विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाउने नीति अपनाइएको छ । विद्यालयहरूको लेखा परीक्षण, शैक्षिक गतिविधिको अनुगमन तथा व्यवस्थापन सुधारका कामहरू भइरहेका छन् । नगरपालिकाभित्र हाल ११ वटा माध्यमिक विद्यालय, एक मदरसा र गरी २४ वटा विद्यालयहरू सञ्चालनमा छन् ।

खानेपानी व्यवस्थापन भने यहाँको प्रमुख चुनौतीमध्ये एक बनेको छ । धेरै ठाउँमा पानीका मुहानहरू तल रहेका छन् भने बस्तीहरू पहाडको माथिल्लो भागमा छन् । यही कारणले पानी आपूर्तिमा समस्या देखिने गरेको छ । यस समस्यालाई समाधान गर्न उपभोक्ता समिति गठन गरी विभिन्न योजनाहरू अघि बढाइएको छ ।

आर्थिक विकासका दृष्टिले ऊर्जा र कृषि क्षेत्रलाई पनि प्राथमिकतामा राखिएको छ । नगरपालिकाले एक हजार किलोवाट क्षमताको जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरेको छ । यसका साथै एसियाकै ठूलो बन्न सक्ने कृत्रिम ताल निर्माणको सम्भावनाबारे अध्ययन भइरहेको छ ।

हाल भने अधिकांश बस्तीहरू स्थानीय लघु जलविद्युत् आयोजनाहरूमा निर्भर छन् । निसिकोट, भूमि र ढोरपाटनलगायत विभिन्न स्थानमा रहेका यस्ता ७-८ वटा साना जलविद्युत् आयोजनाहरूले स्थानीय स्तरमा विद्युत आपूर्ति गर्दै आएका छन् ।

कृषि र पशुपालनलाई पनि आर्थिक आधारको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । विशेषगरी बाख्रा पालनका लागि पकेट क्षेत्रहरू घोषणा गरेर कार्यक्रम सञ्चालन गरिएको छ । भविष्यमा यस क्षेत्रलाई मासु उत्पादनको हब बनाउने योजना नगरपालिकाले अघि सारेको छ ।

ढोरपाटन पर्यटन सम्भावनाले पनि समृद्ध क्षेत्र मानिन्छ । प्राकृतिक सुन्दरताले भरिएको ढोरपाटन उपत्यका, बगिरहने उत्तरगंगा नदी तथा ऐतिहासिक महत्व बोकेको अर्नाकोट जस्ता स्थानहरू पर्यटनका दृष्टिले आकर्षक मानिन्छन् । अध्ययनअनुसार, भविष्यमा यहाँ वार्षिक ६० लाखभन्दा बढी पर्यटक आकर्षित हुन सक्ने सम्भावना छ ।

नगरपालिकाले प्रविधिको प्रयोगलाई पनि विस्तार गरिरहेको छ । विद्यालय र स्वास्थ्य संस्थाहरूको गतिविधि अनुगमन गर्न सीसीटीभी क्यामेरा प्रणाली प्रयोगमा ल्याइएको छ । यसले सेवा प्रवाहको पारदर्शिता र व्यवस्थापन सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

एक समय यस्तो थियो जब यस क्षेत्रका नागरिकलाई आवश्यक सामग्री ल्याउन खच्चर चढेर तम्घाससम्म पुग्नुपर्ने अवस्था थियो । दुर्गम भूगोलका कारण विकासको गति निकै सुस्त थियो । तर अहिले सडक, प्रशासनिक संरचना, स्वास्थ्य संस्था र अन्य पूर्वाधार विस्तारसँगै ढोरपाटन क्रमशः आर्थिक गतिविधि, बजारीकरण र समग्र विकासको दिशातर्फ अघि बढिरहेको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

## गाउँवासीहरुमा हार्दिक अनुरोध

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

भरतकुमार थापा
अध्यक्ष

**लुङ्ग्री गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

## नगरवासीहरुमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

सूर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत

रमणबहादुर थापा
नगर प्रमुख

**रामपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# गुल्मीदरबार गाउँपालिका : विकासको गतिमा अघि बढ्दै







**डीबी टण्डन (विजय)**

*गुल्मी*



लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा रहेको गुल्मीदरबार गाउँपालिका पछिल्ला वर्षहरूमाा ग्रामीण विकासको उदाहरणीय स्थानीय तहका रूपमा अघि बढिरहेको छ । स्वास्थ्य, शिक्षा, सडक, ऊर्जा तथा प्रशासनिक पूर्वाधारको क्षेत्रमा भइरहेको प्रगतिले गाउँपालिकाको स्वरूप क्रमशः परिवर्तन हुँदै गएको देखिन्छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज पौडेलका अनुसार, स्थानीय सरकारको पहल, जनप्रतिनिधिहरूको सक्रियता तथा नागरिकको सहभागिताले गाउँपालिकामा विभिन्न विकास निर्माणका योजनाहरू कार्यान्वयन भइरहेका छन् । स्थानीय बासिन्दालाई आधारभूत सेवा सहज रूपमा उपलब्ध गराउने लक्ष्यसहित गाउँपालिकाले विभिन्न क्षेत्रहरूमा काम गरिरहेको उनले बताए ।

स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न गाउँपालिकाले महत्वपूर्ण कदम चालेको छ । देशका धेरै स्थानीय तहमा १५ शैयाका पालिका अस्पताल सञ्चालन गर्न चुनौती भइरहेका बेला गुल्मीदरबार गाउँपालिकाले १५ शैयाको पालिका अस्पताल सञ्चालनमा ल्याइसकेको छ । यो अस्पताल २०८२ साल साउनदेखि सञ्चालनमा आएको हो । यसले गाउँपालिकाका नागरिकलाई आफ्नै क्षेत्रमा प्राथमिक स्वास्थ्य सेवा प्राप्त गर्न सहज बनाएको छ । साथै गाउँपालिकाका सातवटै वडामा स्वास्थ्य चौकीहरू निर्माण गरिएका छन् । वडा नम्बर ४ र वडा नम्बर ६ मा आधुनिक स्वास्थ्य चौकी भवनहरू निर्माण भइसकेका छन्, जसले स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सहयोग पुगेको छ ।

शिक्षा क्षेत्रको विकासका लागि पनि गाउँपालिकाले विद्यालयहरूको भौतिक संरचना सुधारमा ध्यान दिएको छ । हाल १६ कोठे आधुनिक विद्यालय भवनहरू निर्माण भइरहेका छन्, जसमा रून्खा दह माध्यमिक विद्यालय, ठुला पोखरा र ईश्वरी माध्यमिक विद्यालय प्रमुख रहेका छन् । गाउँपालिकाभित्र हाल ३१ वटा विद्यालय सञ्चालनमा रहेका छन्, जसमा १२ वटा माध्यमिक विद्यालय (एक निजी विद्यालयसहित) रहेका छन् । यसका साथै ३० वटा सामुदायिक र एउटा निजी बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । यसले बालबालिकाको प्रारम्भिक शिक्षा र माध्यमिक शिक्षामा पहुँच विस्तार गर्न सहयोग पुऱ्याएको छ ।

गाउँपालिकाको प्रशासनिक सेवा प्रभावकारी बनाउन वडा नम्बर ३ को म्याल्पोखरीमा नयाँ प्रशासनिक भवन निर्माण भइरहेको छ । करिब ४ करोड ३७ लाख रुपैयाँ लागतमा निर्माण भइरहेको दुई तले भवनको हालसम्म करिब १५ प्रतिशत काम सम्पन्न भएको गाउँपालिकाले जनाएको छ । यसलाई २०८४ बैशाख १५ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । हाल गाउँपालिकामा वडा नम्बर १ बाहेक अन्य ६ वडाका आफ्नै कार्यालय भवनहरू निर्माण भइसकेका छन्, जसले स्थानीय प्रशासनलाई व्यवस्थित बनाउन सहयोग गरेको छ ।

गाउँपालिकामा सडक सञ्जाल विस्तार गर्ने काम पनि क्रमशः अघि बढिरहेको छ । हाल वडा नम्बर ३ र वडा नम्बर ४ मा पक्की सडक पुगेको छ भने अन्य वडाहरूमा कच्ची सडकमार्फत् यातायात सेवा सञ्चालन भइरहेको छ । पहाडी भू-भाग र भौगोलिक विकटताका कारण सडक निर्माण चुनौतीपूर्ण भए पनि गाउँपालिकाले विभिन्न स्थानमा झोलुङ्गे पुलहरू निर्माण गर्दै आवागमनलाई सहज बनाउने प्रयास गरिरहेको छ ।

ऊर्जा र सिँचाइको क्षेत्रमा पनि गाउँपालिकाले महत्वपूर्ण कामहरू अघि बढाएको छ । गाउँपालिकामा राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् सेवा उपलब्ध छ भने तीन वटा सामुदायिक लघु जलविद्युत् आयोजना सञ्चालनमा छन् । कृषि उत्पादन बढाउने उद्देश्यले करिब आठ वटा लिफ्टिङ सिँचाइ आयोजना सञ्चालन भइरहेका छन् । साथै विभिन्न स्थानमा खानेपानीका पूर्वाधार निर्माण गर्ने काम भइरहेको छ, जसले स्थानीय नागरिकको जीवनस्तर सुधार गर्न सहयोग पुऱ्याइरहेको छ ।

समग्रमा हेर्दा स्वास्थ्य, शिक्षा, प्रशासनिक पूर्वाधार, सडक, ऊर्जा तथा सिँचाइ क्षेत्रमा भइरहेको विकास निर्माणका कारण गुल्मीदरबार गाउँपालिका क्रमशः विकास र परिवर्तनको दिशामा अघि बढिरहेको देखिन्छ । स्थानीय सरकार, जनप्रतिनिधि र नागरिकको संयुक्त प्रयासले यो गाउँपालिका भविष्यमा अझ समृद्ध र व्यवस्थित स्थानीय तह बन्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

दलबहादुर भट्टराई
अध्यक्ष

मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

प्रमोद खनाल
प्रमुख प्रशासकीय अधिकृत

कृष्णप्रसाद श्रेष्ठ
नगर प्रमुख

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

# पूर्वाधार विकासको लय समात्दै शीतगंगा









**अराज बेल्बासे**

*अर्घाखाँची*

भौगोलिक क्षेत्रफलका हिसाबले देशकै ठूला नगरपालिकामध्ये अर्घाखाँचीको शीतगंगा नगरपालिका विकास निर्माणका दृष्टिले भने अनेक चुनौतीसँग जुधिरहेको छ । न्यून स्रोत-साधन, सीमित बजेट र ठूलो भौगोलिक क्षेत्रका कारण नगरपालिकाले सबै वडा र नागरिकले प्रत्यक्ष रूपमा अनुभूति गर्ने गरी विकास पुऱ्याउनु सहज छैन । तथापि, चुनौतीकै बिचमा सम्भावनालाई अवसरमा बदल्दै शीतगंगा नगरपालिका क्रमशः भौतिक पूर्वाधार विकासको यात्रामा अघि बढिरहेको छ ।

२०७९ सालमा दोस्रो कार्यकालको जिम्मेवारी सम्हाल्दै नगरप्रमुख छविलाल पौडेल र उप-प्रमुख गीता भाटले नगरपालिकामा नवीन विकासको सुरुवात गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । जनताको आवश्यकतालाई प्राथमिकतामा राखेर योजनाबद्ध विकास गर्ने उनीहरूको प्रतिबद्धताअनुसार पछिल्ला वर्षहरूमा भौतिक पूर्वाधारसँगै अन्य क्षेत्रहरूमा पनि क्रमशः सकारात्मक परिवर्तन देखिन थालेका छन् ।

शीतगंगा नगरपालिकाले अघि सारेका गौरवका सडक आयोजनाहरू अहिले विकासको केन्द्रमा छन् । विगतमा हरेक वडामा सडक विस्तार भए पनि ती सडकहरू वर्षायाममा सञ्चालनयोग्य थिएनन् । हाल नगरपालिकाले चार प्रमुख सडकलाई करिव वर्षभरि सञ्चालनयोग्य बनाउन सफल भएको छ । बर्खायाममा समेत नियमित रूपमा सार्वजनिक यातायात सञ्चालन हुन सक्ने अवस्था सिर्जना हुनु नगरपालिकाको ठूलो उपलब्धि मानिन्छ ।

नगर गौरवको सीतापुर- सुवर्णखाल- मन्द्रे जोड्ने करिब ३० किलोमिटर लामो सडक पहिले मौसमी सडकका रूपमा मात्र प्रयोग हुँदै आएको थियो । हाल यो सडकलाई हरेक मौसममा सञ्चालन गर्न मिल्ने सडकको रूपमा स्तरोन्नति गरिएको छ । सडकको अधिकांश खण्डमा ग्राभेल गरिएको छ भने केही क्षेत्रमा कालोपत्रे कार्यसमेत सुरु भइसकेको छ । आगामी वर्षहरूमा थप कालोपत्रे योजना कार्यान्वयन हुने वडाध्यक्ष मानबहादुर सिंजालीले जानकारी दिएका छन् ।

अमराइ- जुकेना- देउराली- ऐरावती सडक शीतगंगा नगरपालिकाकै सबैभन्दा व्यस्त सडक मानिन्छ । नगरपालिकाले यस सडकलाई 'पतञ्जली सडक' नामकरण गर्दै गौरवको आयोजनाको रूपमा अघि सारेको छ । बाह्रै महिना सञ्चालनयोग्य बनाउने लक्ष्यसहित प्राथमिकतामा राखिएको यस सडकमा पछिल्लो समय नगरपालिकाको बजेटबाट कालोपत्रे कार्य सुरु गरिएको छ । अमराइदेखि जुकेनासम्मको खण्ड कालोपत्रे भइसकेको छ भने जुकेनाबाट अगाडि थप कालोपत्रे गर्ने योजना रहेको योजना शाखा प्रमुख नुमलाल खनालले बताएका छन् ।

त्यसैगरी, चक्ला- बोहखर- पाँकुरी- धानखोला सडक पनि नगरपालिकाको गौरवको आयोजना हो । करिब ५९ किलोमिटर लामो यो सडकलाई प्रदेश राजधानीसँग जोड्ने मुख्य मार्गका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ । यस सडकमा ग्राभेल तथा ११.५ किमी कालोपत्रे रहेको र अन्य कार्य सञ्चालन भइरहेको नगरपालिकाका इञ्जिनियर नारायण पाण्डेले जानकारी दिएका छन् । सीमित बजेटका कारण प्राथमिकताका आधारमा मर्मत तथा स्तरोन्नति गर्दै अघि बढ्नु परेको उनको भनाइ छ ।

भौगोलिक रूपमा विशाल क्षेत्र ओगटेका कारण नगरपालिकामा योजनाको संख्या धेरै हुने र कार्यान्वयनमा चुनौती देखिनु नगरपालिकाका चुनौती रहको उप-प्रमुख गीता भाटले बताइन् । धेरै क्षेत्र समेट्ने योजनाका कारण विकास प्रत्यक्ष देखिने गरी अनुभूति हुन नसकेको गुनासोसमेत हुने गरेकोले समानान्तर रूपमा विकास गर्ने योजनामा नगरपालिका रहेको भाटले जनाइन् ।

यस अवस्थालाई सुधार गर्न नगरपालिकाले पछिल्ला वर्षहरूमा योजनाको संख्या घटाउने नीति अवलम्बन गरेको छ । अघिल्ला वर्षहरूमा वार्षिक एक हजारभन्दा बढी योजना सञ्चालन हुँदै आएकोमा हाल यो संख्या घटाएर ४६८ मा सीमित गरिएको छ ।

चालु आर्थिक वर्षमा सञ्चालन भएका योजनामध्ये १ लाखदेखि ५ लाख रुपैयाँ बजेटका २४२ वटा योजना रहेका छन् भने १ लाखसम्मका साना योजना १४३ वटा छन् । ५ लाखदेखि १० लाखसम्मका ५१ वटा योजना सञ्चालनमा छन् । ५० लाखभन्दा बढी बजेटका ठूला योजना भने जम्मा ९ वटा मात्र छन् । यसले शीतगंगा नगरपालिकामा ठूला पूर्वाधार योजनालाई प्राथमिकतामा राख्न बजेटको अभाव छ ।

बजेटको सीमितताका बाबजुद नगरपालिकाले सडक, सिँचाइ, खानेपानीलगायतका आधारभूत क्षेत्रमा योजनाहरू अघि बढाइरहेको छ । नगरपालिकाको आफ्नै प्रयासमा ४.५ किलोमिटर सडक कालोपत्रे भएको छ भने प्रदेश र संघ सरकारको सहयोगमा १५.५ किलोमिटर सडक कालोपत्रे गरिएको नगर प्रमुख छबिलाल पौडेलले बताए । शीतगंगा नगरपालिकाभर करिब १४०० किलोमिटरभन्दा बढी सडक सञ्जाल रहेकोमा हालसम्म जम्मा २० किलोमिटर सडक मात्र कालोपत्रे भएका छन् । कतिपय सडक जीर्ण अवस्थामा पुगिसकेका भए पनि पुनः कालोपत्रे गर्न नगरपालिकासँग पर्याप्त बजेट नभएको नगरपालिकाको भनाइ छ ।

यसैगरी, नगरपालिकाले आफ्नै स्रोतबाट करिब ४ किलोमिटर सडक आरसीसी ढलान गरेको छ भने प्रदेश तथा संघ सरकारबाट करिब ४ किलोमिटर सडक ढलान भएको छ । करिब ८० किलोमिटर सडक ग्राभेल गरिएको छ । बाँकी सडकहरू भने अझै पनि धुलाम्मे र हिलाम्मे अवस्थामै रहेका छन् ।

नगरपालिकाको कुल बजेटमध्ये सबैभन्दा ठूलो हिस्सा अहिले पनि सडक पूर्वाधारमै खर्च हुँदै आएको छ । करिब ११०० किलोमिटर सडकलाई नगरपालिकाले नियमित मर्मत गरी आवतजावत योग्य बनाउँदै आएको छ । तर, बर्खा याममा आउने क्षतिका कारण सडक मर्मतमा लाग्ने खर्च अत्यधिक हुने भएकाले नगरपालिकाको स्रोतले मात्र सबै सडक सञ्चालनयोग्य राख्न कठिन भइरहेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले बताए । बर्खामा सडक पहिरो जाने पानीले क्षति गर्ने तुरून्तै मर्मत गरेर सडक सञ्चालन गर्नु पर्ने अवस्था हुन्छ, तर ठुलो भुगोल प्राप्त स्रोतसाधनको कमीले तोकिएको समयमा काम गर्ने समेत समस्या हुने गरेको प्रमुख प्रशासकीय अधिकृत सापकोटाले बताउँछन् ।

केन्द्र र प्रदेश सरकारमा अर्घाखाँचीका नेताहरूको पहुँच भए पनि शीतगंगा क्षेत्रले अपेक्षित प्राथमिकता नपाएको गुनासो यहाँका जनप्रतिनिधिहरूको छ । नगरपालिका र वडा जोड्ने सबै सडक कालोपत्रे गर्न अहिलेको बजेट आकारका आधारमा २० वर्ष लाग्ने अवस्था रहेको उनीहरू बताउँछन् । हाल गोरूसिङ्गे- सन्धिखर्क सडक खण्ड र संघ सरकारले कालोपत्रे गरेको चक्ला- हर्रे सडकका कारण वडा नम्बर २, ३ र १० बाहेक अन्य वडामा कालोपत्रे सडक सञ्जाल पुग्न सकेको छैन ।

यति धेरै चुनौतीकाबिच पनि शीतगंगा नगरपालिका निरन्तर प्रयासरत छ । सीमित स्रोतसाधनलाई अधिकतम सदुपयोग गर्दै प्राथमिकताका आधारमा विकास योजनाहरू अघि बढाइँदै छन् । भौतिक पूर्वाधारमा देखिन थालेका यी परिवर्तनहरूले आगामी दिनमा शीतगंगा नगरपालिकालाई समृद्धि र विकासको नयाँ चरणमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधैं सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सरस्वती दर्लामी चिदी
अध्यक्ष

बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

नविल विक्रम शाह
अध्यक्ष

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

२०८२ चैत २२ गते, आइतबार
Sunday April 05, 2026
दैनिक लुम्बिनी

# पूर्वाधार विकासमा छत्रदेव अब्बल




*अर्घाखाँची*

अर्घाखाँचीको छत्रदेव गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठले पूर्वाधार विकासका दृष्टिले छत्रदेव गाउँपालिका अरूभन्दा अब्बल रहेको दाबी गरेका छन् । पालिकावासीको जीवनस्तर उकास्न निरन्तर जुटिरहेका अध्यक्ष श्रेष्ठ विशेषगरी विकास निर्माण, कृषि, पर्यटनका कामलाई अगाडि बढाएका छन् । विगतको भन्दा आफ्नो कार्यकाल सुरु भएपछि धेरै परिवर्तन भएको दाबी गर्ने श्रेष्ठ अझ धेरै काम गर्न बाँकी रहेको बताउँछन् । नागरिकको आवश्यकतालाई पहिचान गर्दै पालिकाको स्रोत, साधन र बजेटले भ्याएसम्म विकास निर्माणको कामलाई निरन्तरता दिएको पनि अध्यक्ष श्रेष्ठ बताउँछन् । निर्वाचनको समयमा बोलेका कुराहरूको कार्यान्वयन विकासका दृष्टिले पनि जनताको दैनिक जीवनलाई सहज हुने गरी काम गरिरहेको उनले बताए । गाउँपालिकाअध्यक्ष श्रेष्ठले चार वर्षअघि कार्यसम्पादन मूल्यांकनमा देशकै उत्कृष्ट नतिजा हासिल गर्दै नेपालकै तृतीय उत्कृष्ट गाउँपालिकाको रूपमा स्थापित छत्रदेव गाउँपालिकाले प्राप्त गरेको विरासत जोगाइराख्न जनप्रतिनिधि र कर्मचारीहरू निरन्तर सक्रिय रहेको बताए । अध्यक्ष श्रेष्ठले नागरिकले सरकार खोज्दै कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै सरकार नै नागरिकको दैलोमा पुग्ने व्यवस्था गाउँपालिकाले अवलम्बन गरेको बताए । स्वास्थ्य, शिक्षा, रोजगार र आधारभूत पूर्वाधारलाई केन्द्रमा राखेर नागरिकमैत्री र परिणाममुखी कामहरू गरिरहेका बताउँदै श्रेष्ठले छत्रदेव देशमै सबैभन्दा पहिला खरको छानामुक्त गाउँपालिका घोषणा भएको बताए ।

'खरको छानामुक्त र काठको पोलमुक्त गाउँपालिका पनि घोषणा गरिसकेका छौं,' श्रेष्ठले भने-'लक्षित विपन्न समुदायको लागि पनि सोलार वितरण गरिएको छ ।' खानेपानीको अभाव पूरा गर्न गाउँपालिकामा ४० करोडको खानेपानी योजना पारिएको उल्लेख गर्दै उनले हालसम्म २५ सय ५२ घरधुरीमा एक घर एक धारा कार्यक्रम सम्पन्न गरिएको जनाए । गाउँपालिका सबै घरधुरीमा एक घर एक धारा पुऱ्याइने उनको दाबी छ ।

छत्रदेव गाउँपालिका उपाध्यक्ष मनि पन्थीले पनि आफूहरूले कार्यभार सम्हालेदेखि पूर्वाधार निर्माणमा उल्लेखनीय कार्य गर्दै आएको दाबी गरिन् । 'विकास निर्माणका सवालमा जनताका बिचमा गरेका प्रतिबद्धतालाई पूर्णता दिँदै आएका छौं, जसअन्तर्गत गाउँपालिमा भौतिक विकासका साथसाथै अन्य विकासका कामलाई हामीले निरन्तरता दिएका छौं,' उनले भनिन्-'गाउँपालिकाले रिङ्ग रोड सडक हुँदै छत्रदेव गाउँपालिकाको वडा नं. ८ अर्घातोषदेखि चिदिका- मथुरा देउराली हुँदै छत्रदेवका सबै वडामा पुग्ने गरी सडक निर्माणलाई समेत निरन्तरता दिएका छौं ।'

मदन भण्डारी राजमार्ग लगायत मोटर बाटो गाउँपालिकामा रहेका धेरै शाखा बाटोलाई निरन्तरता दिएको उनले बताइन् । छत्रदेवमा रहेका शक्तिपीठ छत्रदेवालयसम्म पदयात्रा गर्दै पुग्ने बाटोको दुबैतर्फ आकर्षक रेलिङसहित सिढीको काम पनि अन्तिम चरणमा पुगेको, गाउँपालिकामा रहेका सम्पदाको नियन्त्रण गर्न सिसिटिभी क्यामेरा जडान गरेको प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले बताए ।

'मेरो यो जन्मभूमि पनि भएकोले केही चुनौती होलान्, त्यसको बावजुद् पनि राम्रा काम गरेर देखाउने अवसरको रूपमा लिएको छु ।'- उनले भने ।

# पालिकाको विकास निर्माणमा अब्बल रम्भा




*पाल्पा*

संघीयतापछिको पालिकाको विकास निर्माणमा सबैभन्दा बढी पूर्वाधार विकासमा बजेट विनियोजन भई खर्च भएको छ । रम्भा गाउँपालिकाले पनिविनियोजन गर्ने वार्षिक बजेटमा सबैभन्दा बढी पूर्वाधार विकासमा गर्दै आएको छ ।

**सडक पूर्वाधार**

रम्भा गाउँपालिकामा स्थानीय सरकार सञ्चालन हुनुभन्दा अगाडि पालिकाभित्रका सडकहरू सामान्य रूपमा सञ्चालनमा मात्र रहेका थिए । स्थानीय निर्वाचनपछि गाउँपालिकाभित्र हालसम्मको अवस्थामा २५० किलोमिटर सडक निर्माण भएको छ । रम्भा गाउँपालिकाभित्र रामपुर कपुरकोट प्रदेश सडक, सिद्धार्थ राजमार्ग र कालीगण्डकी करिडोर गरी ३ वटा मुख्य सडकहरू रहेका छन् भने एक वटा पालिका पहुँचमार्ग रहेको छ । यी सडकहरूलाई आधार बनाएर पालिकाले सडक पूर्वाधार सञ्जाल विस्तार गर्दै आएको छ ।

पालिकाले निर्माण गरेको २५० किलोमिटर सडकहरू नियमित रूपमा हाल सञ्चालित छन् । रम्भा गाउँपालिकाले सबै वडाको टोल बस्तीमा साना सवारी साधनहरू समेत जान सक्ने गरी सडक सञ्जाल निर्माण गरेको छ । पालिकाभित्र सबै टोल-टोलमा सहज रूपमा एम्बुलेन्स पुग्ने सडक निर्माण भएका छन् । पालिकाले आफ्नै जनशक्ति र बजेटमा सडक कालोपत्रेको काम सुरु गरेको छ । पालिकाको पहुँचमार्ग कालोपत्रे भएको छ भने चालु आ.व.मा वडा नं. ५ को फुरूङ्दी- पूर्वखोला जोड्ने सडकमा ९ सय मिटर कालोपत्रेको काम सुरु गरेको अन्य वडाहरूका प्रमुख सडकहरूमा कालोपत्रे गर्ने पालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए ।

**आफ्नै वडा भवनबाट सेवा सञ्चालन**

रम्भागाउँपालिकाले आफ्नै वडा कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ । पाँचवटै वडा कार्यालयका भवनहरू मर्मत तथा व्यवस्थित गर्ने, आवश्यकताअनुसार नयाँ निर्माण गर्ने गरेर पाँचवटै वडाको आफ्नै भवनबाट सेवाप्रवाह भइरहेका छन् । लामो समयपछि पालिकाले प्रमुख प्रशासकीय भवनको द्रुत गतिमा निर्माण भइरहेको पालिका उपाध्यक्ष राधाकुमारी श्रेष्ठले बताइन् ।

**स्वास्थ्य सेवामा पूर्वाधार विकास**

रम्भा गाउँपालिकाले वडा नं. ५ ताहुँमा पालिकास्तरीय १५ शैयाको हस्पिटल निर्माण गरेको छ । पालिकाले ५ वटै वडामा स्तरीय स्वास्थ्य चौकीमार्फत् सेवा प्रदान गर्दै आएको छ । विभिन्न क्षेत्रमा सामुदायिक भवनहरू निर्माण भएका छन् । प्रत्येक वडामा पालिकाको प्रत्येक वडामा ८ देखि १० वटाका दरले आमा समूहका भवनहरू, क्लबका भवनहरू तथा सामुदायिक भवनहरू निर्माण सम्पन्न भएका छन् ।

**खानेपानीमा पूर्वाधार विकास**

२०७४ अघि करिब ३० प्रतिशतको हाराहारीमा 'एक घर एक धारा' सम्पन्न भएका थिए । संघीयतापछि रम्भा गाउँपालिकाले ठाउँ-ठाउँमा खानेपानी ट्याङ्की निर्माण गरेर हाल ८० प्रतिशतभन्दा बढी घरमा एक घर एक धाराको सुविधा प्रदान गरेको छ । बाँकी रहेका खानेपानी योजना आगामी ८३ फागुनसम्म सम्पन्न गरेर पालिकालाई एक घर एक धारा भएको पालिका घोषणाको तयारीमा पालिका जुटेको प्रमुख प्रशासकीय अधिकृत वीरबहादुर पुनले बताए ।

**बालमैत्री स्थानीय शासन र पूर्ण संस्थागत सुत्केरी पालिका बनाउन पूर्वाधारको महत्वपूर्ण योगदान**

रम्भा गाउँपालिकालाई बालमैत्री स्थानीय शासन लागू भएको गाउँपालिकामा र पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका भएको छ । पालिकाभित्र थुप्रै विद्यालयका भवनहरू निर्माण भएका छन् । पालिकाले पूर्वाधारसहित देशमै नमूना आधुनिक गुरुकुल निर्माण गरी सञ्चालन गरेको छ । जुन रम्भा गाउँपालिका वडा नम्बर १ को उत्तरबाहिनी क्षेत्रमा सञ्चालित छ । रम्भा गाउँपालिका खरको छानामुक्त गाउँपालिका घोषणा भएको छ । पालिकाले पूर्वाधारको प्रयोग बढाएर गाउँपालिकालाई एउटा नमूना गाउँपालिका बनाउँदै लगेका छ ।

**गरिब विपन्नलाई ४० घर निर्माण**

पालिकाभित्र अब कुनै व्यक्ति पनि घरबारविहीन हुननपर्ने गरी गाउँपालिकाले घरबास कार्यक्रम सञ्चालन गरेको छ । पालिकाको आफ्नै साधन र स्रोतमा गतवर्ष त्यस्ता विपन्न नागरिकहरूलाई निःशुल्क रूपमा घरहरू निर्माण गरिदिएको हो । पालिकाले लोपोन्मुख जातिहरू माझी बस्तीमा ३६ वटा घर निर्माण गरेर हस्तान्तरण गरिसकेको पालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले बताए । गतवर्ष पालिकाले विपन्न नागरिकलाई थप ४ वटा घर बनाएर हस्तान्तरण गऱ्यो भने अहिले ५ वटा घर बनाइदिने गरी गाउँपालिकाले सम्झौता गरेको छ ।

रम्भा गाउँपालिकामा घरबारविहीन कोही पनि हुन नपरोस् भनेर पालिकाले यस्तो पुनरवास कार्यक्रम सञ्चालन गरेको प्रमुख प्रशासकीय अधिकृत पुनले बताए । पालिकाले भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री, बालमैत्री, युवामैत्री जस्ता कुराहरूलाई ध्यानमा राखेर काम गर्दै आएको रम्भा गाउँपालिकाले जनाएको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

**गाउँवासीहरूमा हार्दिक अनुरोध**

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

**रुद्रबहादुर पछाई**
प्रमुख प्रशासकीय अधिकृत

**भुपाल पोखरेल**
अध्यक्ष

**धुर्कोट गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

**हार्दिक अनुरोध**

**सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।**

- शारीरिक कमजोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं ।
- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती या कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।
- चोक बत्ती भएको ठाउँमा पदैलयात्री, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं ।
- विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।

**कुशलता न्यौपाने**
आयोजना प्रमुख

**बुटवल-गोरुसिङ्गे सडक आयोजना कार्यालय**
बुटवल, लुम्बिनी प्रदेश, नेपाल

# पूर्वाधार विकासले बदल्दै कृष्णनगर





*कपिलवस्तु*

कपिलवस्तुको कृष्णनगर नगरपालिका पछिल्ला वर्षहरूमा पूर्वाधार विकासका दृष्टिले उल्लेखनीय परिवर्तनको चरणमा प्रवेश गरेको छ। साविकका १० गाउँ विकास समितिहरूलाई समेटेर बनेको ९६ दशमलव ६६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिका अहिले १२ वडामार्फत् सेवा प्रवाह गर्दै विकासको गतिलाई संस्थागत बनाउने प्रयासमा देखिन्छ। सीमित स्रोत-साधन हुँदाहुँदै पनि स्थानीय सरकारले भौतिक पूर्वाधारलाई प्राथमिकतामा राख्दै योजनाबद्ध रूपमा काम अघि बढाएको छ, जसको प्रभाव स्थानीय नागरिकको दैनिकीमा प्रत्यक्ष रूपमा देखिन थालेको छ।

आ.व. २०७९/०८० मा नगरपालिकाले आर्थिक विकास र भौतिक पूर्वाधारमा वित्तीय प्रगतिमा कुल ६६ करोड ९७ लाखभन्दा बढीको बजेटमा ६७ प्रतिशत खर्च गरेको छ भने आफ्नो आन्तरिक आयतर्फ शतप्रतिशत लक्ष्य हासिल गरेको छ।

उक्त आवमा ५ दशमलव ६ किमि. पक्की सडक (कालोपत्रे र ढलान) र १० दशमलव २ किमि. ग्राभेल सडक निर्माण भएको छ।

शिक्षा र स्वास्थ्यतर्फ सेमरा, विद्यापिठ, सिर्सिहवालगायतका विभिन्न स्थानमा विद्यालय भवनहरू निर्माण गरिएका छन् भने स्वास्थ्य सेवा विस्तारका लागि अस्पताल र स्वास्थ्य चौकीका भवनहरू निर्माण भएका छन्।

नगरपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न भई नयाँ भवनबाट सेवा सुरु भइसकेको छ। सोही आवमा ७ वटा वडा कार्यालय आफ्नै भवनमा छन्।

आर्थिक वर्ष २०८०/०८१ मा नगरपालिकाले पूर्वाधार विकासका लागि रु. २५ करोड ६८ लाखभन्दा बढी बजेट विनियोजन गरेको थियो। यसमध्ये करिब दुई तिहाइ अर्थात् ६७ दशमलव ५५ प्रतिशत रकम खर्च हुनु केवल अंकको उपलब्धि मात्र नभई कार्यान्वयन क्षमतामा आएको सुधारको संकेत पनि भएको नगरप्रमुख रजतप्रतापशाहबताउँछन्। यस अवधिमा सम्पन्न भएका योजनाहरूले नगरपालिकाको विकास रणनीति व्यवहारमा रूपान्तरण हुँदै गएको देखाउँछन्।



यातायात पूर्वाधारतर्फ हेर्दा सडक सञ्जाल विस्तारमा विशेष प्राथमिकता दिइएको छ। नगरभित्र कालोपत्रे, पीसीसी ढलान तथा ग्राभेल सडक निर्माणले ग्रामीण तथा सहरी क्षेत्रबिचको दूरी घटाएको छ। वर्षायाममा हुने आवतजावतको समस्या क्रमशः कम हुँदै गएको छ भने बजार, विद्यालय, स्वास्थ्य संस्था र कृषि उत्पादनको ढुवानीमा सहजता आएको छ। यससँगै नाली निर्माणले सहरी व्यवस्थापनमा सुधार ल्याउँदै बाढी र पानी जम्ने समस्यालाई न्यूनीकरण गर्न सहयोग पुऱ्याएको छ।

खानेपानी र सिँचाइतर्फ पनि उल्लेखनीय काम भएको छ। दर्जनौँ खानेपानी योजनाहरू सञ्चालनमा ल्याइएपछि स्वच्छ पानीको पहुँच विस्तार भएको छ, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको छ। कृषि क्षेत्रमा साना बोरिङ जडान र पम्पसेटमा अनुदान वितरणले किसानलाई आधुनिक सिँचाइ प्रणालीतर्फ आकर्षित गरेको छ। यसले खेती प्रणालीलाई वर्षा-आधारित अवस्थाबाट क्रमशः प्रविधि-आधारित बनाउँदै लगेको छ र उत्पादन वृद्धि हुने अपेक्षा गरिएको नगर प्रमुख शाहले बताए।

पूर्वाधार विकास केवल सडक र भवनमा सीमित नरही सामाजिक क्षेत्रसँग पनि जोडिएको छ। शिक्षातर्फ नयाँ विद्यालय भवन निर्माणले विद्यार्थीको सिकाइ वातावरण सुधार गरेको छ। पर्याप्त कक्षाकोठा र संरचनात्मक सुविधा उपलब्ध भएपछि विद्यार्थीहरूको उपस्थितिमा वृद्धि र शैक्षिक गुणस्तरमा सुधार हुने आधार तयार भएको छ। स्वास्थ्य सेवामा पनि स्थानीयस्तरमै पहुँच विस्तार भएको छ, जहाँ अस्पताल, स्वास्थ्य चौकी र शहरी क्लिनिकमार्फत् नागरिकले आधारभूत उपचार सेवा पाइरहेका छन्। यसले सामान्य रोगका लागि टाढा धाउनुपर्ने बाध्यता कम गरेको छ।

नगरपालिकाको आफ्नै प्रशासकीय भवन र सभाहल निर्माणले सेवा प्रवाहलाई व्यवस्थित बनाएको छ। अधिकांश वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालन हुन थालेका छन्, यद्यपि केही वडाहरू अझै भाडामा सञ्चालनमा छन्, जसले भविष्यमा थप लगानीको आवश्यकता देखाउँछ।

डिजिटल प्रविधिको प्रयोगमा पनि नगरपालिका अघि बढेको छ। सबै वडामा इन्टरनेट पहुँच विस्तार हुनु स्थानीय तहमा डिजिटल रूपान्तरणको महत्वपूर्ण कदम हो। राजस्व संकलन प्रणालीलाई सूचना प्रविधिसँग जोडिएपछि सेवा प्रवाह छिटो, पारदर्शी र व्यवस्थित भएको छ। यसले सुशासन प्रवर्द्धनमा पनि सहयोग पुऱ्याएको छ। साथै, आपतकालीन सेवाका लागि दमकल र एम्बुलेन्स सञ्चालनमा रहनु स्थानीय तहको विपद् व्यवस्थापन क्षमताको संकेत हो।

योजना कार्यान्वयनतर्फ हेर्दा साना तथा ठूला दुवै प्रकारका योजनामा प्रगति भएको छ। साना बजेटका अधिकांश योजनाहरू सम्पन्न हुनु र ठूला परियोजनाहरू पनि लक्ष्यअनुसार पूरा हुनु विकास व्यवस्थापनमा सकारात्मक संकेत मानिन्छ। यसले योजनाको छनोटदेखि कार्यान्वयनसम्मको प्रक्रियामा सुधार भएको देखाउँछ।

यद्यपि, सबै उपलब्धिका बिच केही चुनौतीहरू अझै विद्यमान छन्। दक्ष जनशक्तिको अभाव र सीमित स्रोत-साधनले विकासको गतिलाई पूर्ण रूपमा तीव्र बनाउन अवरोध पुऱ्याइरहेका छन्। यी समस्याहरू समाधान गर्न नगरपालिकाले संघीय र प्रदेश सरकारसँग बजेट, प्राविधिक सहयोग र जनशक्ति व्यवस्थापनको अपेक्षा राखेको छ।

समग्रमा, कृष्णनगर नगरपालिकाले पूर्वाधार विकासलाई केन्द्रमा राख्दै स्थानीयस्तरमा परिवर्तनको स्पष्ट आधार निर्माण गरेको छ। हालको गति कायम राख्दै चुनौतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकियो भने आगामी वर्षहरूमा यस नगरपालिकाले अझ व्यापक र दिगो विकासको उदाहरण प्रस्तुत गर्ने सम्भावना छ।


राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- नगरमा रहेको पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरुको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं।

बाबुराम पल्ली
प्रमुख प्रशासकीय अधिकृत

खिलध्वज पन्थी
नगर प्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

चिरजिन्वि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

देवकुमार नेपाली
नगर प्रमुख

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बागलुङ
गण्डकी प्रदेश, नेपाल

# पूर्वाधार विकासमा फड्को मार्दै वाणगङ्गा







भक्तिराम मरासिनी
कपिलवस्तु



'ब्राण्ड वाणगङ्गा विलिभ वाणगङ्गा' कार्यात्मक रणनीति तय गरी अगाडि बढेको वाणगङ्गा नगरपालिका लुम्बिनी प्रदेशका स्थानीय तहहरूमध्ये एक गतिशिल स्थानीय तहको रूपमा चिनिएको छ । यसले जनमुखी शासन र दीगो विकासलाई आफ्नो मुख्य लक्ष्य बनाएको छ। आर्थिक वर्ष २०८१/०८२ को अवधिमा यस नगरपालिका सुशासनयुक्त पूर्वाधार र सामाजिक विकासको क्षेत्रमा उल्लेख्य फड्को मार्न सफल भएको छ। "समृद्ध वाणगङ्गाको मूल आधारः आर्थिक सामाजिक रूपान्तरणसहितको पूर्वाधार" भन्ने नारालाई आत्मसात् गर्दै सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व र प्रविधिमैत्री प्रणालीको विकास गरेको छ। प्रशासनिक कार्यलाई छिटो छरितो बनाउँदै सुशासनलाई जगैदेखि संस्थागत गर्ने प्रयास गरेको छ। भौतिक पूर्वाधारलाई आर्थिक समृद्धिको आधार मान्दै नगरका मुख्य तथा ग्रामीण सञ्जालका सडकहरूको विस्तार, स्तरोन्नति र एकीकृत शहरी विकासका योजनाहरूलाई तीव्रता दिएको छ। कृषि तथा पर्यटन क्षेत्रसँग जोडिएका पूर्वाधार निर्माणले नगरको आर्थिक स्वरूपमा सकारात्क परिवर्तन ल्याएको छ । त्यस्तैगरी शिक्षा, स्वास्थ्य र सामाजिकरणका क्षेत्रमा लगानी वृद्धि गरी नागरिकको जीवनस्तर सुधारमा जोड दिएको छ। खासगरी विपन्न र पिछडिएका समुदायको सशक्तिकरण र सीप विकासका कार्यक्रमहरूले सामाजिक विकासमा नयाँ इट्टा थप्ने काम गरेको छ।

आर्थिक वर्ष २०८१/०८२ का क्षेत्रगत उपलब्धिहरूमा पूर्वाधार विकासतर्फ अत्यावश्यक पूर्वाधारहरू पूरा भएका छन्।

२ वटा जिल्लास्तरीय खेल मैदान, एक वडा वडा एक कवर्ड हलको नीतिअनुसार काम भइरहेका छन् । सडकतर्फ कालोपत्रे २० कि.मि., ग्राभेल १५ कि.मि., सडक स्तरोन्नति ७५ कि.मि.,सामुदायिक भवन निर्माणतर्फ ५० वटा भवन निर्माण भएका छन्।

विद्यालय भवन निर्माणतर्फ १० वटा विद्यालयमा ४० वटा कोठा निर्माण भएका छन्। धार्मिक स्थलतर्फ १० वटा बनेका छन्।

झोलुङ्गे पुल २ वटा बनेका छन्। पुल ७ वटा (अन्तर निकाय समन्वय), सिँचाइको लागि ४ सय कि.मि. कुलो निर्माण भएको छ। यसले अन्न बाली र तरकारी उत्पादनमा निकै ठूलो योगदान पुग्नेछ।

नगरपालिकाले अत्यावश्यक स्थानमा विद्युत् लाइन विस्तार गरेको छ। नदी तटीय इलाकामा जाली कार्यक्रम सञ्चालन गरिएको छ। आवश्यकतानुसार अन्य पूर्वाधारहरू पनि निर्माण भएका छन्।

वैकल्पिक उर्जामैत्री नगरपालिका बनाउन पनि नगरपालिकाले सुरुवात गरेको छ। किसानलाई पालिकाभित्रैबाट मल उपलब्ध गराउने उद्देश्यले प्राङ्गारिक मल उद्योग स्थापना भएको छ।

पूर्वाधारतर्फ फोहरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि जग्गा प्राप्तिको चरणमा रहेको छ। सामुदायिक वनसँग समन्वय र सहकार्यमा लगानी बढेको छ। आर्थिक वर्ष २०८१/०८२ वाणगङ्गा नगरपालिकाको लागि पूर्वाधार विकास र सामाजिक सुरक्षाका दृष्टिले एक सफल वर्षको रूपमा रहेको छ। नगरपालिका सीमित श्रोत र साधनका बावजुद पनि आफूले राखेका लक्ष्य र तय गरेका उद्देश्यहरू पूरा गर्न प्रतिबद्ध रह्यो। आर्थिक वर्ष २०८२/०८३ को विनियोजित रकम रु. १ अर्ब ७६ करोड ८० लाखमध्ये आर्थिक वर्षको मध्यावधिसम्म आइपुग्दा ५० प्रतिशत खर्च भएको देखिन्छ भने आषाढ मसान्तसम्म ९५ प्रतिशत प्रगति हुने देखिन्छ। यसरी हेर्दा विगतको अवस्था र वर्तमानको क्रियाशीलताबाट यस नगरपालिकाको पूर्वाधार विकास र सामाजिक विकासमा उल्लेख्य उपलब्धि देखिने वर्तमान उपलब्धि सूचकहरूले देखाउँछ।

पूर्वाधार विकास र अन्य क्षेत्रमा गरेको कामका आधारमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र वित्तीय आयोगको मूल्याङ्कनमा जिल्ला प्रथम र नेपालभरिमा आठौं स्थानमा पर्न सफल भएको छ। उद्यम विकासतर्फ हेर्दा करिव दुई सयभन्दा बढी साना उद्योगहरू दर्ता भई सञ्चालनमा छन् भने दूधमा आत्मनिर्भर नगरपालिका घोषणा भएको छ।

पर्यटन पूर्वाधारका लागि पर्यटन विकास गुरुयोजना कार्यान्वयनको चरणमा छ। विद्यालयहरूलाई भौतिक पूर्वाधारयुक्त बनाएको हुँदा शिक्षामा प्रविधिमैत्री नगरपालिका भएको छ।

*(लेखक प्रमुख प्रशासकीय अधिकृत हुन्)*

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाइसराइ, विवाह दर्ता, सम्बन्धविच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

यदु ज्ञवाली
अध्यक्ष

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।

यातायात मजदुर तथा व्यवसायी भलाईकोष परिवार
प्रधान कार्यालय बुटवल, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।

राष्ट्रिय यातायात उद्यमशील मजदुर भलाईकोष परिवार
बुटवल-१०, रामनगर

# सन्धिखर्कमा आवश्यकताको पहिचान गर्दै पूर्वाधार विकास



सन्धिखर्क



अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले नगरवासीको आवश्यक्ताका आधारमा भौतिक पूर्वाधारका योजना निर्माण र कार्यन्वयनमा ध्यान दिँदै गुणस्तरीय, प्रभावकारी र दीगोपना ख्याल गर्दै योजना र कार्यक्रम अगाडि बढाउँदै आएको छ।

नेपालकै प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुपा देउरालीमा आएका धार्मिक पर्यटकलाई लक्षित गरी सन्धिखर्क नगरपालिका वडा नम्बर ७ सुपामा ज्येष्ठ नागरिक आवास गृह तथा धर्मशाला निर्माण गरेको छ। एक करोड ५६ लाख, ५७ हजार ५ सय ८७ रुपैयाँको लागतमा धर्मशाला निर्माण गरिएको हो।

सन्धिखर्क नगरभित्र उत्पादन भएका कृषिजन्य उत्पादनको भण्डारणको लागि सन्धिखर्क–१ मा कोल्ड स्टोर निर्माण भएको छ। ७ करोड ७९ लाख ४७ हजार २ सय ८ रुपैयाँको सम्झौता रकमअनुसार कोल्ड स्टोर निर्माण भएको हो।

ढोरपाटन- बवेहोरे- कुर- पल्लाबारी -दुवार - गच्छे सडक स्तरोन्नति कार्य गरेको छ। सडकमा आवश्यक नाली तथा सडक पीच गरेपछि बेहोरे, कुर, पल्लावारी, दुवार र गच्छे क्षेत्रका स्थानीयहरू प्रत्यक्ष लाभान्वित भएका छन्। ७ करोड ७६ लाख ८१ हजार ८ सय २ रुपैयाँको लागतमा सडकको पीच तथा स्तरोन्नतिको कार्य सम्पन्न भएको योजना शाखाका दिलिप केसीले बताएका छन्।

जंगबहादुर राणाको जन्मस्थलको रूपमा चिनिने सन्धिखर्क ५ मथुरामा रहेको लाम्पाटी पौवाको संरक्षण तथा प्रवर्द्धनमा काम गरेको छ। २० खुट्टे दरबार भनेर चिनिने ऐतिहासिक पौवाको संरक्षण तथा पहुँच मार्ग निर्माण गरेको छ। एक करोड ४० लाख ७० हजार ३३ रुपैयाँको लागतमा ऐतिहासिक जंगबहादुर राणा जन्मिएको मथुराबैंसी पौवा संरक्षण तथा पहुँच मार्ग निर्माण कार्य सम्पन्न भएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताएका छन्।

सहिद सरला मार्ग ग्रामीण सडक स्तरोन्नति कार्य सम्पन्न गरेको छ। सन्धिखर्क नगरपालिका वडा नम्वर ३ लाई प्रत्यक्ष फाइदा पुग्ने यो सडक स्तरोन्नतिको कार्य एक लाख ३८ लाख, २२ हजार १ सय ३७ रुपैयाँको लगानीमा सम्पन्न भएको हो।



पर्यटकीय स्थल नरपानीमा आउने पर्यटनलाई आकर्षित गर्न सन्धिखर्क ६ नरपानीमा गंगा सरोवर क्षेत्रमा पर्यटकीय पूर्वाधारहरू निर्माण भएका छन्। नरपानीमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी गंगा सरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षणअन्तर्गत एक करोड १८ लाख ९६ हजार, ६ सय १४ रुपैयाँको लागतमा गंगा सरोवर क्षेत्रमा विभिन्न कार्य सम्पन्न गरेको छ।

प्राकृतिक रूपमा आफैँ चिटिक्क परेको मानिसले कुदेर बनाएको जस्तो देखिने सन्धिखर्क नगरपालिका ११ मा रहेको सुन्दर पर्यटकीय स्थल रक गार्डेन क्षेत्रको विकासमा नगरपालिकाले कार्य गर्दै आएको छ। प्राकृतिक सम्पदाको रूपमा रहेको रक गार्डेन संरक्षण शीर्षकमा एक करोड ४० लाख २७ हजार ७ सय १२ रुपैयाँको सम्झौता रकमअनुसार पर्यटकीय संरचना निर्माण गरिएको छ।



चौविसे राज्यअन्तर्गत पर्ने ऐतिहासिक खाँची राज्य तथा खाँचीकोट भगवतीलाई धार्मिक तथा पर्यटकीय स्थलको रूपमा विकास गर्न एक करोड १९ लाख ७१ हजार ४ सय २८ रुपैयाँको लागतमा नगरपालिकाले खाँची दरबारको पुनर्निर्माण तथा पहुँचमार्ग निर्माणको कार्य गरेको छ।

सन्धिखर्क नगरपालिका-१ मा रहेको निर्मल नवज्योति सुस्त मनस्थिति विद्यालयमा १ करोड ४७ लाख ९४ हजार २ सय ४० रुपैयाँको लागतमा भवन निर्माण कार्य सम्पन्न भएको छ।

सन्धिखर्क नगरपालिका वडा नम्बर १ सन्धिखर्क बजार र वडा नम्बर २ चुत्राबैंसी बजारमा सडक स्तरोन्नति कार्य गरेको छ। अक्सफल्ट प्रविधिबाट मुख्य बजार मात्र हैन केही भित्री बजारका सडक पनि अक्सफाल्ट पीच गरेको हो।

नगरपालिकाले गाउँठाउँबाटै सेवा प्रवाह हुने वडा कार्यालय भौतिक सुविधा सम्पन्न हुनु पर्छ भन्ने मान्यताका साथ वडा कार्यालय भवन निर्माण गरिरहेको छ। ७ करोड ४५ लाख ९ हजार ६३ रुपैयाँको लागतमा वडा नम्बर ५, वडा नम्बर ६, वडा नम्बर ७, वडा नम्बर ८ र वडा नम्बर १२ मा वडा कार्यालय भवन निर्माण कार्य चलिरहेको प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनालले बताएका छन्।

पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सन्धिखर्क नगरपालिका वडा नम्बर १० मा रूब्दी गर्ता पर्यटकीय पार्क निर्माण गरिएको छ। ३० लाख ८१ हजार १५ रुपैयाँको ठेक्का सम्झौताअनुसार यस पार्कमा विभिन्न पर्यटकीय संरचनाहरू निर्माण भएका छन्।

विश्वकै प्राचीन भाषाको रूपमा रहेको संस्कृत विषयको पढाइ हुने पाणिनी वेद विद्याश्रमको छात्राबास निर्माण गरिएको छ। ७२ लाख ४६ हजार ३ सय २४ रुपैयाँको ठेक्का सम्झौताअनुसार वेद विद्याश्रमको छात्राबास निर्माण गरिएको हो।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाइसराइ, विवाह दर्ता, सम्बन्धविच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं।

पूर्णबहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

वीरबहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

विष्णुप्रसाद भण्डारी
अध्यक्ष

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# शिवराजमा भौतिक पूर्वाधारमा प्रगति कति ?




कपिलवस्तु ।

कपिलवस्तुको शिवराज नगरपालिकामा आर्थिक वर्ष २०७९/८० देखि २०८१/०८२ सम्म विभिन्न भौतिक पूर्वाधारका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। नगरपालिकाले सडक, नाली, विद्यालय भवन, खानेपानी तथा सडक बत्ती जस्ता जनताका आधारभूत संरचनामा उल्लेखनीय काम गरेको देखिन्छ।

नगरपालिकाका प्रमुख अजय थापाका अनुसार उक्त अवधिमा कुल २१ किलोमिटर सडक कालोपत्रे गरिएको छ । त्यस्तै ३ दशमलव ७२ किलोमिटर कालोपत्रे सडक मर्मत गरिएको छ भने ५४ दशमलव ४४ किलोमिटर सडक ग्राभेल तथा स्तरोन्नति गरिएको छ। साथै १३ दशमलव २० किलोमिटर सडक ढलान गरिएको नगरप्रमुख थापाले बताए।

पूर्वाधार विकासअन्तर्गत १५ दशमलव ५२ किलोमिटर नाली निर्माण तथा सिँचाइ कुलो निर्माण गरिएको छ। शिक्षा क्षेत्रतर्फ ११ वटा विद्यालय भवन निर्माण गरिएको नगरपालिकाले जनाएको छ।

स्वच्छता तथा आवासीय सुविधामा पनि नगरपालिकाले काम गरेको छ । यस अवधिमा ३१ वटा सार्वजनिक शौचालय तथा ४२ वटा ट्रस निर्माण गरिएको छ। त्यसैगरी ५५५ बण्डल जस्तापाता खरिद तथा वितरण गरिएको तथ्यांकमा देखिन्छ।

सडक बत्ती व्यवस्थापनमा पनि शिवराज नगरपालिकाले उचित ध्यान दिएको छ। नगर क्षेत्रमा ४२८ वटा स्ट्रीट लाइट, ५ वटा हाइमास्ट लाइट र ६४ वटा सजावटी बत्ती जडान गरिएको छ।

त्यसैगरी नगरकोसौन्दर्यकरणका लागि चन्द्रौटा बजार क्षेत्रमा १४० मिटर तारबार गरिएको छ। ऐतिहासिक तथा धार्मिक महत्वका संरचनामा पृथ्वीनारायण शाहको सालिक, बासुकी नाग तथा भिराल दादा मूर्ति र रूद्रपुरमा लक्ष्मण भगवानको मूर्ति स्थापना गरिएको पनि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पिताम्बर पाण्डेले जानकारी दिए।

नगरपालिकाले सार्वजनिक गरेको विवरणअनुसार विगत केही वर्षमा नगर क्षेत्रमा सडक, शिक्षा, प्रकाश तथा अन्य भौतिक पूर्वाधार विकासका कामहरू तीव्र गतिमा अगाडि बढाइएको जनाएको छ।

नगर प्रमुख थापाले नगरवासीको माग र आवश्यकताका आधारमा आफ्नो नेतृत्वमा जनचाहना, सुशासन र पारदर्शितालाई केन्द्रमा राखेर काम गरेको बताए। बजेटको सीमितताका कारण नगरवासीका अपेक्षाअनुसार सबै काम गर्न कठीन भएको उनले प्रष्ट पारे। आफ्नो ५ वर्षे कार्यकाल पूरा हुँदासम्म शिवराज नगरपालिका जिल्लाकै अब्बल पालिका हुने थापाको दावी छ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं।

विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत

देवीराम अर्याल
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौँ ।
- पानी उमालेर मात्र पिउने गरौँ ।
- आफ्नो गाउँ एवम् गाउँ वरपरको वातावरण सफा राखौँ ।
- सबैखालका विभेदको अन्त्य गरौँ ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔँ ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौँ, चर्पीमा मात्र दिसापिसाब गरौँ ।

कमलप्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम पाण्डे
अध्यक्ष

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# पूर्वाधार विकासमा विजयनगर







घनश्याम भर

*कपिलवस्तु*

कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिकामा पछिल्ला वर्षहरूमा पूर्वाधार विकासले तीव्र गति लिएको छ। स्थानीय तहको पुनर्संरचनापछि साविक गुगौली, पत्थरदेईया, खुरूहुरिया र गणेशपुर गाविसलाई समेटेर गठन भएको यस गाउँपालिकाले सडक, शिक्षा, स्वास्थ्य तथा पुल निर्माणका क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ।

१७३.१९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिकामा हाल ७ वटा वडाहरू रहेका छन्। यसको पूर्वमा शिवराज नगरपालिका, पश्चिम तथा उत्तरमा दाङ जिल्ला र दक्षिणमा कृष्णनगर नगरपालिका तथा छिमेकी मुलुक भारत पर्दछन्।

गाउँपालिकाले सडक पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्न स्थानमा कालोपत्रे, आरसीसी र पिपिसी सडक निर्माण गरेको छ। त्रिपालनगरदेखि नेवलागञ्जसम्म ८ सय मिटर, गणेशपुर-ढोढरी सडक ३५ सय मिटर, ढोढरी-बुडसुडवा आरटीओसम्म ९ सय मिटर, जोगिनिया- डालपुर हुँदै नौरंगियासम्म ४५ सय मिटर तथा भगीरामपुरदेखि थरौलीसम्म १२ सय मिटर सडक कालोपत्रे गरिएको छ।

त्यसैगरी हुलाकी सडकदेखि छुटपाटीसम्म ११ सय मिटर, देउपुरादेखि जोलाही हुँदै इमिलीखर्कसम्म ६ सय मिटर सडक कालोपत्रे गरिएको छ। यस्तै हरेका गाउँमा पनि आरसीसी तथा पीपीसी सडक निर्माण गरी गाउँ- गाउँसम्म पहुँच विस्तार गरिएको गाउँपालिकाले जनाएको छ।

पूर्वाधार विकास शाखाका प्राविधिक अधिकृत हेमन्तकुमार चौधरीका अनुसार गाउँपालिकाभित्र सडक स्तरोन्नति, ग्राभेल, कल्भर्ट निर्माणलगायतका कामहरू उल्लेख्य मात्रामा सम्पन्न भएका छन्। वडा कार्यालय भवन निर्माणतर्फ ४ ओटा नयाँ वडा कार्यालय भवन निर्माण गरिएको छ भने शिक्षातर्फ विभिन्न विद्यालयमा नयाँ भवन निर्माण गरिएको छ।

दुधाधारी मावि, भुवनेश्वरी मावि, हरिबोध मावि, जनज्योति मावि, नेपाल तारा मावि तथा लौटनराम द्रोपदीदेवी माविलगायतकाविद्यालयमा ४ कोठे भवन निर्माण भएका छन्। त्यस्तै मंगलप्रसाद स्वतन्त्रता गुप्ता आधारभूत विद्यालयमा ६ कोठे भवन, शिव माविमा ६ कोठे भवन, त्रिनेत्र माविमा २ कोठे भवन तथा विभिन्न आधारभूत विद्यालय र मदरसामा नयाँ कक्षाकोठा निर्माण गरिएको छ। पालिकाभित्रका विद्यालयहरूको स्तरोन्नति र शौचालय निर्माणलगायतको काम समेत गरिएको छ।

स्वास्थ्य सेवातर्फ गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण भई आधारभूत स्वास्थ्य सेवा सुरु भएको छ। जसले स्थानीय बासिन्दालाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुगेको छ।

यस्तै विशवा खोलामा पुल निर्माण सम्पन्न भएको छ भने गुगौली-बलुइया चिरई नदी र देवीपुर-डालपुर खोलामा पुल निर्माण कार्य जारी रहेको छ। गाउँपालिकाभित्र ५ ओटा झोलुङ्गे पुल निर्माण भइसकेका छन् भने भाठा- थरौली घाटमा अर्को झोलुङ्गे पुल निर्माण भइरहेको छ। चालु आर्थिक वर्षमा पनि गाउँपालिकाले विभिन्न पूर्वाधार योजना सञ्चालन गरिरहेको छ।

हुलाकीदेखि वडा नम्बर ६ कार्यालय हुँदै पुनः हुलाकीसम्म ५ सय मिटर सडक निर्माण, नेवलागञ्जदेखि जवाबैराठ हुँदै प्रगन्ना टोलसम्म १५ सय मिटर सडक कालोपत्रे, गणेशपुरदेखि ढोढरी हुँदै खुरूहुरियासम्म ८ सय मिटर सडक कालोपत्रे, नेवलागञ्जदेखि नौडिहवा हुँदै गोबरहवासम्म १८ सय मिटर सडक स्तरोन्नतिलगायतका योजना निर्माणाधीन अवस्थामा रहेका छन्।

चालु आर्थिक वर्षमा १२ करोड रुपैयाँको लागतमा ११ वटा विद्यालय भवन निर्माण कार्य सञ्चालनमा रहेको छ भने गाउँपालिकाको आफ्नै प्रशासनिक भवन पनि निर्माणाधीन अवस्थामा रहेको छ।

गाउँपालिका अध्यक्ष गोपालबहादुर थापाले स्थानीय तह गठनपछि विकास निर्माणका कामले गति लिएको बताउँदै आगामी दिनमा अझ प्रभावकारी ढंगले विकासलाई अगाडि बढाइने बताए। "गाउँपालिकाको समग्र विकासका लागि सडक, शिक्षा, स्वास्थ्य र प्रशासनिक पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं।"- उनले भने।

उपाध्यक्ष लक्ष्मीकुमारी चौधरीले पनि जनताको आवश्यकताअनुसार योजनाहरू कार्यान्वयन गर्दै गाउँपालिकालाई विकासको मार्गमा अघि बढाइएको बताइन्। दुवै जनप्रतिनिधि दोस्रो कार्यकालका लागि नेकपा एमालेबाट पुनः निर्वाचित भई गाउँपालिकाको नेतृत्व गरिरहेका छन्।

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।
कालिका मानवज्ञान मा.वि. परिवार
बुटवल-१०, रामनगर

हार्दिक बधाई तथा शुभकामना
३८ औं
लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।
लुम्बिनी वाणिज्य क्याम्पस परिवार
बुटवल-११, देवीनगर

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना
गाउँवासीहरुमा हार्दिक अनुरोध
गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।
- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

विवेक रणपाल परियार
प्रमुख प्रशासकीय अधिकृत

रुक्माङ्गत भट्टराई
अध्यक्ष

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# तीन जिल्लालाई जोड्ने सडक निर्माणमा प्राथमिकता








पाल्पा

रैनादेवी छहरा गाउँपालिकाले पूर्वाधारतर्फ ठुलो रकम विनियोज गरी काम गर्दै आएको छ। पालिकाले रूपन्देही, गुल्मी र अर्घाखाँची सिमाना जोड्ने गरी सडक पूर्वाधार विकासको कामलाई प्राथमिकता दिएको छ । पालिकाले संघीयता आइसकेपछि रूपन्देहीको सालभण्डीदेखि वडा नं. ४ को सुन्दर ढुङ्गाको बाटो ( पहाड-तराई ) जोड्ने मुख्य सडकलाई प्राथमिकता दिएर काम गर्दै आएको छ।

पालिकाले सुन्दुरढुङ्गादेखि नेपानेसम्मको सडक कालोपत्रे गरिसकेको छ। वडा नं. ४ छहराको वडा कार्यालयदेखि धजा बान्ने, ताङ्सिगल सर्देवा हुँदै गुल्मी जोड्ने सडकको स्तरउन्नति गरी वडा कार्यालयदेखि धजाबान्नेसम्मको सडक पिच गरेको छ। गाउँपालिकाले अमलाबासदेखि वडा नं. ३ को वडा कार्यालय भुवनपोखरी हुँदै तालपोखरा अर्घाखाँची जोड्ने सडक स्तरउन्नतिको काम निरन्तर गरिरहेको छ। जसमा अमलावासदेखि धजाबान्नेसम्मको सडक कालोपत्रेको लागि काम भइरहेको गाउँपालिका अध्यक्ष रूक्माङ्गत भट्टराईले बताए । छहरालाई केन्द्रविन्दु मानेर पालिकाको सबै वडाहरूमा पूर्वाधार विकासको कामलाई प्राथमिकता दिएको छ । पालिकादेखि प्रत्येक वडा कार्यालयसम्म पुग्ने बाटो ग्रावेल गरी स्तरउन्नतिको काम भएका छन्। पालिकाको केन्द्रबाट आधा घण्टामा ८ वटै वडा कार्यालय पुग्ने गरी सडक स्तरउन्नतिको काम भएको पालिका उपाध्यक्ष युवराज थापाले बताए।

**पालिकाको प्रमुख प्रशासकीय भवन र वडा कार्यालय**

रैनादेवी छहरा पालिकाको प्रमुख प्रशासकीय भवन निर्माण भएको छ । नयाँ भवनबाटै पालिकाको सम्पूर्ण प्रशासनिक काम सञ्चालन भएको छ । वडा नं. १ देखि ८ सम्मका वडाहरूमा भौतिक पूर्वाधारको अवस्था राम्रो रहेको छ । सबै वडा कार्यालयको भवन पक्की रहेका छन् । पक्की भवनबाटै वडाका कामहरू सञ्चालन हुँदै आएका छन् ।

**पालिका अस्पताल र स्वास्थ्यचौकीहरू**

रैनादेवी छहरा गाउँपालिकाको ६ वटा वडामा पक्की स्वास्थ्यचौकीबाटै स्वास्थ्य सेवाहरू सञ्चालन गर्दै आएको छ । सबै वडाका स्वास्थ्य चौकीमा पूर्वाधारको व्यवस्थापन गरी बर्थिङ्ग सेन्टरको रूपमा गर्भवती महिलाहरूलाई सेवा प्रदान गरिएको छ। वडा नं. १ को अर्चलेमा, वडा नं. ३ को फोक्केआप र अमिले, वडा नं. ६ को ग्वारथाना, चहला, वडा नं. ७ को बल्ढेङ्गगढीमा स्वास्थ्य इकाइ सञ्चालन भएका छन् ।

पालिकाभित्रका अधिकांश गर्भवती महिलाहरू पालिकाभित्रकै स्वास्थ्यचौकीमा सुत्केरी गराउन सक्ने पूर्वाधारहरूको व्यवस्था पालिकले मिलाएको छ । पालिकाको पश्चिम दक्षिण क्षेत्र, जुठा, बल्ढेङ्ग र सत्यवतीलाई केन्द्रित गरेर एउटा एम्बुलेन्स, सोमादी, भुवनपोखरी र सिद्देश्वरलाई केन्द्रित गरेर अर्को एम्बुलेन्स र छहरा केन्द्रमा एउटा गरी ३ वटा एम्बुलेन्स सेवा नियमित सञ्चालन गरी बिरामीहरूलाई छिटो छरितो सेवा प्रदान गर्दै आएको अध्यक्ष भट्टराईले बताए । पालिकाको वडा नं. ४ अमलावास रेडियो मुक्तिनाथ क्षेत्रमा पालिकास्तरीय १५ बेडको अस्पताल निर्माणको काम सुरु भएको प्रमुख प्रशासकीय अधिकृत विवेक रणपाल परियारले बताए ।

**खेलकुद पूर्वाधार विकास**

'पालिकाले कटौजे पानीमा पालिकास्तरीय खेल मैदान निर्माण गरेको छ। फुटबल, भलिबल, क्रिकेट जस्ता प्रतियोगिता पालिकास्तरमा नियमित गर्दै आएका छौं । पालिकाको ८ वटै वडा वडामा खेलकुद मैदान निर्माण गरेको छ। रैनादेवी छहरा गाउँपालिकामाभलिवल, क्रिक्रेट खेलहरू लोकप्रिय रहेका छन् ।'- भट्टराईले भने ।

**गाउँपालिकामा प्रमुख पर्यटकीय स्थलमा पूर्वाधार निर्माण**

रैनादेवी छहरा गाउँपालिका प्रशस्त धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलहरू रहेका छन् । वडा नं. १ अमरापुरी, वडा नं. २ देलुङ्गा, वडा नं. ३ रैनादेवी, वडा नं. ४ को तिलकस्थान र झेर्लुङ्ग गढी वडा नं. ५ को कालिकास्थान, वडा नं. ६ नेपाने क्षेत्र, वडा नं. ७ को बल्ढेङ्गढी, वडा नं. ८ को सत्यवती क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माणका कामहरू भएका छन् । ती स्थानमा खानेपानी, शौचालय, पार्क बगैचा, विद्युतिकरण तथा घेरावारको काम गरेको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं ।

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रमान श्रेष्ठ
अध्यक्ष

छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

हार्दिक अनुरोध

सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ प्रयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।

-शारीरिक कमजोरी तथा दृष्टिविहीन नागरिकलाई प्राथमिकता दिई सहयोग गरौँ ।
- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
-सडकमा बाटो काट्नु पर्दा जेब्रा क्रसिङ, आकाशेपुल, सब-वे अथवा पेलिकन बत्ती या कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।
-चोक बत्ती भएको ठाउँमा पदैलयात्री, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारी
-चालकले सवारी साधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
-सवारी चलाउँदा वा बाटो काट्दा मोबाइल फोनको प्रयोग नगरौं ।
-जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं ।
-विपरीत दिशाबाट आउने सवारी साधनको लेनमा प्रवेश नगरौं ।
-पैदलयात्रीले जान-अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।

सडक डिभिजन कार्यालय
प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

लोकतन्त्र सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७ औं बसन्त पार गरी ३८ औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं ।

न्यू कुमकुम ज्वेलर्स परिवार
वि.पि चोक, बुटवल, रुपन्देही

# गौतमबुद्ध विमानस्थल चलाए खुल्नसक्छ समृद्धिको ढोका

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चलाउन सके मुलुकको पर्यटन प्रवर्द्धनमा कोसेढुङ्गा हुनेछ ।





**मोहमद हबिब**

*भैरहवा*

गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चलाउन सके लुम्बिनीमा बौद्ध पर्यटन प्रवर्द्धन गर्न सकिन्छ। लुम्बिनीमा बौद्ध पर्यटन प्रवर्द्धन गर्न सके यस क्षेत्रका लागि मात्रै नभई मुलुककै समृद्धिको यात्राका लागि कोसेढुङ्गा हुनेछ। विमानस्थल चल्ने आशाले यहाँ होटललगायत पर्यटन व्यवसायमा ठूलो लगानी भएको छ। पर्यटकको स्वागत गर्न आतुर छ, लुम्बिनी।

तर विमानस्थल चल्ने आशाले उत्साहित भएर पर्यटन व्यवसायमा लगानी गरेका व्यवसायीहरू निराश देखिन्छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल केन्द्रीकृत मानसिकताको चेपुवामा परेको यहाँका व्यवसायी बताउँछन्। व्यवसायीले गरेको दाबीलाई सरकारले पनि गलत सावित गर्न सकेको छैन। 'काठमाडौं केन्द्रित मानसिकताले गौतमबुद्ध विमानस्थल चल्न दिएन्, सरकार काठमाडौंका व्यवसायीको प्रभावमा पऱ्यो ।'-सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष नेत्र आचार्यले भने ।

व्यवसायीले दाबी गरेझैं गौतमबुद्ध विमानस्थल चलाउन सरकारले र विमान कम्पनीले गर्नुपर्ने काम पटक्कै अघि बढेन्। विमान कम्पनीले भैरहवामा सम्पर्क कार्यालय खोलेनन् । स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला गरेनन् । त्यसो हुँदा काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरे । पर्यटन व्यवसायी सञ्जय बजिमयका भनाइमा, भैरहवाबाट सिधा उडान गर्ने सबै विमान कम्पनीको टिकट काउण्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई–भिसा र इन्टरनेशनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्छ।

नियमित उडानको माग गर्दै यहाँका व्यवसायीले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । पटक-पटक यहाँका व्यवसायीले आन्दोलन गर्दै आएका छन्। सडक आन्दोलनदेखि सिंहदरबारसम्म पुगेर प्रधानमन्त्रीको ध्यााकर्षण गरेका व्यवसायीले कुनै नतिजा पाउन सकेका छैनन् । सिद्धार्थनगर उद्योग वाणिज्य संघ, सिद्धार्थ सञ्जाललगायत संघ संस्थाको संयोजनमा व्यवसायीले विमानस्थल चलाउन गरेको पहलकदमी रोकिएको छैन।

होटल व्यवसायमा अर्बौं लगानी गरेका व्यवसायीको लगानी जोखिममा परेको भन्दै उनीहरूले विमानस्थल सञ्चालन गर्न सरकार गम्भीर नभएको भन्दै उनीहरूको आक्रोश छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मतको समयमा यता डाइभर्ट गरे पनि अहिले फेरि सबै उडान काठमाडौं केन्द्रित गरेपछि व्यवसायी आक्रोशित छन्।

**नयाँ रूटको खोजी**

सुरक्षाको सन्देह देखाउँदै भारतले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा रूट अनुमति दिएन। सहज रूट नपाएपछि उडान महँगो र झन्झटिलो भयो । एअरलाइन्स कम्पनी आउन मानेनन्। भारतले प्रवेश रूट दिन विभिन्न सर्त राख्यो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड भारत भ्रमण गएको बेला अन्तर्राष्ट्रिय विमानस्थलहरूको रूटको बारेमा पनि छलफल हुने एजेण्डा तय गरेपछि भारतले त्यसका लागि सर्त अघि साऱ्यो । भैरहवा विमानस्थल सञ्चालनमा समस्या मूलतः भारतले अड्को थाप्नु नै हो।

भारतको कुशीनगरमा बनेको अन्तर्राष्ट्रिय विमानस्थललाई लिएर भारत आफैं चिन्तित देखिन्छ। लुम्बिनीबाट १८० किलोमिटर मात्र टाढा रहेको कुशीनगरको एयरपोर्ट बनाउँदा नेपालको लुम्बिनीलाई लक्ष्य गरी बनाइएको थियो । बुद्धिष्ट हब बनाउनका लागि भारतले कुशीनगरको एयरपोर्ट बनाएको थियो। तर नेपालमा पनि त्यस्तै एयरपोर्ट बन्न थालेपछि भारत असन्तुष्ट बन्दै आएको थियो।

नेपाल-भारतको सीमामा रहेको गोरखपुरमा भारतीय सेनाको क्याम्प र भारतीय एयरफोर्सको क्याम्प पनि रहेका कारण भारतले भैरहवा अन्तरराष्ट्रिय विमानस्थललाई संवेदनशील रूपमा लिएको छ।

कम भिजिबिलिटीमा पनि उडान अवतरण गर्न सक्ने प्रणाली 'आइएलएस' यन्त्र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा जडान गरिएको छ। जसको कारणले भारतले असुरक्षाको महसुस गरिरहेको छ।

त्यसो त भारतले सुरुमा भैरहवा विमानस्थलमा जडान गरिएको 'आइएलएस' प्रयोग गर्नसमेत रोकेको थियो। विमानस्थलमा जोडिएको यो प्रणालीको फ्रिक्वेन्सीले भारतको सीमा क्षेत्रको करिब २ किलोमिटर एयर स्पेस लिएपछि यसको प्रयोगमा भारतको अनुमति चाहिने अवस्था आएको थियो । तर, भारतले अनुमति दिन चाहेन । यद्यपि यो अहिले प्रयोगमा आइरहेको छ।

गोरखपुरमा एयरफोर्स भएको कारण त्यहाँ फाइटर विमान आउजाउ भइरहेका कारण 'आइएलएस' बाट त्यसको जानकारी प्राप्त गर्न सक्छन् । भैरहवा विमानस्थलको राडारले त्यसलाई तान्न सक्छ भनेर भारतले त्यहाँ आफ्नो एक जना कर्मचारी राख्नुपर्ने प्रस्ताव राखेको छ।

एयर रूटको अनुमति दिएपछि भैरहवा विमानस्थलमा ओर्लिने विमानहरू आर्मी क्याम्पमाथिबाट नै आउने छन्। भारत आफ्नो सुरक्षा संवेदनशिलता बुझिदिन आग्रह गर्दै आएको छ ।

**व्यवस्थापनमा निजी क्षेत्रको चासो**

तीनवटै अन्तर्राष्ट्रिय विमानस्थल व्यवस्थापनसहित सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिने सरकारी तयारीबारे गत वर्ष चर्चा चुलिएको छ। त्यसमा पनि भैरहवाको विमानस्थलको व्यवस्थापकीय सञ्चालनको जिम्मेवारी दिन भारतीय धनाढ्य गौतम अडानीले यसअघि अनौपचारिक रूपमा प्रस्ताव गरेको खबर सार्वजनिक भएको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित हालैमात्र सञ्चालनमा आएका गौतमबुद्ध विमानस्थल र पोखरा विमानस्थल समेतको विस्तार तथा सञ्चालनको जिम्मेवारी निजी क्षेत्रलाई दिने गरी सरकार अघि बढेपछि त्यसको तीव्र विरोध भयो। यो विषय अहिले सेलाएको छ।

खासगरी दुईवटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जीआइए) र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (पीआइए) सञ्चालन गर्न नसकेपछि सरकारले निजी क्षेत्रको सहारा लिन खोजेको देखिन्छ।

अर्थशास्त्री डा.दीपेन्द्रबहादुर क्षेत्री विमानस्थल निर्माण तथा सञ्चालनको जिम्मा निजी क्षेत्रलाई दिनुभन्दा अघि सरकारले त्यसको फाइदा के हुन्छ, प्रस्ट पार्नुपर्ने बताउँछन् । डा. क्षेत्रीका भनाइमा, विमानस्थल निजी क्षेत्रलाई दिने सवालमा बिना अध्ययन, गृहकार्य हचुवाको भरमा मनलाग्दी गर्न मिल्दैन।

०७९ बैशाख ८ गतेदेखि सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र सोही वर्षको पुसबाट सञ्चालनमा आएको पोखरा विमानस्थलले चार वर्ष पूरा गरिसकेका छन् । अर्बौंको ऋण लगानीमा बनेका यी दुई विमानस्थलले बिजनेस पाउन नसक्दा सरकारी लगानी बालुवामा पानी सरह भएको छ। निजी क्षेत्रको लगानी पनि जोखिममा परेको छ।

७ अर्ब १९ करोड रुपैयाँ लागतमा निर्माण भएको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पनि पर्याप्त बिजनेसको अभावमा ऋणमा डुबेको छ। विमानस्थल निर्माणका लागि सरकार, एसियाली विकास बैंक, ओपेक कोषले लगानी गरेका छन्।

चिनियाँ निर्माण कम्पनी नर्थ वेष्ट सिभिल एभिएसन एयरपोर्ट कन्स्ट्रक्सनले ६ अर्ब ८२ करोड ५१ लाख २० हजार २२७ रुपैयाँको लागतमा आइसीबी १ अन्तर्गतको भौतिक संरचना र थाइल्याण्डको एरो थाई कम्पनीले ५० करोड बढी लागतमा आइसीबी २ उपकरण तथा प्राविधिको काम सम्पन्न गरेको छ । यस्तै अन्य पूर्वाधार, कार्गोलगायतको संरचनामा गरी कुल ८ अर्ब ५० करोड खर्चिएको छ।

विमानस्थल क्षेत्रमा परेको ६५० घरधुरीलाई मुअब्जा वितरणमा मात्रै करिब २२ अर्ब ७० करोड बढि लगानी भएको छ।

एडीबीको ऋणका लागि ८ वर्षको 'ग्रेस अवधि' सहित ३२ वर्षको समय दिइएको छ। ग्रेस अवधिमा १ प्रतिशत ब्याजदर र त्यसपछि १.५ प्रतिशत ब्याजदरमा ऋण तिर्नुपर्ने व्यवस्था सम्झौतामा छ। विमानस्थल निर्माण र स्तरोन्नतिसम्बन्धी दस्तावेजका अनुसार प्रतिवर्ष नेपालले एडीबीलाई १५ करोड ३३ लाख रुपैयाँ किस्ता बुझाउनुपर्ने हुन्छ।

## लक्ष्य धेरै, उडान थोरै

विमानस्थल सञ्चालनको सुरुमा दैनिक १० वटा र सन् २०३३ सम्म दैनिक ६० वटा अन्तर्राष्ट्रिय उडान गर्ने लक्ष्य थियो।

विमानस्थलले अन्तर्राष्ट्रियतर्फ चैत्र ११ गतेसम्म १ हजार १ सय ६७ उडानमार्फत् ६८ हजार ८ सय ५७ जनालाई सेवा दिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको क्रममा यहाँ ५ वटासम्म अन्तर्राष्ट्रिय विमान कम्पनीबाट उडान भएको थियो । उद्घाटनसँगै कुवेतको जजीरा एयरवेजले भैरहवामा उडान गरेको थियो। विमानस्थलमा सातामा २०-२२ वटासम्म उडान भएको थियो। उद्घाटनपश्चात् नेपाल वायुसेवा निगमको नेपाल एयरलाइन्स, संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबई, कुवेतको जजीरा एयरवेज, थाइल्याण्डको थाइ एयर एशिया र हिमालय एयरलाइन्सले व्यवसायिक उडान गरेका थिए । विमानस्थलमा सातामा २०-२२ वटासम्म उडान भएको थियो।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा ५ वर्षको अवधिमा यो विमानस्थलबाट ५ सय ८३ वटा अवतरण र सोही संख्यामा उडान भएको छ। जसमा ३१ हजार ४ सय ६ यात्रु यहाँ ओर्लिएका छन् भने ३७ हजार ४ सय यात्रु बाहिरीएका छन्। ५ वर्षको अवधिमा कुल ६८ हजार ८ सय ५७ जनाले ओहोरदोहर गरेका छन्।

आर्थिक वर्ष २०८२-०८३ को चैत्र ११ गते सम्म विमानस्थलबाट विभिन्न एयरलाइन्स कम्पनीले ६० वटा अन्तर्राष्ट्रिय उडान र त्यतीकै संख्यामा अवतरण गरेका हुन्। यी उडानबाट १ हजार ८४६ जना यात्रु भैरहवा झरेका छन्। त्यस्तै ५ हजार ७६१ जना भैरहवाबाट बाहिरको लागि प्रस्थान गरे । आर्थिक वर्ष २०८१-०८२ मा विमानस्थलबाट विभिन्न एयरलाइन्स कम्पनीले २७८ वटा अन्तर्राष्ट्रिय उडान र त्यतीकै संख्यामा अवतरण गरेका हुन् । यी उडानबाट १२ हजार ८३० जना यात्रु भैरहवा झरेका छन् । त्यस्तै ११ हजार १२८ जना भैरहवाबाट बाहिरको लागि प्रस्थान गरे । उनका अनुसार, आर्थिक वर्ष २०७८/०७९ मा ५६ उडान अवतरणबाट ६ हजार ३ सय १८ ले ओहोरदोहर गरेका छन्। यस्तै आर्थिक वर्ष २०७९/८० मा ३१५ उडान अवतरणबाट २८ हजार ९ सय ९८ यात्रुले आवगमन गरेका छन्। यस्तै २०८०/८१ मा १२० उडान अवतरणबाट १ हजार ९ सय ७६ जनाले ओहरदोहर गरेका छन्।

विमानस्थलबाट ५ वर्षको अवधिमा १ अर्ब ४ करोड ८६ लाख ३९ हजार ९ सय ९९ आम्दानी भएको छ भने ९८ करोड ४० लाख ५५ हजार ३ सय ८६ खर्च भएको छ। यो तथ्याङ्क २०७८ साउन देखि २०८२ फागुनसम्मको हो।

एडीबीको ४० दशमलव ५ प्रतिशत ऋण तथा १८ प्रतिशत अनुदान, ओपेक फन्ड फर इन्टरनेसनल डेभलपमेन्ट्सको ३० दशमलव ५ प्रतिशत ऋण र नेपाल नागरिक उड्डयन प्राधिकरणको ११ प्रतिशत लगानी गरेको हो।

विमानस्थल सञ्चालन नहुनुमा पूर्वाधारको अभाव नभएको प्राधिकरणको दाबी छ। पूर्वाधारमा कुनै कमी बाँकी नरहेको उदाहरण थाई एयरमा गएको हात्तीले प्रमाणित गरेको अध्यक्ष नेत्र आचार्य बताउँछन्।

भैरहवामा ल्याण्डिङ र पार्किङ् निःशुल्क भएकोले केही अन्तर्राष्ट्रिय विमानहरू पार्किङ्को लागि मात्र भैरहवा आउने गर्छन्। सरकार भैरहवा र पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान गर्ने विदेशी वायुसेवालाई आकर्षित गर्न विभिन्न छुट सुविधाहरू प्रदान गरेको छ। अन्तर्राष्ट्रिय उडानका लागि हवाई टिकटमा लाग्ने प्रतियात्रु ३ हजार रुपैयाँको यात्रु सेवा शुल्कमा छुट दिइएको छ । साथै, दुवै विमानस्थलमा पार्किङ्, ल्यान्डिङ र न्याभिगेसन शुल्कमा पूर्ण छुटका साथै नेपाल एयरलाइन्सले प्रदान गर्ने ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ७५ प्रतिशत छुटको व्यवस्था गरिएको छ। यस्तै इन्धनमा पनि सय डलर छुट दिइदा समेत अर्बौं रुपैयाँको लगानीमा निर्माण गरिएको उक्त विमानस्थल अझै पनि पूर्णरूपमा सञ्चालनमा आउन नसक्दा लुम्बिनी प्रदेशको अर्थतन्त्र, पर्यटन र व्यावसायिक क्षेत्र चिन्तित छन्।

अन्तर्राष्ट्रिय उडानको केन्द्र बनाउने लक्ष्यसहित निर्माण गरिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अपेक्षित रूपमा सञ्चालन हुन नसक्दा प्रदेश सरकारदेखि निजी क्षेत्र, पर्यटन व्यवसायी तथा स्थानीयवासीसम्म छन् । दुई विशाल छिमेकी मुलुकमा रहेको नेपालले पर्यटनबाट प्रशस्त लाभ लिन सकिने जनाए । 'रामायण सर्किट, महाभारत सर्किट र बैद्ध सर्किट जोडेर अन्तर्राष्ट्रिय प्याकेज बनाउनुपर्छ', उनले भने-'यस्तो भएमा विदेशी विमान कम्पनी पनि यहाँ आउँछन्।'

पर्यटकलाई मात्रै प्राथमिकतामा नराखी श्रमिकहरूमार्फत् पनि चलायमान गर्न सकिने हुनाले ट्राभल, मेनपावर, श्रम स्वीकृति, एनओसी लेटर र मेडिकलसम्बन्धी सेवाहरू यहीबाट दिने व्यवस्था गर्नुपर्छ। उनले भैरहवामा भिसा, मेडिकल सेन्टर लगायतका सुविधा नहुँदा पनि विमान कम्पनीले छुट सुविधा पाउँदा समेत यहाँ उडान भर्न नआएको उनले जनाए।

हार्दिक बधाई तथा शुभकामना

३८औं
दैनिक लुम्बिनी

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।

नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय
बुटवल-११, देवीनगर, रुपन्देही

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

जीवन पुन मगर
प्रमुख प्रशासकीय अधिकृत

सुर्यबहादुर घर्ती
नगर प्रमुख

निसीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

# पूर्वाधार विकासलाई प्राथमिकता राख्दै सत्यवती







तिलक महत

*गुल्मी*

केही वर्षअघिसम्म वर्षात् लाग्नासाथ हिलाम्मे हुने र सुक्खायाममा धुलाम्मे सडकका कारण हैरान हुँदै आएका गुल्मीको सत्यवती गाउँपालिका अहिले पूर्वाधार विकासको नयाँ चरणमा प्रवेश गरेको छ । विकासको मेरूदण्डका रूपमा सडक सञ्जाललाई अघि सार्दै गाउँपालिकाले योजनाबद्ध रूपमा काम अगाडि बढाएको छ । निर्वाचनपछि नयाँ जनप्रतिनिधि आएलगत्तै सडक विस्तारलाई पहिलो प्राथमिकतामा राखिएको थियो, जसको परिणामस्वरूप अहिले विभिन्न वडामा सडक स्तरोन्नति, ढलान र पिचका काम तीव्र गतिमा अघि बढिरहेका छन् ।

वडाबाट आधा घण्टाभित्र पालिका केन्द्रमा

गाउँपालिकाका अध्यक्ष टिकाराम पाण्डेका अनुसार प्रत्येक वडामा सडकको पहुँच विस्तार गर्ने र कृषिलाई सडकसँग जोड्ने स्पष्ट उद्देश्यका साथ योजना अघि बढाइएको हो । "आगामी वर्षदेखि प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्रसम्म आधा घण्टाभित्र पुग्न सकिने गरी सडक सञ्जाल विस्तार गरिनेछ ।"- अध्यक्ष पाण्डेले भने । उनकाअनुसार सडक विस्तारले केवल आवागमन सहज बनाउने मात्र होइन, कृषि उत्पादनलाई बजारसम्म पुर्‍याउन र मल-बिउजस्ता सामग्री समयमै गाउँमा उपलब्ध गराउन समेत महत्त्वपूर्ण भूमिका खेल्नेछ । ग्रामीण क्षेत्रमा सेवा प्रवाहलाई छरितो बनाउने, स्वास्थ्य तथा शिक्षामा पहुँच बढाउने र आर्थिक गतिविधिलाई चलायमान बनाउने लक्ष्यसहित सडक पूर्वाधार सुदृढीकरणमा जोड दिइएको छ ।



पालिका रणनैतिक सडकमा लगानी

गाउँपालिकाले केही प्रमुख सडक आयोजनामा उल्लेख्य बजेट सुनिश्चित गरेको छ । रूद्रवेणी-अस्लेवा- ठुलोलुम्पेक सडकका लागि करिब ३५ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको छ भने साँघाट-लिम्घा सडकका लागि १० करोड रुपैयाँ विनियोजन गरिएको छ । यी सडक सम्पन्न भएपछि गाउँपालिकाको आन्तरिक तथा बाह्य सम्पर्क थप मजबुत हुने अपेक्षा गरिएको छ । वडा नम्बर ५ अन्तर्गत खैरेनीदेखि सतपम्फु हुँदै गरा-बिर्मीसम्मको सडकलाई ढलान तथा पिच गर्ने योजना सम्पूरक कार्यक्रममा समावेश गरिएको छ । त्यस्तै खैरेनी- जुहाङ- भार्से सडकअन्तर्गत भार्सेको स्तुपासम्मको बाटो स्तरोन्नति भइरहेको छ । जुहाङको मैदानसम्म सडक व्यवस्थित भइसकेको छ भने त्यसभन्दा माथिको खण्डमा करिब साढे ३ करोड रुपैयाँको ठेक्का सम्झौता भई काम अघि बढिरहेको छ ।

यसैगरी चोरकाटे (परमानन्द नगर) देखि चिदीपानीसम्म ढलान कार्य तीव्र रूपमा जारी रहेको छ । गुलुम्दी-चियामी सडकमा करिब २ किलोमिटर ढलान भइरहेको छ भने थोम्का जाने सडकमा करिब आधा किलोमिटर ढलान सम्पन्न हुने चरणमा पुगेको छ । अध्यक्ष पाण्डेले आफूहरू पदमा आउँदा अधिकांश सडकको अवस्था जर्जर रहेको स्मरण गर्दै अहिले योजनाबद्ध ढंगले स्तरोन्नति कार्य भइरहेको बताए ।

कृषि पूर्वाधारले बदल्दै जीवन

उपाध्यक्ष निरमायु तरामुका अनुसार सडकसँगै कृषि पूर्वाधार निर्माणमा पनि गाउँपालिकाले उल्लेख्य पहल गरिरहेको छ । कृषकलाई आवश्यक पर्ने संरचना निर्माण, उत्पादन संकलन तथा बजार व्यवस्थापनमा विशेष ध्यान दिइएको उनले बताइन् । गाउँपालिकाले 'कृषि एम्बुलेन्स' सञ्चालनमा ल्याएर उत्पादन संकलन र ढुवानीमा सहजीकरण गरिरहेको छ । तरामुका अनुसार कृषकका उत्पादन गाउँपालिकाले खरिद गरी बुटवलको बजारसम्म पुर्‍याएर बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ । "बेमौसमी खेतीमा केही समस्या देखिए पनि सिजनल तरकारी र फलफूलले बजार नपाउने अवस्था हुन दिएका छैनौँ ।"- उनले भनिन् । गर्भवती अवस्थामै पनि वडा-वडामा पुगेर नागरिकका गुनासा सुन्दै काम गरेको उल्लेख गर्दै उनले सेवा प्रवाहलाई पारदर्शी र गुनासोरहित बनाउने प्रयास जारी रहेको बताइन् ।

भवन निर्माणमा कानुनी जटिलता

प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालका अनुसार गाउँपालिकाको आफ्नै भवन निर्माण प्रक्रिया भने अझै कानुनी उल्झनका कारण ढिलाइ भइरहेको छ । जग्गा राजगुठीअन्तर्गत परेकाले स्थानीय तहको नाममा स्वामित्व हस्तान्तरणमा समय लागेको र त्यसैले भवन निर्माण अघि बढ्न नसकेको उनले जानकारी दिए । यद्यपि आवश्यक प्रक्रिया अगाडि बढिसकेको र छिट्टै समाधान हुने अपेक्षा गरिएको छ ।

स्वास्थ्य, शिक्षा र पर्यटनमा प्रगति

सडकसँगै स्वास्थ्य क्षेत्रका पूर्वाधारमा पनि उल्लेख्य प्रगति भएको छ । अधिकांश वडामा स्वास्थ्य चौकी निर्माण सम्पन्न भइसकेका छन् । पर्यटकीय सम्भावना बोकेको सत्यवती क्षेत्रमा पदमार्ग निर्माणका कामहरू अघि बढिरहेका छन् । होमस्टे जाने सडकको स्तरोन्नति गरिनुका साथै पर्यटन प्रवर्द्धनमा समेत ध्यान दिइएको छ । शिक्षा क्षेत्रमा विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (आइसीटी) भवन निर्माण, माध्यमिक विद्यालयमा चारकोठे भवन निर्माण जस्ता कार्य निरन्तर भइरहेका छन् । सामुदायिक विद्यालयहरूको नतिजा २६ प्रतिशतबाट बढेर ८१ प्रतिशत पुगेको तथ्याङ्कले शिक्षा क्षेत्रमा देखिएको सुधारलाई पुष्टि गर्छ ।

समृद्धितर्फको यात्रा

सत्यवती गाउँपालिकाले सडक सञ्जाल विस्तारलाई केन्द्रमा राखेर विकासको बहुआयामिक यात्रा अघि बढाएको देखिन्छ । सडक, कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनजस्ता क्षेत्रमा समानान्तर रूपमा भइरहेका प्रयासले गाउँपालिकालाई समृद्धितर्फ उन्मुख गराउने विश्वास स्थानीय जनप्रतिनिधिहरूले व्यक्त गरेका छन् ।

पूर्वाधार विकासले नागरिकको दैनिकी सहज बनाउनुका साथै आर्थिक गतिविधि चलायमान बनाउने अपेक्षा गरिएको छ । योजनाबद्ध लगानी र कार्यान्वयनले आगामी वर्षहरूमा सत्यवती गाउँपालिकालाई जिल्लाकै नमूना स्थानीय तहका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष

झिमरूक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# शिक्षाको पूर्वाधारमा माथागढीको प्राथमिकता








पाल्पा

माथागढी गाउँपालिकामा शिक्षाको पूर्वाधारको क्षेत्रमा धेरै लगानी गरेको छ । गाउँपालिकाले शिक्षाको पूर्वाधारको क्षेत्रमा आधुनिक भवनहरू, घेरावारलगायतका क्षेत्रमा काम गर्दै आएको छ। गाउँपालिकाले किसान माविमा पौने दुई करोडको भवन निर्माण गरेको छ।

यसैगरी दिव्यज्योति माध्यमिक विद्यालय कसेनी सराईमा तीन करोड रुपैयाँमा भवन निर्माण सम्पन्न गरेको छ। ज्ञानोदय आधारभूत विद्यालयमा जापानी काजुमासा कागीमी बाजेसँग समन्वय गरेर पनि एउटा भवन निर्माण गरेको छ। गाउँपालिकाले नै सिफारिस गरेर राष्ट्रपति शैक्षिक सुधारअन्तर्गतबाट करिब ६२ लाख बराबरको भवन निर्माण भएको हो

माथागढी १ चिदिपानीमा सौभाग्य माविमा प्रदेशसँग समन्वय गरेर प्राविधिकसम्बन्धी उपकरणहरू जुटाउने, काममा पालिका जुटेको छ। वडा नम्बर ८ को बालविकास आ.वि.मा दुई तले पक्की भवन निर्माण भएको छ। त्यसैगरी ५ नम्बर वडामा हात्तीलुङ माविमा करिब ६२ लाखको लागतमा चार कोठे पक्की भवन निर्माण भएको छ। माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्ने काम भएका छन् । पालिकाका सबै विद्यालयमा शौचालय, खानेपानीका पूर्वाधारहरू निर्माण भएको पालिका अध्यक्ष यमबहादुर चिदीले बताए।

**स्वास्थ्य पूर्वाधार**

माथागढी गाउँपालिकामा वडा नं. १ देखि ८ सम्मका स्वास्थ्य चौकीहरू पक्की भवनमा सञ्चालनमा रहेका छन्। वडा नम्बर १ को स्वास्थ्य चौकी भवन केही समय अगाडि सम्पन्न भएर सञ्चालनमा आएको छ। वडा नं. ३ को कसेनी स्वास्थ्य चौकीको भवन निर्माण पूरा भई नयाँ भवनबाट सेवा सुचारू भइरहेको छ। वडा नम्बर ४ मा १५ शैयाको अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । वडा नं. ५ र ६ मा वडा कार्यालयकै भवनमा स्वास्थ्य चौकी सञ्चालन भएको छ। वडा नं. ७ मा आफ्नै पक्की भवनबाट र वडा नं. ८ मा स्वास्थ्य चौकी भवन बनिरहेको छ । पालिका तहबाट सञ्चालनमा रहेका सामुदायिक स्वास्थ्य ईकाइहरूले पनि आफ्नै भवनबाट सेवा सञ्चालन गरेका छन्। पालिकाले ८ नम्बर वडामा आफ्नै भवनमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गर्दै आएको छ भने वडा नं. ७ मा पनि आफ्नै भवनमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भएको छ। वडा नं. ६ नम्बरको भुटुकेमा पनि आफ्नै भवनमा सामुदायिक स्वास्थ्य एकाइ चाहिँ सञ्चालन भएको छ, । यसै गरी वडा नं. ३ नम्बरको कसेनीमा आफ्नै भवनमा सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन भइरहेको छ। वडा नं. ४ को देवगिरमा एउटा सामुदायिक भवनमा सामुदायिक स्वास्थ्य इकाइ सञ्चालनमा रहेको छ। वडा नं. १ को धैरैनीमा सामुदायिक भवनमा स्वास्थ्य इकाइ सञ्चालनमा रहेको छ।

**प्रशासकीय भवन तथा वडा कार्यालय पूर्वाधार**

वडा कार्यालयको हिसाबमा पालिकाको वडा नं. १ देखि ८ वडासम्म आफ्नै भवनहरूबाट सेवा सञ्चालन भएका छन् । वडा नम्बर १ को चिदिपानी गाउँपालिकाकै अनुदानमा १ करोड ६० लाखको लागतमा हालै निर्माण सम्पन्न भई काम सञ्चालन भएको छ। त्यसैगरी ३ नम्बर वडा कार्यालय, २ नम्बर वडा कार्यालयको पनि आफ्नै भवनबाट सेवा सुचारू भइरहेको छ। वडा नं. ३ र २ गाउँपालिकाको शहरी इलाका भएकोले पालिकाले सभाहल निर्माण गरेको छ। वडा नं. ४ हाल गाउँपालिको सभाहलबाट सञ्चालनमा रहेको छ। त्यसैगरी वडा नम्बर ५ को पनि आफ्नै पक्की भवन छ। त्यसबाट सेवा सञ्चालन भइरहेको छ। वडा नम्बर ६ को पनि आफ्नै पक्की भवनबाट चाहिँ दुईतले भवनबाट सेवा सञ्चालन भइरहेको छ। वडा नम्बर ७ को पनि आफ्नै पक्की भवन छ। त्यसबाट पनि सेवा सञ्चालन भइरहेको छ। वडा नम्बर ८ को आफ्नै पक्की दुईतले भवनबाट चाहिँ सेवाहरू नियमित रूपमा प्रदान गर्दै आइरहेको छ । गाउँपालिकाले प्रमुख प्रशासकीय भवन निर्माण गरिरहेको छ । अहिले पालिका भवनको ६० प्रतिशत काम सकिएको छ । माथागढी गाउँपालिकाले टोल-टोलमा सामुदायिक भवनहरू निर्माण गरेको छ। हरेक टोल-टोलमा आमा समूह, बाल क्लब, युवा क्लब भवन, महिला भवन, युवा क्लब, क्रियापुत्री भवन, सामुदायिक वन भवन, तरकारी संकलन भवन जस्ता सयौ भवनहरू निर्माण भएको पालिका उपाध्यक्ष विष्णुमाया लुङ्चेले बताइन्। वडा नं. ५ मा तरकारी सङ्कलन भवन बनेको छ।

**सडक पूर्वाधार**

माथागढी गाउँपालिकाले सडक पूर्वाधारको क्षेत्रमा गुरुयोजना नै बनाएर काम गर्दै आएको छ। माथागढी गाउँपालिकामा करिब ५६० किलोमिटरको सडक सञ्जालहरू बनेका छन् । पालिकाको प्रमुख सडकको रूपमा बाँसटारी-झडेवा हुँदै दुम्कीबास जाने सडकलाई दुई प्रदेश जोड्ने मुख्य सडकको रूपमा काम गर्दै आएको छ। पालिकाले आफ्नै लगानीमा देवीनगरदेखि झडेवा बजारसम्म सडक स्तरउन्नति, नाली निर्माण टेवा प्रखाल जस्ता काम गर्दै आएको छ भने हाल १ किलोमिटर क्षेत्र पिच गरी थप ६ किलोमिटर सडक पिचको तयारीमा जुटेको पालिका अध्यक्ष यमबहादुर चिदीले बताए। ओलेस जाने बाटो सराई- एकलेबर- दमार- शिखरकोट सडक क्षेत्रमा पालिकाले यस वर्ष कालोपत्रेको काम गर्नेछ। अघिल्लो वर्ष पालिकाले चरचरे तिर जाने बाटोमा कालोपत्रे गरेको छ। खोरिया- पर्खा- मोहने- चौपारी- मान्के- सोले- दोहोरा फेँदीसम्मको करिब ६ किलोमिटर मोटर बाटो कालोपत्रे हुँदैछ।

गाउँपालिकाको केन्द्रबाट वडासम्म, वडा कार्यालयदेखि टोलसम्म जोड्ने बाटाहरू स्तरउन्नति गर्ने, ग्राभेल गर्ने, नाली बनाउने एउटा लक्ष्यका साथ सडक पूर्वाधारमा काम गर्दै आएको, विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा पुग्ने बाटाहरूलाई पनि प्राथमिकतामा राखरे काम गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत सुन्दरप्रसाद श्रेष्ठले बताए।

रहबास- मटेरी खण्डको बाटो करिब ६० लाखको लागतमा काम सुचारू भइरहेको छ भने झडेवा- गेरौली हुँदै बहादुरपुर पुग्ने गरी ५५ लाखमा काम सुरु भएको छ। वडा नं. ५ को मनकामना- दमार - मनकामना- मजुवा क्षेत्रमा जाने बाटोमा करिब ४० लाखमा काम भइरहेको छ। माथा मन्दिर जाने बाटोलाई स्तरउन्नति गर्नको १० लाखमा काम सुरु भएको छ । गडवासबाट हात्तीलुङ्ग स्कुल जाने बाटो १० लाख रुपैयाँमा काम भइरहेको छ । जगतबाट भुटुकी-जगत- मुलपोखरी जाने बाटोलाई करिब १५ लाख रुपैयाँ रहेको छ । भैसेकट्टा खोलामा कल्भर्ट पुल निर्माण भएको छ । पालिकाले साना कल्भर्ट पुलहरू ५ नम्बर, ४ नम्बर र ६ नम्बरको लागि रौबास खोलामा पुल निर्माण भएको छ । चिल्लेपानीमा कल्भर्ट पुल निर्माण भएको छ। रम्भा गाउँपालिकासँग समन्वय गरेर गोतामे घाटको पक्की पुल अहिले निर्माणाधीन अवस्थामा छ। करिब ७ वटा ट्रस्ट पुलहरू बनिसकेको छ।

**पर्यटन पूर्वाधार**

वडा नं. ८ को बहादुरमा सत्यवती ताल संरक्षण गर्ने गरी, ताल पुनर्भरन हुने गरी भुलुल्दी खोलाबाट पानी खसाल्ने गरी त्यसलाई व्यवस्थापन भएको छ।

माथाको गढी जुन ऐतिहासिक गढी हो, त्यसकै नामले गाउँपालिका रहेको छ, जसमा खानेपानी शौचालय जस्ता पूर्वाधारहरू निर्माण भएका छन् । पाल्पाकै अग्लो लेक, कौडे लेकमा विभिन्न पक्षको सहयोगमा भ्यू-टावर निर्माण भएको छ। पालिकाको वडा नं. ३ को लखन थापा पार्क, खानेपानी, शौचालयको व्यवस्था, पार्क वरिपरि हिँड्ने ट्र्याकहरू बनाउने, टायलहरू बिछ्याउने, पुलहरू बनाउने कम्पाउण्ड तथा घेराबार जस्ता पूर्वाधारका काम भएका छन् ।

**खेल पूर्वाधार**

पाल्पाको मध्य भागमा रहेको माथागढीको सराइमा एउटा जिल्लास्तरीय सराइ खेलमैदानको निर्माण पालिकाले गरेको छ। विभिन्न वडामा रहेका भलिबल खेलमैदानलाई व्यवस्थित बनाउने, तारजाली लगाई सुरक्षित बनाउन पालिका जुटेको छ।

**कृषि पूर्वाधार**

पालिकाले कृषिमा विभिन्न किसिमको आधुनिक पूर्वाधारसँग किसानलाई जोडेको छ। पालिकाले टोल-टोल बस्ती बस्तीमा मिनि टिलिर, कुटानी, पिसानी मिल, विभिन्न किसिमका कृषि औजारहरू नियमित रूपमा उपलब्ध गराएउँदै आएको छ। मल्चिङ र टनेलमा पालिकाले काम गरेको छ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

जीवलाल खरेल जीवन
नगर प्रमुख

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरुको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

थानेश्वर घिमिरे
अध्यक्ष

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# भूमिकास्थानमा पूर्वाधार विकास तीव्र









अनिल नेपाली

*अर्घाखाँची*

लुम्बिनी प्रदेशको पहाडी जिल्ला अर्घाखाँचीको भूमिकास्थान नगरपालिकामा पछिल्ला वर्षहरूमा पूर्वाधार विकाससँगसँगै अन्य विकासले तीव्रता लिएको नगरपालिकाले दाबी गरेको छ।

स्थानीय तहको पुनर्संरचनापछि साविक ढाकाबाङ, धारापानी, खिल्जी, असुरकोट, नुवाकोट, ढिकुरा र धनचौर गाविसलाई समेटेर बनेको भूमिकास्थान नगरपालिकाले सडक तथा पुल निर्माणका साथै शिक्षा, स्वास्थ्य पूर्वाधारमा उल्लेख्य प्रगति हासिल गरेको छ। नगरपालिकाले सडक पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्नस्थानमाकालोपत्रे, आरसीसी र पीपीसी सडक निर्माण गरेको छ। पिपलनेटा सडक कालोपत्र योजना, उपल्लापोखरा - भूमिकास्थान - पिपलनेटा सडक, मिलनचोक- कुत्रेपानी - थारपाईला सडक, धारापानी - फलामखिल्ली सडक, उदयठाटी चौतारा पौवा सडक, बेल्बोट - दर्वाङ सडक, बराहनेटा- कमसलपोरी- पानडाँडा सडक, छेडा - लम्ची सडक, भुजेलपानी- सानोडेभा सडक, डेभा- पत्के - डढुवा सडक गरी दर्जन बढी सडक कालोपत्रे (पीच) भएका छन् भने नरपानी- ढिकरा- नुवाकोट सडक स्तरोन्नति तथा प्रशासकीय भवन निर्माण, विभिन्न खानेपानी आयोजना सबै वडाहरू निरन्तर चलिरहेको नगरपालिकाका कार्यक्रम अधिकृत तथा योजना शाखा प्रमुख हरिश्चन्द्र भुसालले जानकारी दिए।

नगरप्रमुख झविलाल थापाका अनुसार यस वर्ष हालसम्म २ किमी र आर्थिक वर्षको अन्तिमसम्म थप ७ किलोमिटर सडक पिच हुने र हाल नगरपालिका भर ४२ किलोमिटर सडक पिच भएको छ। दर्जन बढी सडक पीच हुँदा नगरवासीलाई सवारी साधनमा यात्रा गर्न, सामान ढुवानी गर्न र यातायात सेवा धेरै सहज भएको नगरप्रमुख थापाले बताए। नगरप्रमुख थापाका अनुसार नगरपालिकाभित्र सडक स्तरोन्नति, ग्राभेल, कल्भर्ट निर्माणलगायतका कामहरू उल्लेख्य मात्रामा सम्पन्न भएका छन्।

वडा कार्यालय भवन निर्माणतर्फ सबै १० ओटा नयाँ वडा कार्यालय भवन निर्माण गरिएको छ भने शिक्षातर्फ विभिन्न विद्यालयमा नयाँ भवन निर्माण गरिएको छ। जनजागृती माध्यमिक विद्यालयमा भवन निर्माणसँगसँगै विभिन्न आधारभूत विद्यालय र नयाँ कक्षाकोठा निर्माण गरिएको छ। पालिकाभित्रका विद्यालयहरूको स्तरोन्नति र शौचालय निर्माणलगायतको काम समेत गरिएको छ, स्वास्थ्य सेवातर्फ गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण भई आधारभूत स्वास्थ्य सेवा सुरु हुनेछ। जसले स्थानीय बासिन्दालाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुग्ने विश्वास लिइएको छ, न्यायिक सेवालाई प्रभावकारी बनाउन र आफ्नो जिम्मेवारीलाई इमान्दारीपूर्वक सम्पन्न गर्न आफू अनवरत रूपमा लागेको नगर उप प्रमुख बालकृष्ण बञ्जाडेको भनाइ छ।

भूमिकास्थान नगरपालिकामा कृषि पर्यटनको सम्भावना राम्रो रहेकाले नगरपालिकाका लागि गुरुयोजनासहित अगाडि बढेको प्रमुख प्रशासकीय अधिकृत रविन्द्रप्रसाद चौधरीको भनाइ छ। भूमिकास्थान नगरपालिकामा भूमिकाथान मन्दिर, , नतार्जल पर्वत, पाथीभरा मन्दिर, सेङ्लेङ दह, प्यारीपोखरा पर्यटन पार्क, पोखेडाँडा पर्यटन पार्क, फलामखिल्जी मगर सँस्कृति संग्रहालय, दुर्वाङ पर्यटन पार्कलगायतका पर्यटकीय पूर्वाधार नगरपालिकाले निर्माण गरिसकेको प्रमुख प्रशासकीय अधिकृत चौधरीले जानकारी दिए।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौँ ।
- पानी उमालेर मात्र पिउने गरौँ ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौँ ।
- सबैखालका विभेदको अन्त्य गरौँ ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔँ ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौँ, चर्पीमा मात्र दिसापिसाब गरौँ ।

मित्रमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत

खेलराज पाण्डेय
नगर प्रमुख

बुटवल उप-महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# मालारानीमा के-के भए पूर्वाधार विकास ?







*अर्घाखाँची*

अर्घाखाँचीको मालारानी गाउँपालिकामा पूर्वाधार विकासले तीव्रता पाएको छ । स्थानीय तहको पुनर्संरचनापछि साविक मरेङ खन खनदह बागी हसपुर गोखुङा गाविसलाई समेटेर गठन भएको यस गाउँपालिकाले सडक, शिक्षा, स्वास्थ्य तथा पुल निर्माणका क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ ।

१०१ दशमलव ०६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको गाउँपालिकामा हाल ९ वटा वडाहरू रहेका छन् । गाउँपालिकाको सिमाना पूर्वमा छत्रदेव गाउँपालिका, पश्चिममा भूमिकास्थान नगरपालिका र प्यूठान जिल्ला, उत्तरमा प्यूठान र गुल्मी जिल्ला तथा दक्षिणमा सन्धिखर्क र भूमिकास्थान नगरपालिकासम्म फैलिएको छ । गाउँपालिकाले सडक पूर्वाधार विस्तारलाई प्राथमिकतामा राख्दै विभिन्न स्थानमा कालोपत्रे, आरसीसी र पीपीसी सडक निर्माण गरेको छ । गाउँपालिकाले संघ प्रदेश र आफ्नो लगानीमा २७ दशमलव ५ किमि सडक कालोपत्रो गरेको भने ३० दशमलव ३० कि मि ग्राभेल गरी ३५ किमि सडक स्तरउन्नति गरेको छ भने गाउँपालिकाको वडा नं. ८, ९ र २ मा गरी ३ वटा झोलुङ्गे पुल निर्माण गरेको छ । ढुङ्गाको छानो भएका घर परिवारलाई व्यवस्थापन गरी करिब ११०० घर जस्तापाताले छाउने काम सम्पन्न गरेको छ भने वडा नं. २ भवन निर्माणलगायतका काम पनि सम्पन्न गरेको छ । यस्तै हरेका गाउँमा पनि आरसीसी तथा पीपीसी सडक निर्माण गरी गाउँ-गाउँसम्म पहुँच विस्तार गरिएको गाउँपालिकाले जनाएको छ ।

पूर्वाधार विकास शाखाका प्राविधिक अधिकृत हरिशचन्द्र पाण्डेकाअनुसार गाउँपालिकाभित्र सडक स्तरोन्नति, ग्राभेल, कल्भर्ट निर्माणलगायतका कामहरू उल्लेख्य मात्रामा सम्पन्न भएका छन् । शिक्षातर्फ विभिन्न विद्यालयमा नयाँ भवन निर्माण गरिएको छ । आदर्श माध्यमिक विद्यालयको अधुरो भवन निर्माण गरिएको छ, वीरेन्द्र माध्यमिक विद्यालय मालारानी वडा नं. २ सिद्ध नेरा मावि वडा नं. १ को आधारभूत भवन सिद्धार्थ माध्यमिक विद्यालय कृषि ल्याब स्थापना गरी प्लास्टर काम सम्पन्न भएको छ भने कालिका नेरा माध्यमिक विद्यालय मालारानी ४ मा ४ कोठे भवन निर्माण गरिएको छ । किरण मावि वडा नं. ४ मा १२ कोठे भवन निर्माण गरिएको छ भने अन्य सामुदायिक विद्यालयमा पनि नयाँ कक्षाकोठा निर्माण गरिएको छ । पालिकाभित्रका विद्यालयहरूको स्तरोन्नति र शौचालय निर्माणलगायतको काम समेत गरिएको छ।

स्वास्थ्य सेवातर्फ गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण भई आधारभूत स्वास्थ्य सेवा सुरु गर्न पहलकदमी भएको छ। जसले स्थानीय बासिन्दालाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुग्ने विश्वास छ । गाउँपालिकाले रतनमारे स्वास्थ्य चौकीमा ल्याब सेवा र मरेङ स्वास्थ्य चौकीमा बथिङ्ग सेन्टरको स्थापना र सञ्चालन वडा नं. २ लाई पूर्ण सरसफाइ वडा धोषणा गरेको छ भने वडा नं. ४ लाई पूर्ण प्रसूतिसेवायुक्त वडाको रूपमा धोषणा गरेको छ। अन्य स्वास्थ्य चौकीबाट सेवा उपलब्ध गराएको छ । गर्भवती महिलालाई क्याल्सियम आयुर्वेदिक सेवा विभिन्न संस्थाको साझेदारीमा स्वास्थ्य शिविर नेत्र ज्योति संघलगायत संस्थाबाट स्वास्थ्य शिविर एम्बुलेन्स सेवा पनि उपलब्ध गराएको छ। दिर्घरोगीलाई निःशुल्क औषधि उपलब्ध गराएको छ।

गाउँपालिकाले बिरामीहरूलाई निःशुल्क औषधि वितरणको कार्य निरन्तरतामा रहेको छ।

विद्युतीय लिफ्ट खानेपानीमा लाग्ने विद्युत महशुलमा ८० प्रतिशत रकम पालिकाबाट उपलब्ध गराउने गरेको छ भने सोताखोला आरूगैरा चौरी लिफ्ट खानेपानी योजना, वडा नं. १-१३६ घरपरिवार एक घर एक धारा, काभरनेटा खानेपानी योजना, वडा नं. ३ (५५ घर परिवारमा एक घर एक धारा), काफलठुटा घोष खानेपानी योजना, वडा नं. ६ सम्पन्न (४५ घरपरिवार एक घर एक धारा) सल्ले सैरीपोखरी लिफ्ट खानेपानी योजना, वडा नं. ९ सम्पन्न (१३६ घरपरिवार एक घर एक धारा) बाँझाखर्क जगरबोट खानेपानी योजना, वडा नं. ८ सम्पन्न (७५ घरपरविार एक घर एक धारा लेवसे खानेपानी योजना, वडा नं. ७ सम्पन्न (१७ घर परविारमा एक एक धरा), पुष्पनगर आधारभूत स्वास्थ्य संस्था भवन शौचालय, वडा नं. २ गुराँसे गाउँघर क्लिनिक शौचालय, वडा नं. ५, भाटमारे चुदाराटोल खानेपानी योजना, वडा नं. ४ मा ७९ घरपरविार एक घर एक धारा बाइसाना बझेरी खानेपानी योजना, वडा नं. ५ मा ४५ घरपरविार एक घर एक धारा खनदह डम्पिङ साइट निर्माण, वडा नं. ३ रिचार्ज पोखरी निर्माण, वडा नं. ९ अतिविपन्न घरधुरी शौचालय निर्माण सबै वडा (२१ घर परविार) ।

फूलपाती आधारभूत स्वास्थ्य संस्था भवन तला थप, वडा नं. ८ मरेङ्ग स्वास्थ्यचौकी भवन संरक्षण, वडा नं. १. महरबिसौना गाउँघर क्लिनिक शौचालय, वडा नं. १ खन स्वास्थ्य चौकी भवनमा तला थप, वडा नं. ४ नेरेसो उपशाखा भवन निर्माण, वडा नं. ६ हंसपुर स्वास्थ्य चौकी भवन मर्मत, वडा नं. ६ सर्यो माविमा तीनतारा विद्यालय पूर्वाधार निर्माण सम्पन्न गरेको छ भने गाउँपालिकाको आफ्नै प्रशासनिक भवन पनि विगत केही वर्षदेखि सञ्चालनमा आएको छ।

गाउँपालिकाले कृषि र पशुपालनमा आत्मनिर्भर बनाउन हेफरसँगको साझेदारीमा गाउँपालिकामा विभिन्न कार्यक्रम गरी युवा उद्यमीमार्फत् स्वरोजगार बनाउनका लागि खाद्यान्न बाली, नगदे बाली, बाख्रा विकास, भैंसी प्रवर्द्धनलगायतका काम गरेको छ भने गाउँपालिकाले ३६६ वटा खोर निर्माण, बिउ बाख्रा ७६३ बोका, ११२ भकारो सुधार, ३३४ दुधालु गाई भैंसीमा अनुदान, ४६ युवा उद्यमी, ११९ मौरीका घार वितरण ६० गोलासहित, घार १४७ वटा वितरण गरेको छ भने पर्यटनतर्फ मालारानी गाउँपालिकाभित्र रहेका मालारानी मन्दिर नरसहिस्थान, दारेगोडा मन्दिर, तलिकुवा झरना, खन गुफा, जालकाँडा, लोहोरीका लेक, गढीका लेक, तीनसल्ली आर्दा पर्यटकीय स्थानहरूमा प्रदेश सरकारका सहयोगमा पर्यटकीय पूर्वाधार विकासका काम सम्पन्न हुने चरणमा रहेका छन् भने पालिकामा पर्यटकीय गन्तव्यका विकास र प्रवर्द्धन गर्ने तथा सौन्दर्यकरण थप्न, संभावित पर्यटकीय स्थलहृयुलाई न्यून भए पनि स्रोतसाधन उपलब्ध गराउने, स्रोतहरूको खोजी गर्ने, होर्डङ् बोर्ड राख्ने, ब्रोसर प्रकाशति गर्ने र जिल्ला भित्रिएका पर्यटकहृयुलाई यहाँसम्म ल्याउनका लागि विभिन्नि निकायसँग सम्पर्क समन्वय संस्कृत संरक्षणका लागि देउसी भैलो, तिज गीत, सारठी नाच, भजनकीर्तन, पञ्चेबाजा आदिलाई प्रोत्साहन गरेको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराईले स्थानीय तह गठनपछि विकास निर्माणका कामले गति लिएको बताउँदै आगामी दिनमा अझ प्रभावकारी ढंगले विकासलाई अगाडि बढाइने बताए । "गाउँपालिकाको समग्र विकासका लागि सडक, शिक्षा, स्वास्थ्य र कृषि पर्यटनलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं ।"-उनले भने । कृषिमा आत्मनिर्भर बनाउन गाउँपालिकाले विभिन्न दहमा पकेट क्षेत्र घोषणा गरेर काम गरेको उनले बताए ।

उपाध्यक्ष दिपा पोखेलले पनि जनताको आवश्यकता अनुसार योजनाहरू कार्यान्वयन गर्दै गाउँपालिकालाई विकासको मार्गमा अघि बढाउने बताउँदै महिलालाई आत्मनिर्भर बनाउन युवालाई स्वरोजगार बनाउन विभिन्न सीपमूलक तालिमदेखि लिएर अन्य अवसर प्रदान गरेको बताइन् ।

प्रमुख प्रशासकीय अधिकृत गोविन्द भट्टराईले पनि गाउँपालिकाको विकास निर्माण सेवाप्रवाह सुशासनलगायतको पक्षमा आफू निरन्तर लागेको बताए ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

इश्तियाक अहमद खाँ
नगर प्रमुख

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरूमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं ।

दिनेश सारू
प्रमुख प्रशासकीय अधिकृत

प्रेम श्रेष्ठ
अध्यक्ष

तिनाउ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# सडक सञ्जाल विस्तारमा प्यूठान नगरपालिका








**लवकुमार अधिकारी**
*प्यूठान*

केही वर्षअघिसम्म वर्षात् लाग्नासाथ हिलाम्मे हुने र सुक्खायाममा धुलाम्मे सडकका कारण हैरान हुँदै आएको प्यूठान नगरपालिका अहिले पूर्वाधार विकासको नयाँ चरणमा प्रवेश गरेको छ। विकासको मेरुदण्डका रूपमा सडक सञ्जाललाई अघि सार्दै नगरपालिकाले योजनाबद्ध रूपमा काम अघि बढाएको छ। २०७९ को निर्वाचनपछि नयाँ जनप्रतिनिधि आएलगत्तै सडक विस्तारलाई पहिलो प्राथमिकतामा राखिएको थियो, जसको परिणामस्वरूप अहिले विभिन्न वडामा सडक स्तरोन्नति, ढलान र कालोपत्रेको काम तीव्र गतिमा अघि बढिरहेका छन्।

**एक वडा एक कालोपत्रे**

नगरपालिकाका नगरप्रमुख विष्णुबहादुर योगीका अनुसार प्रत्येक वडामा सडकको पहुँच विस्तार गर्ने र कृषिलाई सडकसँग जोड्ने स्पष्ट उद्देश्यका साथ योजना अघि बढाइएको हो। 'एक वडा एक कालोपत्रेअन्तर्गत' यस वर्षदेखि प्रत्येक वडा कार्यालयबाट नगरपालिकाको केन्द्रसम्म एक घण्टाभित्र पुग्न सकिने गरी सडक सञ्जाल विस्तार गरिँदैछ।'- नगर प्रमुख योगीले भने। उनका अनुसार सडक विस्तारले केवल आवागमन सहज बनाउने मात्र होइन, कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउन र मल- बिउजस्ता सामग्री समयमै गाउँमा उपलब्ध गराउन समेत महत्त्वपूर्ण भूमिका खेल्नेछ। ग्रामीण क्षेत्रमा सेवा प्रवाहलाई छरितो बनाउने, स्वास्थ्य तथा शिक्षामा पहुँच बढाउने र आर्थिक गतिविधिलाई चलायमान बनाउने लक्ष्यसहित सडक पूर्वाधार सुदृढीकरणमा जोड दिइएको छ। 'एक वडा एक कालोपत्रेअन्तर्गत' ५ दशमलव १ सडक कालोपत्रे किमी सम्पन्न, १ दशमलव ६५१ किमी सडक ढलान, १५ किमी सडक ग्राभेल, १० दशमलव ६०० नयाँ ट्र्याक बिस्तार, २१ किमी सडक स्तरउन्नति र नगरपालिकाभित्र हालसम्म पक्की सडक ३९ दशमलव ३३५ किमी रहेको नगर प्रमुख योगीले जानकारी दिए।

खानेपानीअन्तर्गत ३ सय १८ घरधुरीमा धारा जडान गरी पानी सुचारु भएको छ। पक्कि सिँचाइ नाला ३ दशमलव ९ किमी सम्पन्न भएको छ। नगरपालिकाले शिक्षा क्षेत्रमा १० वटा २८ कोठे भवन निर्माण गरी सञ्चालनमा आएको छ। अन्य सार्वजनिक भवन ८ वटा निर्माण सम्पन्न भएको छ। नदिनियन्त्रण (तटबन्धन) तर्फ ४ सय ५० मिटर सम्पन्न गरिसकेको छ। पार्क १ र पदमार्ग १ निर्माण गरी सम्पन्न गरेको छ। झोलुंगे पुल ५ वटा निर्माण गरि सञ्चालनमा रहेको नगर प्रमुख योगीले बताए।

**महत्वपूर्ण सडक आयोजनामा ठूलो लगानी**

नगरपालिकाले केही प्रमुख सडक आयोजनामा उल्लेख्य बजेट सुनिश्चित गरेको छ। हरिखोलादेखि साढेखोलासम्म सडक बिस्तारको लागि करिब ३ करोड रुपैयाँ बजेट व्यवस्था गरिएको छ भने संघीय सरकारअन्तर्गत वेलुवा -हरिखोलासम्म सडकका लागि ४ करोड रुपैयाँ विनियोजन गरिएको छ। नगरपालिकाको ३ करोड बजेटअन्तर्गत ४४० मिटर सडक कालोपत्रे, वाल, नाला, सडक पेटी र सडक बत्तीसहित सम्पन्न हुनेछ। संघीय सरकारको ४ करोडअन्तर्गत वाल, ग्राभेलर नाला हुनेछ। मुख्य सडक भएकाले यी सडक सम्पन्न भएपछि नगरपालिकाले आन्तरिक तथा बाह्य सम्पर्क थप मजबुत हुने अपेक्षा गरिएको छ। वडा नम्बर-४ बिजुवार थापडाडा खलंगा सडकलाई नगरपालिकाले ५५ लाख बजेट विनियोजन गरी पिच गरी यसै वर्षदेखि सञ्चालनमा ल्याएको छ।

नगरप्रमुख योगीका अनुसार आफूहरू पदमा आउँदा अधिकांश सडकको अवस्था जर्जर रहेको स्मरण गर्दै अहिले योजनाबद्ध ढंगले स्तरोन्नति कार्य भइरहेको छ।

**कृषिमा पूर्वाधार र बजार सुनिश्चितता**

नगरपालिकाले सडकसँगै कृषि पूर्वाधार निर्माणमा पनि उल्लेख्य पहल गरिरहेको छ। कृषकलाई आवश्यक पर्ने संरचना निर्माण, उत्पादन संकलन तथा बजार व्यवस्थापनमा विशेष ध्यान दिइएको कृषि शाखा प्रमुख सृजना सेढाइले बताइन्। सेढाइका अनुसार कृषकले उत्पादन गरेको कृषि उपजहरु बजारीकरण गर्नलाई नगरपालिकाले ढुवानीमा सहयोग गरेको छ। 'बेमौसमी खेतीमा केही समस्या देखिए पनि सिजनल तरकारी र फलफूलले नगरपालिकाभित्र नै ८० प्रतिशत जति खपत हुन्छ, जसले गर्दा बजार नपाउने अवस्था हुन दिएका छैनौं।'- उनले भनिन्। पालिकामा ६ वटा कृषि प्राविधिक रहेका छन्, कृषकहरुको समस्या आउनासाथ वडा- वडामा पुगेर कृषकहरुको गुनासोरहित बनाउने प्रयास जारी रहेको उनले जनाइन्।

नगरपालिका ९-१० वडाको उपल्लो भेगमा सुन्तला र अमला प्रशस्त मात्रामा उत्पादन हुन्छ भने तल्लो भेगमा खाद्यान्न र बेमौसमी बाली हुन्छ। उपल्लो भेगमा उत्पादन भएको सुन्तला र अमलाले स्थानीय बजारमा पाएका छन्।

नगरपालिका वडाको तल्लो भेगतर्फ ड्रागन, आँप, लिची, केरा र अम्बालाई व्यवसायिक रुपमा किसानले खेती गर्दै आएका छन्। नगरपालिका-७ मा रहेको ड्रागन खेती प्यूठानकै ठुलो ड्रागन कृषि फर्म रहेको छ। फर्मबाट उत्पादन भएको ड्रागन भारतसम्म बिक्री वितरण गरेको शाखा प्रमुख सेढाइले जानकारी दिइन्।

किसान पेन्सन कार्यक्रमको सबै चरण पूरा गरी कार्यान्वयनको अवस्थामा रहेको छ। उत्पादनमा आधारित अनुदानअन्तर्गत किसानलाई दूधमा प्रतिलिटर १० रुपैयाँ दिएको छ। तरकारीलाई प्रति केजी ५ रुपैयाँको दरले दिएको छ। कृषकलाई रासायनिक मल, मलखाद, टनेल, गहुँको बिउ, विषादी वार्षिक कार्यक्रम गरी वितरण गरिएको छ। संघीय ससर्त अनुदानअन्तर्गत मकै बिउ उत्पादन र नगरपालिकाले धानको बिउ खरिद गरी कृषकलाई वितरणसमेत गर्दै आइरहेको छ। भकारो सुधार कार्यक्रम, साना सिँचाइ योजना सुचारु अवस्थामा रहेको उनले बताइन्।

**स्वास्थ्य, शिक्षा र पर्यटनमा प्रगति**

शिक्षा क्षेत्रमा विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (आइसीटी) भवन निर्माण, माध्यमिक विद्यालयमा चारकोठे भवन निर्माणजस्ता कार्य निरन्तर भइरहेका छन्। नगरपालिकाले शिक्षा क्षेत्रमा १० वटा २८ कोठे भवन निर्माण गरी सञ्चालनमा आएको छ। आर्थिक वर्ष ०७६/०७७ मा कोरोनाले गर्दा सामुदायिक विद्यालयहरुको नजिता खस्केको नगरपालिका शिक्षा शाखा प्रमुख बासुदेव पण्डितले बताए। 'त्यो बेला तीन विषयमा कम अंक ल्याएका विद्यार्थीलाई पास गरेका थियौं,' उनले भने-'आर्थिक वर्ष ०८१/०८२ र ०८२/०८३ मा विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गरेका छौं।' कक्षा सञ्चालन गर्दा हाल विद्यार्थीको नजिता सुधार भएको र कुनै पनि विद्यार्थीलाई विषय नलागेको समेत प्रमुख पण्डितले बताए। पालिकाको १२ वटा मावि विद्यालयहरुमा आइसीटी जडान गरिएको छ। १५ वटा विद्यालयहरुमा इन्टरनेट जडान गरिएको छ। २८ जना अभिभावकविहीन बालबालिकाहरुलाई आवासीयसहित निःशुल्क शिक्षा दिइरहेको समेत पण्डितले जानकारी गराए।

जिल्लाको ऐतिहासिक रुपमा परिचित भित्रिकोट दरबारमा आर्थिक वर्ष २०८०/०८१ मा दरबार व्यवस्थापनसहित सिढी निर्माणमा नगरपालिकाले ३ करोड बजेट बिनियोजन गरेको थियो। सोही आर्थिक वर्षमा भवन निर्माणको लागि पुरातत्व विभागले नयाँ भवन दरबार निर्माण गर्नका लागि ४५ लाख बजेट समेत छुट्याइएको थियो। पर्यटकीय सम्भावना बोकेको खैराकोटजाने क्षेत्रमा पदमार्ग निर्माण गरिसकेको छ।

त्यस्तै स्वास्थ्यतर्फ नगरपालिकाले पालिकाभित्र रहेका नागरिकलाई जिल्ला अस्पताल प्यूठानमा निःशुल्क ओपिडी टिकट लागु गरेको स्वास्थ्य शाखा प्रमुख गोविन्द घिमिरेले बताए।

'पालिकाभित्र रहेका गर्भवती महिलाहरुलाई घरदेखि अस्पतालसम्म निःशुल्क एम्बुलेन्स सेवा दिदै आइरहेका छौं,' उनले भने-'गर्भवती महिलाहरुको लागि निःशुल्क ग्रामीण अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवा दिँदै आइरहेको शाखा प्रमुख घिमिरे बताउँछन्। '६८ वर्षमाथिका जेष्ठ नागरिकहरुलाई निःशुल्क आँखा उपचार सेवा, ३०-५९ वर्षसम्मका महिलाहरुलाई निःशुल्क स्क्रिनिङ्ग सेवा(भीआइए) सेवा, ७० वर्षमाथिका जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा परामर्श र सेवा दिँदै आइरहको छौं। वडा-१ र ९ लाई पूर्ण संस्थागत सुत्केरी सेवायुक्त घोषणा गरेका छौं। नगरपालिकामा उत्कृष्ट काम गर्ने महिला स्वयंसेविकालाई सम्मान गर्नुका साथै मासिक १६ सयका दरले उत्प्रेणा तथा खाजा खर्च वाफत रकम प्रदान गरेका छनैं।'- स्वास्थ्य शाखा प्रमुख घिमिरेले भने। नगरपालिकाभित्र स्वास्थ्य चौकी ६ वटा, अस्थायी स्वास्थ्य सेवा केन्द्र ४ वटा, शहरी स्वास्थ्य केन्द्र २ वटा, गाउँघर क्लिनिक २३ वटा, खोप क्लिनिक ४२ वटा, महिला स्वयंसेविका ६९ जना, स्वास्थ्य आमा समूह ६९ जना, वार्थिङ्ग सेन्टर ६ वटा, क्षयरोग उपचार केन्द्र ६ वटा रहेका छन्।

**समृद्धितर्फको यात्रा**

प्यूठान नगरपालिकाले सडक सञ्जाल विस्तारलाई केन्द्रमा राखेर विकासको बहुआयामिक यात्रा अघि बढाएको देखिन्छ। सडक, कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनजस्ता क्षेत्रमा समानान्तर रूपमा भइरहेका प्रयासले नगरपालिकालाई समृद्धितर्फ उन्मुख गराउने विश्वास स्थानीय जनप्रतिनिधिहरूले व्यक्त गरेका छन्।

पूर्वाधार विकासले नागरिकको दैनिकी सहज बनाउनुका साथै आर्थिक गतिविधि चलायमान बनाउने अपेक्षा गरिएको छ। योजनाबद्ध लगानी र कार्यान्वयनले आगामी वर्षहरूमा प्यूठान नगरपालिकालाई जिल्लाकै नमूना स्थानीय तहका रूपमा स्थापित गर्ने लक्ष्य राखिएको छ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

नगरवासीहरुमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौँ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौँ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौँ।
- पानी उमालेर मात्र पिउने गरौँ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौँ।
- सबैखालका विभेदको अन्त्य गरौँ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौँ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔँ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौँ, चर्पीमा मात्र दिसापिसाब गरौँ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाँण
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

# पूर्वाधार विकासमा अग्रणी पूर्वखोला



*पाल्पा*

२०७४ सालमा स्थानीयतहको निर्वाचित भएपछि पूर्वखोला गाउँपालिकाले हुमिनदेखि रानीनेटासम्मको पालिका पहुँचमार्गको प्रस्ताव गरी सारेको योजनाले मूर्तरूप लिएको छ। उक्त सडकलाई पालिकाले मुख्य सडकको रूपमा अगाडि बढाएको छ । अर्कोवीरकोट-रिङ्नेरहको बाटोलाई पालिकाको प्रमुख सडकको रूपमा काम गर्दै आएको छ । हुमिन -देवीनगर हुँदै जल्पाको बाटो, पूर्वखोलादेखि सिलुवा हुँदै ज्यामिरेसम्मको सडक स्तरउन्नतिको काम भएको छ।

**सडक पूर्वाधार**

पालिका पहुँचमार्गसँगै वडादेखि पालिकासम्म पुग्ने बाटाहरूको रूपरेखा तयार गरिसकेपछि पछिल्लो समयमा सडक गुरुयोजना नै बनाएर पालिकाले काम गर्दै आएको पालिका अध्यक्ष नुनबहादुर थापाले बताए। पालिकाले विभिन्न गाउँ- टोलमा पुग्ने शाखा बाटाहरू समेत स्तरउन्नति गरेको छ। पूर्वखोला गाउँपालिकाको क्षेत्रमा, विभिन्न बस्तीहरूका सबै ठाउँमा यातायातको लागि बाटो पुऱ्याउन सफल भएको पालिका अध्यक्ष थापा बताउँछन् ।

**शिक्षा पूर्वाधार**

पूर्वखोला गाउँपालिकाले शिक्षाको पूर्वाधारलाई प्राथमिकतामा राखेर काम गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा विद्यालय पूर्वाधारमा पनि आवश्यताअनुसार काम गरेको पूर्वखोला गाउँपालिकाले जनाएको छ। विद्यालयमा कोठाहरू नपुग भएको ठाउँमा कक्षाकोठाहरूको निर्माण गर्दै आएको छ। माध्यमिक विद्यालयहरूमा खास गरेर आधारभूत विद्यालयहरूमा विद्यार्थीको संख्याको आधारमा कक्षाकोठाहरू थप्न पालिकाले सहयोग गर्दै आएको छ। अहिले पूर्वखोलाका सबै विद्यालयमा कक्षाकोठाकै अभाव देखिँदैन ।

**१५ बेडको अस्पताल निर्माणसँगै स्वास्थ्य पूर्वाधार**

पूर्वखोलाका वडाहरूमा स्थानीय सरकार निर्माण हुन अगाडि रहेका स्वास्थ्य चौकीको अवस्था दयनीय थियो । स्वास्थ्यचौकी भवन राम्रो भएमात्र कर्मचारी सेवा प्रदान गर्न सहज हुने उद्देश्य राखेर गाउँपालिकाले स्वास्थ्य चौकीहरूको स्तरउन्नति तथा नयाँ भवन निर्माण गरेको छ। पालिकाको ६ वटा वडामध्ये ५ वटा वडामा स्वास्थ्य चौकी भवन सम्पन्न गरेर सेवा प्रवाह गरेको छ। अहिले वडा नम्बर ४ देवीनगरमा स्वास्थ्य चौकी भवन निर्माणकै अवस्थामा छ। स्वास्थ्य चौकी टाढा भएका वडाहरूमा सामुदायिक स्वास्थ्य इकाइहरू सञ्चालन भएका छन् । वडा नं. ५ विरकोटमा १५ वेडको पालिका अस्पताल निर्माणको अन्तिम चरणमा पुगेको छ । निर्माणाधिन पालिकास्तरीय अस्पताल चालु आर्थिक वर्षभित्र सक्ने योजना पालिकाले बनाएको पालिकाकी उपाध्यक्ष भागिरथी शर्मा भट्टराईले बताइन् ।

**शिक्षा, स्वास्थ्य, सडक, कृषि, पर्यटनसहितको पूर्वाधार**

पूर्वखोला गाउँपालिकाले शिक्षा, स्वास्थ्य, सडक क्षेत्रको पूर्वाधारलाई प्राथमिकता दिएर काम गरेको छ। गाउँपालिकाभित्रका अधिकांश मुख्य सडकहरूको निर्माणदेखि विभिन्न किसिमका स्तरउन्नतिका कामहरू पालिकाले गर्दै आएको छ। अबका दिनमा पालिकाभित्रका मुख्यमुख्य सडकलाई कालोपत्रे गर्ने काममा प्राथमिकता रहनेछ।

**विद्यालय पूर्वाधार**

पालिकाको ६ वटै वडामा कतै चार कोठे भवन, कतै घेरावार, कतै भवन मर्मत संभारलगायतका कामहरू गर्दै आएको छ । पाल्पा जिल्लामा पूर्वाधारसहितको स्वास्थ्य सेवाप्रवाह गरेकोले पाल्पाको स्वास्थ्य सेवा प्रथम भएको छ।

**सामुदायिक भवन निर्माण**

पूर्वखोला गाउँपालिकाले टोल-टोलका बस्तीमा सामुदायिक भवन बनाएको छ। समुदायका मान्छेहरू बसेर आफ्ना समस्याहरूका बारेमा छलफल गर्ने, आमा समूहदेखि लिएर टोल विकास संस्थादेखि लिएर विभिन्न कामलाई व्यवस्थित गर्न सामुदायिक भवन ठुलो सहयोग पुगेको देखिन्छ।

**वडा कार्यालयदेखि प्रमुख प्रशासकीय भवन**

संघीय सरकारको ६० प्रतिशत र स्थानीय सरकारको ४० प्रतिशतको संयुक्त लगानीमा अपाङ्गमैत्री लिफ्टसहितको ६० वटा कोठा भएको आधुनिक प्रमुख प्रशासकीय भवन निर्माण गरेको छ। सोही भवनबाट हाल सेवा सञ्चालनमा रहेको छ। ६ वटा वडा कार्यालयमध्ये ४ वटा वडाको आफ्नै भवन रहेको, बाँकी २ वटाको भवन निर्माण प्रक्रिया सुरु भएको प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले बताए।

**पूर्वाधार विकासले बाट कृषि तथा पशुपालनमा सहयोग**

पूर्वखोलाको गाउँ- गाउँमा भएका पूर्वाधारको विकासले रोजगारी सिर्जना गर्न सहयोग पुगेको छ। कृषि, पशुपालनको लागि चाहिने कच्चा पदार्थहरू घर घरमै धुवानीले उत्पादनलागत घटाएको छ। गाउँ- गाउँमा उत्पादन भएका सयौं खसी- बोकाहरूको बिक्रीमा सडक सञ्जालकै कारण सजिलो भएको छ। गाउँ- गाउँको कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउन सडक पूर्वाधारले सहज भएको छ, जसले गर्दा युवाहरू समेत गाउँमै बसेर कृषि खेतीमा लागेको अवस्था छ । पालिकामा पूर्वाधार विकासकै कारण अन्य विकासका कार्यहरू जोडिदै गएका छन् ।

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं ।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं ।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।

सुन्दरप्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

यमबहादुर चिदी
अध्यक्ष

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरुका लागि सूचना

मिति १९ श्रावण २०८१ देखि लागू गरिएको खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ। अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय
बेलहिया, रुपन्देही, नेपाल
फोन: ०७१-५७५०४८ इमेल: fieqeo. belhiya@gmail.com

राष्ट्रिय दैनिक लुम्बिनीको ३८औं वर्ष प्रवेशको अवसरमा हार्दिक मंगलमय शुभकामना

गाउँवासीहरुमा हार्दिक अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एव सतर्कता अपनाऔं ।

भेषराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

सावित्रा कोइराला
का.वा.अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८२/१२/२२

श्री खड्क विर रानाको बुहारी,श्री यम बहादुर रानाको पत्नी, स्याङ्जा जिल्ला, केवरे भन्ज्याङ गा.वि.स. वडा नं.८ बस्ने ना.प्र.नं. ८३०० जा.मि. २०५०/०६/१८ जा.जि. स्याङ्जा भएको श्री गौरी राना भन्ने गंगा सरा रानाको नाममा यस विकास बैंकको वालिङ, स्याङ्जा शाखा कार्यालयमा बचत खाता नं. ००१०१३००००११३३००००००१ रहेकोमा निजको मिति ०८२/०४/१८ मा मृत्यु भएको र निज मृतक श्री गौरी राना भन्ने गंगा सरा रानाको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दैस्याङ्जा जिल्ला, केवरे भञ्ज्याङ गा.वि.स. वडा नं.८ हाल बाँके जिल्ला, खजुरा गा.पा. वडा नं. ०१, बस्ने मृतक गौरी राना भन्ने गंगा सरा रानाको छोरा पर्ने श्री जग बहादुर रानाले मृतकको मृत्यु दर्ता प्रमाण-पत्र (दर्ता नं. १९९८०७१५०४३०६-२) र अन्य आवश्यक कागजातसहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री जग बहादुर रानालाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

# भारत-चीन जोड्दै कालीगण्डकी करिडोर

## मुक्तिनाथ-लुम्बिनीको पर्यटन प्रवर्द्धन गर्न यो सडक महत्वपूर्ण छ। कोरला-सुनौली व्यापारिक मार्गको रूपमा विकास गर्न ढिलाइ गर्न हुन्न।



शेरबहादुर केसी



*बुटवल*

बुटवलबाट मुस्ताङको जोमसोम एकै दिन पुग्ने कुरा केही वर्षअघिसम्म सम्भव नै थिएन। कालीगण्डकी करिडोर बनेसँगै अहिले २ सय ३२ किमी दुरीको बुटवल-जोमसोमयात्रा सहज भएको छ। अहिले बिहानै बुटवलबाट गाडी चढेर साँझसजिलै जोमसोम बास बस्न सकिन्छ। भोलीपल्ट बिहानै मुक्तिनाथ मन्दिरको दर्शन गरी सुन्दर मुस्ताङ घुमेर घुमेर रमाउन सकिन्छ।

गैंडाकोट-कोरला ४ सय ४५ किमि कालीगण्डकी करिडोरको निर्माणले स्थानीय बासिन्दाको दैनिकीमा सहज भएको छ। पर्यटन प्रवर्द्धन बढ्दै जाँदा ग्रामीण अर्थतन्त्र चलायमान भएको छ। कृषि उत्पादनको बजारीकरण गर्न सहज भएको छ।

थासाङ गाउँपालिकाका अध्यक्ष प्रदीप गौचन यो सडक निर्माणले विकट हिमाली जिल्ला मुस्ताङवासीको कष्टकर दैनिकीमा सुधार आएको बताए। कालीगण्डकी करिडोरको निर्माणले मुस्ताङमा घुम्न आउने पर्यटक बढेका छन्। अहिले ठाउँ-ठाउँमा नयाँ होटल खुलिरहेका छन्। गौचनका भनाइमा यहाँको आलु, सिमी र स्याउले बजार पाएको छ। मुस्ताङको स्याउ र आलु अहिले काठमाडौं र बुटवलसहित देशका विभिन्न ठाउँमा सहजै पुऱ्याउन सम्भव भएको छ।

बुटवलबाट पोखरा, बेनी, बाग्लुङ गाडी चले पनि बुटवलबाट बिहानै हिंड्दा साँझ बल्ल बाग्लुङ पुगिन्थ्यो। कालीगण्डकी करिडोरको निर्माणले अहिले दिनभरलाग्ने यो यात्राको समय छोटिएको छ। बागलुङबाट बिहान ७ बजे छुटेको बस कालीगण्डकी करिडोर मालढुंगा हर्मिचौर-रिडी हुँदै दिउँसो एक बजे बुटवल आइपुग्छ। 'अब बिहानै बाग्लुङबाट बुटवल आएर केही घण्टा बिताएर कामकाज गरी रातीसम्म बागलुङ पुग्न सकिन्छ।'- बाग्लुङ बजारका व्यवसायी थानेश्वर घिमिरेले भने।

थासाङ गाउँपालिकाका अध्यक्ष गौचनका भनाइमा अहिले उपल्लो मुस्ताङको लोमान्थाङ हुँदै चीनसम्मको कोरालानाका गाडी चढेर सजिलै पुग्न सकिन्छ। नवलपरासी पूर्वको गैंडाकोटबाट सुरु भएर पाल्पा, गुल्मी, बाग्लुङ, पर्वत म्याग्दी र मुस्ताङलाई कालीगण्डकी करिडोरले जोडेको छ। कालीगण्डकी करीडोरको पूर्वी नवलपरासीमा ८७ किलोमिटर, पाल्पामा ७८, गुल्मीमा ४२, बाग्लुङमा ३८, पर्वतमा १३, म्याग्दीमा ४२ र मुस्ताङमा १४७ किलोमिटर पर्छ।

सरकारले राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी प्राथमिकतामा राखेको यो सडक निर्माणको काम दुई खण्डमा विभाजन गरी अघि बढाइएको छ।

नवलपरासी पूर्वको गैंडाकोटदेखि बागलुङको मालढुङ्गासम्म २ सय ९३ किमि सडकको काम गैंडाकोट-राम्दी मालढुङ्गा सडक आयोजना कार्यालय पाल्पाले गरिरहेको छ। मालढुङ्गादेखि कोरलासम्मको २ सय २ किमि सडक निर्माणको काम मालढुङ्गा- बेनी- जोमसोम- कोरला सडक आयोजना कार्यालय जोमसोमले गरिरहेको छ।

कालीगण्डकी करिडोर गैंडाकोट- राम्दी मालढुङ्गा सडक आयोजना कार्यालय पाल्पाका प्रमुख शिवलाल दाहालका अनुसार, २०८२ पुष मशान्तसम्म आयोजनाको भौतिक प्रगति ७९ दशमलव ८६ प्रतिशत र वित्तीय प्रगति ७० दसमलव ६५ प्रतिशत रहेको छ। यो खण्डको राम्दी- रानीघाट १७ किमी सडक कटिङ गर्ने काम भइरहको छ। कालोपत्रेका लागि तयार हुँदैछ। गैंडाकोट– पिपलडाँडा १ सय ३१ किमि सडक पक्की सम्पन्न गरी सडक डिभिजन कार्यालयहरूलाई हस्तान्तरण भइसकेको छ। बलेवा- मालढुङ्गा खण्डको १० किमिमा कालोपत्रे भइरहेको छ। रानीघाटदेखि बलेवासम्मको सडक पक्की भइसकेको छ। यो खण्ड हस्तान्तरण हुन बाँकी छ। यो सडक खण्डमा बन्नुपर्ने ५९ पुलमध्ये ३६ वटा बनेका छन्। ६ वटा निर्माणाधीन छन्। १७ पुल बन्न बाँकी छन्।

कालीगण्डकी करिडोर मालढुङ्गा- बेनी, जोमसोम कोरला सडक आयोजना कार्यालय जोमसोमका प्रमुख तेजस्वी शर्माका अनुसार, यो खण्डको भौतिक प्रगति ८५ र वित्तीय प्रगति ८२ प्रतिशत छ। मालढुङ्गादेखि बेनीसम्मको १३ किमि सडक पक्की छ। कालीपुलदेखि घाँसासम्मको ३५ किमि म्याग्दी खण्डको सडक पहिरो र कालीगण्डकीको कटानले जोखिमयुक्त छ। घाँसादेखि कागवेनीसम्म ४४ किमी पक्की भइसकेको छ। कागवेनीदेखि कोरलासम्म १ सय ७ किमि पक्की गर्न बाँकी छ।

यो खण्डमा रहेका २६ पुलमध्ये १६ वटा बनिसकेका छन्। १० वटा पुल मध्ये केहीको ठेक्का भइ काम समयमा नभएकोले ठेक्का तोडिएको छ। बेनीस्थित कालीगण्डकी नदी, भुरूङ खोला, तातोपानी, रूप्सेखोला, खहरे खोला, सुनखोला, बोक्सी खोला, थापा खोला र तान्बे खोलामा पुल बन्न बाँकी छ। दम्बा खोला, लस्ती खोला र लुंग्दी खोलाको पुल सानो भएकाले गाडी आवतजावत गर्न सहज नभएकाले नयाँ पुल बनाउनुपर्ने प्रमुख शर्माले जानकारी दिए। यो सडक निर्माण गर्न अहिलेसम्म २३ अर्ब रुपैयाँ खर्च भएको छ।

गुल्मीको कालीगण्डकी गाउँपालिका-३ हर्मिचौरका प्रेमलाल पाण्डेका अनुसार, सडक बनेपछि यो क्षेत्रको कायापलट भएको छ। सदरमुकाम तमघास आउजाउ गर्न, उपचारको लागि अस्पताल जान र गाउँको उत्पादन बजार पुऱ्याउन निकै सजिलो भएको छ। यो सडक नबन्दा गुल्मीको पूर्वी क्षेत्रलाई विकट मानिन्थ्यो। अहिले यहाँ पशुपालन र तरकारी खेती गरेर आम्दानी गर्ने बढेका छन्। यहाँका खसीबोका पोखरा र बुटवल बजारसम्म पुऱ्याउन थालिएको छ। स्थानीयस्तरमै शहरीकरण भएपछि तरकारी स्थानीय बजारमै खपत भएको छ।

कालीगण्डकी गाउँपालिकाका अध्यक्ष बेदबहादुर थापा अहिले यहाँबाट किवी, सुन्तला, खसीबोका र मह बजार जान थालेको बताउँछन्। पालिकाले अहिले लसुन उत्पादन बढाउन पकेट कार्यक्रम सुरु गरेको छ। 'हामीले अदुवा र लसुन बजार पठाउने गरी किसान लक्षित कार्यक्रम अघि सारेका छौं।'- उनले भने।

अध्यक्ष थापाका भनाइमा यो सडक बन्नु पहिले पूर्तिघाटबाट उपचारको लागि पाल्पा मिशन अस्पताल जानुपरे स्याङ्जाको गलेङसम्म दिनभर हिडेर पुग्नुपर्दथ्यो। त्यहाँबाट भोलीपल्ट गाडी चढेर तानसेन पुगिन्थ्यो। अहिले साढे दुई घण्टामै तानसेन पुगिन्छ।

डेढ दशक सदरमुकाम तमघासमा होटल चलाएर अर्वेनीका तिलाचन न्यौपाने गाउँ फर्केका छन्। उनले घर आँगनबाटै फराकिलो सडक बनेपछि ७० लाख खर्चेर घर बनाएका छन्। उनले यहाँ होटल चलाएका छन्। करिडोरमा यात्रा गर्ने बढेसँगै होटल राम्रै चल्ने उनको अपेक्षा छ।

पूर्वी नवलपरासीको गैंडाकोटदेखि सुरु भए पनि यो सडक खासगरी सुनौली-कोरला चल्ने देखिन्छ। भारतबाट सुनौली नाका हुँदै आउने पर्यटक मुक्तिनाथ जानको लागि यो सबैभन्दा छोटो सडक हो। पाल्पाको तानसेनदेखि रानीघाटसम्मको १३ किमी सडक विस्तार गर्ने हो भने लुम्बिनी-मुक्तिनाथ पर्यटन मार्ग अझैं छरितो हुन्छ। यसले लुम्बिनी- मुक्तिनाथ पर्यटन प्रवर्द्धन गर्न सघाउ पुग्ने बुटवलका पर्यटन व्यवसायी माधव नेपाल बताउँछन्।

कालीगण्डकी सभ्यताका अध्येता कुलराज चालिसे कालीगण्डकीको किनारैकिनार निर्माणाधीन करिडोरलाई आर्थिक समृद्धिको 'लाइफलाइन' मान्छन्। चालिसेका भनाइमा कालीगण्डकी नदीको देवघाटदेखि दामोदरकुण्डसम्म दर्जनौं धार्मिक र सांस्कृतिक स्थल छन्। ती स्थललाई करिडोरले जोडेको छ। अब ती धार्मिक स्थलमा धार्मिक पर्यटक पुऱ्याएर लाभ लिन सकिन्छ। तहगत सरकारले पर्यटन प्रवर्द्धनको योजना अघि बढाएर फाइदा लिन ढिलाइ गर्न हुन्न। धार्मिक र सांस्कृति स्थलमा धार्मिक पर्यटकलाई रम्न सक्ने वातावरण तयार गर्नुपर्ने उनको भनाइ छ। पर्यटन व्यवसायी नेपाल निजी क्षेत्रसँग साझेदारी गरी प्रवर्द्धनको काम गर्दा फाइदा लिन सकिने बताउँछन्।

रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाका भनाइमा कुनै बेला विकट पूर्वी पाल्पाले अहिले मुहार फेरेको छ। कालीगण्डकी करिडोर बन्नुपहिले यहाँबाट सदमुकाम तानसेन जानुपरे सिलुवा ताहुँ आर्यभञ्जाङ हुँदै चारदेखि पाँच घण्टाको यात्रा गर्नुपर्दथ्यो। अहिले पिपलडाँडा हुँदै साढे दुई घण्टामा तानसेन पुग्न सकिन्छ। नारायणगढ जानुपरे बर्तुङ हुँदै बुटवल पुगेर जानुपर्दा दिनभर लाग्दथ्यो। अहिले दुई घण्टामै नारायणगढ पुग्न सकिन्छ।

नवलपरासी पूर्वका दुर्गमबस्ती बुलिङटार, डेढगाउँ, रूचाङलगायतका बस्ती अहिले सुगम भएका छन्। कुनै बेलाको विकट गाउँमा कालोपत्रे फराकिलो सडक पुगेपछि समाजमा धेरै परिर्वतन देखिएको बुलिङटारका विद्रोही गिरी बताउँछन्। करिडोरले लुम्बिनी र गण्डकी प्रदेशका ६ जिल्लाका २० लाख बढी जनसंख्यालाई सिधा सडक सञ्जालमा जोडेको छ।

सामाजिक अभियान्ता टीकाराम ढकाल कालीगण्डकी करिडोर एक धार्मिकमार्ग भएको बताउँछन्। उनका भनाइमा लुम्बिनीबाट मुक्तिनाथ हुँदै मानसरोवर जानलाई यो सडक सजिलो मार्ग हो। चीनका बौद्धमार्गीहरू भगवान् गौतमबुद्धको पवित्र जन्मभूमि लुम्बिनीमा यही सडक हुँदै ल्याउन सकिन्छ। साढे दुई दशक अघि यो सडकको परिकल्पना गरेका ढकालको भनाइमा कालीगण्डकी करिडोरले पवित्र कालीगण्डकी नदी क्षेत्रमा रहेको रूरू क्षेत्र बाग्लुङ कालिका मन्दिर, गलेश्वर, मुक्तिनाथ मन्दिरजस्ता धार्मिक पर्यटकीय क्षेत्रको विकासमा टेवा पुगेको छ। करिडोर क्षेत्रमा केलादीधाम, राम्दीघाट, रानीघाट, रूद्रवेणी, सेतीवेणी, पूर्तिघाट, ज्यामिरेघाट, पाल्पा भैरवस्थान, बागलुङ कालिका, गलेश्वरधाम, कागबेनी, मुक्तिनाथ, दामोदर कुण्डजस्ता महत्वपूर्ण तीर्थस्थल पर्छन्।

# बगनासकालीमा के-के बने पूर्वाधार ?








*पाल्पा*

पूर्वाधार क्षेत्रमा बगनासकाली गाउँपालिकाले ठुलो लगानी गरेको छ। टोल टोलमा बाटो पुऱ्याउने, वडा कार्यालयसम्मका बाटोहरू स्तरउन्नति गर्दै कालोपत्रे गर्ने, वडा कार्यालयहरू निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, विद्यालय भवनहरू निर्माण, सिँचाइको लागि ट्यांकी तथा पक्की कुलो निर्माण, झोलुङ्गे तथा ट्रस पुल निर्माणदेखि १५ शैयाको अस्पताल र पालिकाको प्रमुख प्रशासकीय भवन निर्माणसम्मका काम भएको गाउँपालिका अध्यक्ष सरस्वती चिदी दर्लामीले बताइन्।

**वडा कार्यालयदेखि प्रमुख प्रशासकीय भवन**

२०७४ सालको स्थानीयतह निर्वाचनसँगै बगनासकाली गाउँपालिकाले पूर्वाधार क्षेत्रमा सबैभन्दा धैरै बजेट विनियोजन गरी कार्यान्वन गरेको छ। पालिकाले ९ वटै वडामा गुणस्तरीय वडा कार्यालय निर्माण गरी नियमित सेवा प्रदान गर्दै आएको छ। हालै मात्र प्रमुख प्रशासकीय भवन निर्माण पूरा गरी सञ्चालनमा ल्याएको छ।

**पालिकाको सबै स्वास्थ्य चौकीमा गुणस्तरीय भवन**

पालिकाको सबै वडामा स्वास्थ्य चौकीभवनहरू निर्माणमा प्राथमिकता दिएका छ। पछिल्लो समय वडा नम्बर ८ बराङ्दीमा भवन निर्माण भैरहेको अवस्था छ भने सबै वडामा स्वास्थ्य चौकी भवनहरू निर्माण गरिसकेको अवस्था छ। अहिले वडा नं. १ को चिरतुङ्गधारामा १५ वेडको पालिका अस्पताल निर्माण भइरहेको छ। यो सम्पन्न भइसकेपछि त्यही हस्पिटलबाट नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन बगनासकाली गाउँपालिका जुटेको उपाध्यक्ष हरिप्रसाद पाठकले बताए।

**सडक पूर्वाधार**

२०७४ अघि सडक संरचनाअन्तर्गत ९ वटै वडा कार्यालयहरू, सबै विद्यालयहरू तथा बस्तीस्तरमा सडक नपुगेको अवस्था थियो। बगनासकाली गाउँपालिकाले सबै वडामा वडा कार्यालय जोड्ने, स्वास्थ्यचौकी, विद्यालय जोड्ने र बस्तीस्तरले जोड्ने मोटर बाटाहरू बनाउनु पर्छ भनेर सडक सञ्जाल निर्माण ठुलो रकमखर्च गरेको अध्यक्ष सरस्वती चिदीदर्लामीले बताइन्।

**सबै वडामा कालोपत्रे सडक**

बगनासकाली गाउँपालिकाले ९ वटै वडामा कालोपत्रे तथा ढलाइ सडक निर्माण कार्य सुरु गरेको छ। वडा नं. १ चिरतुङ्गधारा, वडा नं. पोखराथोक, वडा नं. ३ नायर, वडा नं. ४ खानीछाप, वडा नं ५ दर्लामडाँडा, वडा नं. ६ यम्घा, वडा नं. ७ खानीगाउँ, वडा नं. ८ बराङ्दी र वडा नं. ९ चापपानीमा एक किलोमिटरदेखि ५ किलोमिटरसम्म सडक पिचभएको प्रमुख प्रशासकीय अधिकृत प्रकाश पाण्डेले बताए। सबै वडामा पक्की बाटो, बाटो पिच गर्ने, ग्राभेल गर्ने, ढलान गर्ने कार्यहरू भएका छन्।

त्यसैगरी वडा नम्बर ४ को एउटा महत्वपूर्ण बाटो एउटा चिलाङ्दीदेखि नायर चौपारी, खानी छाप, राम्दीजोड्ने महत्वपूर्ण बाटो यसलाई पनि हामीले पिचको काम संघीय समपुरक अनुदान प्रत्येक वर्ष निरन्तर लगानी गरेको छ। उक्त सडकमा यो वर्ष १० करोडको बजेट स्वीकृत भएर ठेक्का प्रक्रिया भएर काम शुभारम्भ भइसकेको छ। त्यसैगरी वडा नम्बर ५ मुख्य बाटाहरू पिच गर्ने काम सुरुवात भएको छ। वडा नम्बर ६ का मुख्य बाटाहरू दुईवटा बाटो, दुइटै बाटो पिचको सुरुवात भएको छ।

त्यसैगरी वडा नम्बर ७, ८ र ९ का विभिन्न मुख्य बाटाहरू पिच गर्ने, स्तरउन्नति गर्ने कामहरू भएका छन्। पूर्वाधार विकासको क्षेत्रलाई नै प्राथमिकता दिएर बगनासकाली गाउँपालिकाले विभिन्न कामहरू गरिरहेको अवस्था छ। हामीले सुरुवात भएका यो पूर्वाधार निर्माणका कामहरूलाई यसलाई पूर्णता दिनको लागि हामीले आगामी वर्षमा पनि बजेट सुनिश्चित गरेर यसलाई पूर्णतादिने भनेर हामीले त्यो खालको योजना रहेको पालिका अध्यक्ष चिदीले जानकारी दिइन्।

**शैक्षिक क्षेत्रमा भौतिक पूर्वाधारको अवस्था**

गाउँपालिकलो शैक्षिक क्षेत्रमा पनि विद्यालयका संरचनाहरू निर्माणमा प्राथमिकता दिएर काम गर्दै आएको छ। गाउँपालिकामा ३० वटा सामुदायिक विद्यालयहरू छन्, जसमा १० वटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा आवश्यक पर्ने भौतिक संरचनाहरू निर्माण भएका छन्।

वडा नम्बर १ मा एउटा मावि र एउटा आधारभूत विद्यालय छन्। संरचनालाई मर्मत सम्भार गर्ने र आवश्यकताअनुसार नयाँ निर्माणअन्तरगत ४ कोठे भवन निर्माण भएको छ। वडानम्बर ३ मा एउटा मावि र एउटा आधारभूत विद्यालय छ र ती विद्यालयमा पनि मर्मतका कार्यहरू र ट्रसहरू बनाउने एउटा थप भवन, पुरानो भएको भवनलाई केही मर्मत सम्भारको काम र थप एउटा भवन निर्माण भएको छ। त्यसैगरी वडा नम्बर ४ देखि ९ का सबैमा विद्यालयहरूमा थप केही ४ कोठे भवनहरू निर्माण भएको अवस्था छ भने केही मर्मत सम्भारको काम र ट्रसहरू बनाउन र कम्पाउन्डिङ गर्नेलगायतका विभिन्न कामहरू सम्पन्न भइसकेका छन्।

**सिँचाइ तथा पुल निर्माण**

बगनासकाली गाउँपालिकाले वडा नं. १ देखि वडा नं. ३ को माडीफाँटमा सिँचाइको लागि प्रत्येक वर्ष पक्की सिँचाइ कुलो निर्माण गर्दै आएको छ। वडा नं. ६ दैलातुङ्ग, दरपुक क्षेत्रमा पनि पक्की कृषि कुलो निर्माण गर्दै आएको छ। पालिकाले करिब १० खोला कल्भर्ट र २ वटा झोलुङ्गे पुल निर्माण गरेको छ। अधिकांश स्थानमा खानेपानी ट्यांकी निर्माण भएका छन्।

# भौतिक पूर्वाधारमा अब्बल रामपुर







*पाल्पा*

**सुरक्षित पूर्वाधार सहितआवास तथा बस्ती विकास**

खररहित घरः रामपुर नगरपालिकाले ७२१ विपन्न परिवारलाई जस्तापाता वितरण गरी खरको छानो मुक्त बनाएको छ। काठमाडौँका नदीहरूको प्रदूषणबाट पाठ सिक्दै कालीगण्डकी नदीलाई सफा राख्न हरेक घर घरमा सेफ्टी ट्याङ्की र सकफिट अनिवार्य गरेर घर तथा भवन निर्माण गरिएको छ। करिब ३ करोड लगानीमा नगरपालिकाका सबै क्षेत्रमा विद्युतीकरण गरी उज्यालो शहर बनाईएको छ।

.पूर्वाधार मार्फत कृषि तथा पशुपालनमा आधुनिकरण

५ रोपनी क्षेत्रफलमा हाइटेक प्रविधिबाट बेर्ना उत्पादन गरी कृषकहरूलाई निःशुल्क वितरण र कृषि विद्यार्थीहरूलाई प्रयोगात्मक शिक्षा प्रदान गरेको छ। पाल्पा जिल्लाकै सबैभन्दा ठूलो ३०० मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गरिएको छ। जहाँ हाल आलु भण्डारण गर्ने व्यवस्था रहेको छ। छाडा गाईगोरू व्यवस्थापनका लागि गौशाला निर्माण गरी हाल २०० भन्दा बढी गाईवस्तु पालिएका छन्।

**पूर्वाधार निर्माण (सडक पुल तथा ताल )**

रामपुर नगरपालिकाले सबै वडा टोल बस्ती सडक पुऱ्याउनको लागि १ सय ७१ किलो मिटर सडकमा ग्राभेल र नगरभित्र हालसम्म ३८ दशमलव २७७ कि.मी. सडक कालोपत्रे भएको छ। पालिकाभित्र ३२ वटा पुल तथा कल्भर्ट र ५ वटा झोलुङ्गे पुलहरू निर्माण गरिएका छन्। ३५० वटा खानेपानी योजना र १३ हजार ७ सय १४ मिटर सिँचाइ कुलो निर्माण भएको नगरप्रमुख रमणबहादुरथापालेबताए। रामपुर नगरपालिकाको सहयोगमा ६८ रोपनीमा फैलिएको मानव निर्मित काललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गरिएको छ।

५० वर्षदेखि लालपुर्जा नपाएका बेझाड, किसानबारी र विजयपुर बजार क्षेत्रका ७४६ घरधुरीलाई रामपुर नगरपालिकाको सहयोगमा जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको नगरप्रमुख थापाले बताए।

**अपाङ्गमैत्री भवन तथा जेष्ठ नागरिक भवन निर्माण**

अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जनका लागि रोजगारी तर्फ अनलाइन फारम भर्ने र अन्य सेवादिने गरी अपाङ्गमैत्री भवन निर्माण गरिएको छ। वृद्धवृद्धाहरूका लागि विशेष सिकाइ केन्द्रको रूपमा ज्येष्ठ नागरिक स्कुल सञ्चालनमा रहेको छ। नगरपालिकाले ज्येष्ठ नागरिकहरूलाई घरबाट स्कुलसम्म ल्याउन र पुऱ्याउन गाडीको व्यवस्थासहितका पूर्वाधारहरूको विकास गरेको नगर उप-प्रमुख बालकुमारी थापाले बताइन्।

**स्वास्थ्य पूर्वाधार**

रामपुर नगरपालिकाले रामपुर अस्पतालमा ५ वटा मेसिन खरिद गरेर डाइलासिस सेवा सुरु गरेको छ, जसबाट दैनिक १२-१५ जनाले सेवा पाइरहेका छन्। नगरपालिका र कतार च्यारिटीको सहयोगमा दुईवटा एम्बुलेन्स सञ्चालनमा छन्। सबै वडामा स्वास्थ्य चौकी निर्माण भई गुणस्तरीय सेवा सञ्चालनमा रहेको छ।

**पूर्वाधार विकास**

लुम्बिनी प्रदेशका चारवटा मुख्य शहरमध्ये रामपुरलाई पूर्वाधार विकासका लागि छनोट गरिएको छ। यसअन्तर्गत २६ करोड ७१ लाख रुपैयाँको बजेटमा सडक पिच गर्ने र बजार क्षेत्रको सुधारका कामहरू भइरहेका छन्।

गतवर्ष ८ किलोमिटर बाटो पिच भइसकेको र बाँकी कामहरू संघीय तथा प्रदेश सरकारको समपूरक बजेटबाट जारी रहेको प्रमुख प्रशासकीय अधिकृत सूर्यदर्शन पण्डितले बताए। रामपुर नगरपालिकाले प्रमुख प्रशासकीय भवन निर्माण सम्पन्न गरेर विगत केही वर्षदेखि नै सञ्चालनमा रहेको छ। १० वटै वडामा व्यवस्थित वडा कार्यालयहरू निर्माण भएका छन्।

**आमा घर निर्माणको चरणमा**

रामपुर नगरपालिकाले अब 'आमा घर' सञ्चालनको तयारीमा जुटेको छ। आमा घर भनेको असहाय, अशक्त कोही पनि छैनन् भने तिनीहरूलाई त्यहाँ पाल्ने, खाने, बस्ने सबै व्यवस्था नगरपालिकाले गर्छ।

**पर्यटकीय पुर्वाधार निर्माण**

कालीगण्डकीको राम्दीदेखि तल्लो देवघाटसम्म भारतीय धार्मिक पर्यटकहरूलाई लक्षित गरेर कालीगण्डकी करिडोर पदमार्ग निर्माणमा रामपुर नगरपालिका जुटेको छ।

रामपुर नगरपालिका क्षेत्रभित्र ३४ किलोमिटर यो पैदल मार्ग पर्दछ। कालीगण्डकी पैदल यात्रा भनेर ट्र्याक खोलिएको छ, त्यसमा ढुङ्गा बिछ्याउने कामहरू, ठाउँ-ठाउँमा कोसेली घर बनाउने कामहरू, शौचालय, स्नान गृहको लागि डीपीआर तयार गरेर साढे २ करोडको टेण्डर भएको छ। अहिलेसम्म, संघीय सरकार र रामपुर नगरपालिकाको बजेटअन्तर्गतको करिब ७ करोड जतिको काम भइसकेको छ।

रामपुर नगरपालिकाभित्र मात्र पदमार्ग सम्पन्न गर्न ५५ करोडको बजेट लाग्ने छ। अहिले ट्र्याक खोल्ने काम र ठाउँ-ठाउँमा मठमन्दिरसँग जोडिएका ठाउँहरूमा यो इन्टरलकहरू बिछ्याउने काम, ढुङ्गा बिछ्याउने कामहरू भएको रामपुर नगरपालिकाले जनाएको छ।

३७ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।



BYD

Enlightel Motors Pvt.Ltd.

kalikanagar Butwal, 9857031014

३७ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछौं।

बुष्टर फिड इण्डष्ट्रिज प्रा.लि.

सियारी –१, चिलीया, रूपन्देही




३७ औं

लोकतन्त्र, सामाजिक न्याय र राष्ट्रियताको मुद्दामा सदैव प्रष्ट अडान राख्दै आएको दैनिक लुम्बिनी ३७औं बसन्त पार गरी ३८औं बसन्त प्रवेशको अवसरमा हार्दिक बधाई तथा सफलताको शुभकामना व्यक्त गर्दछु।



पुनमकुमारी अग्रवाल

प्रतिनिधिसभा सदस्य

# जनताका आधारभूत विकासका योजनामा केन्द्रित छौं



**खेलराज पाण्डेय**
**नगरप्रमुख**
**बुटवल उप-महानगरपालिका**

बुटवल निकै लामो इतिहास बोकेको क्षेत्र हो । साविकको लुम्बिनी अञ्चलको एकमात्रै व्यापारिक केन्द्रको रूपमा रहेको बटौली अर्थात् बुटवल क्षेत्रमा हुने हरेक कार्य अहिले आएर लुम्बिनी प्रदेश मात्रै होइन, देशभरनै अर्थ राख्ने गरी हुन थालेका छन् । बुटवल उप-महानगरपालिकाको विकास यात्राबारे चासो र चर्चा बढिरहेका बेला नगरप्रमुख खेलराज पाण्डेयसँग दैनिक लुम्बिनीका लागि आचार्य प्रदीपले कुराकानीहरू गरेका छन् । बुटवलको वर्तमान अवस्थादेखि भविष्यको दिशासम्मको बहसलाई समेटेका छन् ।

**» *तपाईंको कार्यकाल अब अन्त्यतिर पुग्दैछ । यस अवधिमा बुटवलको विकासलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ?***

मूल्याङ्कन गर्दा हामीले सुरुमा लिएको दृष्टिकोण सम्भिनुपर्छ । हामीले कहिल्यै पनि देखावटी विकास गर्ने नीति लिएका थिएनौं । बरू जनताको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने कामलाई प्राथमिकता दिने निर्णय गरेका थियौं । त्यस अनुसार वडाबाट आएका सिफारिस, स्थानीय आवश्यकता र जनगुनासालाई आधार बनाएर योजना बनाइयो । आज धेरै ठाउँमा सडक स्तरीकरण भएको छ, नाली र कल्भर्ट निर्माणले वर्षायामको समस्या घटाएको छ, विद्यालयमा कक्षाकोठा थपिएका छन् र स्वास्थ्य सेवामा पहुँच विस्तार भएको छ । यी सबै कामहरू सायद प्रचारमा कम आएका होलान्, तर नागरिकको जीवनमा प्रत्यक्ष असर पारिरहेका छन् ।

**» *शहर व्यवस्थापनमा प्रविधिको प्रयोगबारे तपाईंको अनुभव कस्तो रह्यो ?***

हामीले बुटवललाई क्रमशः प्रविधिमैत्री शहर बनाउने प्रयास गरेका छौं । "उज्यालो बुटवल" अभियान अन्तर्गत हाइ मास्ट लाइट जडान गरिएको छ । ट्राफिक व्यवस्थापनका लागि ट्राफिक लाइट राखिएको छ, सुरक्षाका लागि सिसी क्यामेरा विस्तार गरिएको छ र सूचना प्रवाहका लागि डिजिटल डिस्प्ले बोर्ड जडान गरिएको छ । तर यथार्थ के हो भने, यी सबै काम स्थानीय तहले मात्र चाहेर पूर्ण रूपमा सफल हुँदैनन् । सडक विभागले समयमै सडक निर्माण र मार्किङ नगर्दा ट्राफिक लाइट सञ्चालनमा समस्या आएको छ । यसले समन्वयको अभाव कत्तिको गम्भीर छ भन्ने देखाउँछ ।

**» *कतिपयले भन्छन् तपाईंको कार्यकालमा ठूला र देखिने संरचना कम बने । यसलाई तपाईं कसरी लिनुहुन्छ ?***

त्यो आलोचना मैले सुनेको छु । तर म त्यसलाई फरक रूपमा बुझ्छु । लोकप्रिय बन्नका लागि ठूला भवन बनाउनु सजिलो हुन्छ, तर त्यो दिगो विकास होइन । हामीले प्राथमिकता दिएको कुरा आधारभूत संरचना हो । जबसम्म नाली व्यवस्थित हुँदैन, सडक राम्रो हुँदैन, खानेपानी र सिँचाइको व्यवस्था मिल्दैन, तबसम्म शहरको विकासको आधार बलियो हुँदैन । त्यसैले हामीले "आधार निर्माण" मा ध्यान दिएका हौं, न कि केवल देखिने संरचनामा ।

**» *वास्तवमा नै के-के भए त पूर्वाधार विकासतर्फका काम ?***

बुटवल उप-महानगरपालिकाले पछिल्ला केही वर्षमा पूर्वाधार विकासमा अभूतपूर्व प्रगति हासिल गरेको छ । सडक, खानेपानी, विद्युत्, सार्वजनिक भवन र शहरी सौन्दर्यीकरणका क्षेत्रमा व्यापक काम अघि बढाइएको छ । मुख्य सडकहरूमा पिच, ग्राभेल, इन्टरलक टायल र नाली निर्माण गरी यातायातमैत्री वातावरण सिर्जना गरिएको छ भने हाइमास्ट लाइट जडान र विद्युत् लाइन विस्तारमार्फत् रात्रिकालीन उज्यालोपन सुनिश्चित गरिएको छ । यससँगै नगरभित्रका वडाहरूमा वडा कार्यालय, स्वास्थ्य केन्द्र, आधारभूत विद्यालय र मठमन्दिरहरूको निर्माण तथा मर्मतसम्भार सम्पन्न गरिएको छ ।

नगरपालिकाले ७० किलोमिटर सडक पक्की, ४० किलोमिटर ग्राभेल सडक, ३० किलोमिटर नाली निर्माण र १८ किलोमिटर खानेपानी पाइपलाइन विस्तार जस्ता ठूला परियोजनाहरू पूरा गर्दै शहरको आधारभूत पूर्वाधार मजबुत बनाएको छ । विद्यालयहरूको भौतिक पूर्वाधारमा नयाँ भवन, कम्प्युटर सुविधा, आइसिटी ल्याब र विद्यार्थीहरूको आवश्यकताअनुसार फर्निचर र ड्रेस वितरण गरिएको छ । स्वास्थ्य क्षेत्रमा पनि बुटवल उपमहानगरपालिकाले १८ वटा शहरी स्वास्थ्य केन्द्र सञ्चालन गर्दै न्यूनतम स्वास्थ्य सेवा आम बुटवलबासीसम्म पुऱ्याएको छ ।

सडक र यातायात व्यवस्थापन, बसपार्क र सार्वजनिक स्थलहरूको सुधार, धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण र पर्यटन प्रवर्द्धनको काम पनि अघि बढाइरहेको छ । बुटवललाई आधुनिक, व्यवस्थित र व्यवसायमैत्री शहर बनाउन हाटबजार, औद्योगिक क्षेत्र र कृषि-व्यावसायिक केन्द्रहरू निर्माणमा विशेष ध्यान दिइएको छ ।

यसैगरी, सुकुम्बासी र अव्यवस्थित बसोबासको नापजाँच, सुरक्षित स्थलमा बसाइसराइ र नगरभित्र हरियाली पार्क, सामुदायिक वन र रात्रिकालीन रोशन शहर बनाउने योजना पनि लागू भइरहेका छन् । यस समग्र विकासमा नगरपालिकाले ठूलो बजेटको प्रयोग गर्दै २०८१/०८२ सम्म हजारौं योजना सम्पन्न गरेको छ र नयाँ परियोजनाहरूको लागि बजेट सुनिश्चित गर्दै निरन्तर काम गरिरहेको छ । बुटवलको यो व्यापक पूर्वाधार विकासले शहरलाई मात्र नभई यहाँ बस्ने बासिन्दालाई पनि प्रत्यक्ष लाभ पुऱ्याइरहेको छ । सडक, प्रकाश, स्वास्थ्य, शिक्षा, सुरक्षा र व्यवसायमैत्री वातावरण निर्माणको संयोजनले बुटवललाई आधुनिक र दिगो विकासको नमुना बनाउँदै भविष्यतर्फ अग्रसर गराएको छ ।

**» *सडक र शहरी विकासको दीर्घकालीन योजना के छ ?***

अबको बुटवललाई हामीले केवल सवारीसाधनमैत्री होइन, मानवमैत्री शहरका रूपमा विकास गर्नुपर्छ भन्ने सोच राखेका छौं । त्यसैले अहिले निर्माण भइरहेका सडकहरूमा फुटपाथ, स्ट्रिटलाइट र सुरक्षित आवागमनका प्रावधान अनिवार्य गरिएका छन् । बेलवास- बेथरी सडकका लागि संघीय सरकारबाट बजेट आएको छ र सेमदार कृषि केन्द्रको काम पनि अघि बढिरहेको छ । हामीले बुटवल-नुवाकोट सडकमा साइकल लेन बनाउने योजना पनि अघि सारेका थियौं, तर बजेट अभावका कारण त्यो रोकिएको छ । समग्र रूपमा हेर्दा बुटवललाई व्यवस्थित शहर बनाउन ठूलो लगानी आवश्यक छ, तर संघीय र प्रदेश सरकारसँग समन्वयको अभावले धेरै काम प्रभावित भएका छन् ।

**» *तपाईंहरूले अपनाएको साझेदारी मोडल कत्तिको प्रभावकारी रह्यो ?***

सार्वजनिक निजी साझेदारी ४ पि मोडल हाम्रो लागि बाध्यता पनि हो र आवश्यकता पनि । सार्वजनिक, निजी र जनसहभागिता बिना विकास सम्भव छैन । तर हाम्रो समाजमा अझै पनि "सरकारले सबै गर्छ" भन्ने सोंच बलियो छ । मानिसहरूले घरअगाडि फोहोर राख्छन् र नगरपालिकालाई दोष दिन्छन्, तर आफैं डस्टबिनसम्म लैजान चाहँदैनन् । हामीले नियमित रूपमा सरसफाइ अभियान सञ्चालन गरिरहेका छौं, तर दीर्घकालीन समाधानका लागि नागरिकको व्यवहार परिवर्तन अपरिहार्य छ ।

**» *सडक अतिक्रमण र जथाभावी पार्किङ्जस्ता समस्यालाई कसरी नियन्त्रण गर्नुहुन्छ ?***

यो समस्या बुटवलमा मात्र होइन, धेरै शहरमा छ । तर अब हामी कडा रूपमा प्रस्तुत हुने तयारीमा छौं । सडक पेटीमा व्यापार गर्ने र जथाभावी पार्किङ गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिनेछ । नियम उल्लङ्घन गर्नेहरूमाथि कारबाही गरिनेछ । साथै, यस्ता गतिविधि नियन्त्रणमा सहयोग गर्ने नागरिकलाई प्रोत्साहन दिने योजना पनि बनाइएको छ । यसले शहर व्यवस्थापनमा जनताको सहभागिता बढाउने विश्वास लिएका छौं ।

**» *संघीय सरकारले निर्माण गरेका संरचनाहरूको उपयोग किन हुन सकेको छैन ?***

यो हाम्रो ठूलो गुनासोको विषय हो । स्थानीय सरकारलाई जिम्मेवारी नदिँदा ती संरचनाहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । यदि ती संरचना स्थानीय तहलाई हस्तान्तरण गरिए भने हामीले आवश्यक कार्यविधि बनाएर सञ्चालन गर्न सक्छौं । तर अहिले केन्द्रमा नियन्त्रण राख्ने प्रवृत्तिले समस्या सिर्जना गरेको छ । विकासका लागि समन्वय आवश्यक हुन्छ, नियन्त्रण होइन ।

**» *बजेट व्यवस्थापनमा कस्ता चुनौती छन् ?***

हाम्रो बजेटको ठूलो हिस्सा पूर्वाधार र मानव विकासमा खर्च हुन्छ । तर त्यसको उल्लेख्य भाग कर्मचारीको तलब र सामाजिक सुरक्षामा जान्छ । त्यसैले विकासका लागि छुट्याउन सकिने रकम सीमित हुन्छ । शिक्षा क्षेत्रमा गरिएको लगानी सकारात्मक पक्ष हो, तर समग्र विकासका लागि अझै स्रोतको आवश्यकता छ ।

**» *अन्त्यमा, बुटवलवासीका लागि तपाईंको सन्देश के छ ?***

बुटवललाई राम्रो शहर बनाउने जिम्मेवारी केवल जनप्रतिनिधिको होइन । यो सबैको साझा दायित्व हो । नागरिक जिम्मेवार भए, निजी क्षेत्रले साथ दियो र सरकारबीच समन्वय भयो भने बुटवललाई देशकै नमूना शहर बनाउन सकिन्छ। हामीले प्रयास गरिरहेका छौं, तर यसको सफलताका लागि सबैको साथ आवश्यक छ ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com